सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ फागुन २०८०, बुधबार (14 Feb 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

क्षमता १३ सिट, यात्रु २६

उकालोमा 'ओभरलोड' नथेग्दा जिप दुर्घटना, १० ले गुमाए ज्यान

नयाँ पत्रिका

१३ जनाको सिटपास जिपमा २६ यात्रु थिए । छतमा राखिएका चामलका बोरा र तेलका पेटीले अझै बोझ बढाएको थियो । उकालो कच्ची सडकमा 'ओभरलोड' थेग्न नसक्दा जिप दुर्घटनामा पऱ्यो ।

पाल्पाको तिनाउँ गाउँपालिका- ६ मस्याममा मंगलबार भएको दुर्घटनामा १० जनाको मृत्यु भएको छ भने १६ यात्रु घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी डिएसपी सुगन्ध श्रेष्ठका अनुसार आठजनाको घटनास्थल र दुईजनाको उपचारका क्रममा तानसेनस्थित लुम्बिनी मेडिकल कलेजमा मृत्यु भएको हो । घाइतेको मेडिकल कलेजमा उपचार भइरहेको छ ।

तानसेनबाट तिनाउँको शिखरडाँडाका लागि छुटेको लु.१ज २३७१ नम्बरको जिप गन्तव्यनजिकै मंगलबार पौने ५ बजे दुर्घटनामा परेको हो । प्रहरीका अनुसार दुर्घटनामा पाल्पाका सात र रुपन्देहीका तीनजनाको मृत्यु भएको छ । तिनाउँ गाउँपालिका- ६ मस्यामकी ६० वर्षीया यनकुमारी पन्त, सोही ठाउँका ३९ वर्षीय रामबहादुर अस्लामी, ६७ वर्षीय कृष्णबहादुर अस्लामी, २८ वर्षीया उर्मिला अस्लामी र तिनाउँ- २ खुर्सानेकी २० वर्षीया गीता सुनारको ज्यान गएको प्रहरीले जनाएको छ । पाल्पाकै रिब्दीकोट गाउँपालिका- १ ख्याका ६५ वर्षीया दिलकुमारी सुनार र सोही ठाउँकी ६६ वर्षीया विष्णुकला कामीको पनि ज्यान गएको छ । त्यस्तै, रुपन्देहीको बुटवल उपमहानगरपालिका- १४ तामनगरका

» पृष्ठ ११ मा क्रमशः

■ सरकारी जग्गामा बनाइएको लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी हस्पिटल

६ वर्षदेखि बन्द, सम्पत्ति फिर्ता गर्न आनाकानी

सुनसरीको दुहबी नगरपालिकाले कि अस्पताल चलाउन कि सम्पत्ति फिर्ता गर्न पटक-पटक ताकेता गरे पनि लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी हस्पिटल ट्रस्टका अध्यक्ष वसन्त चौधरीद्वारा आलटाल, स्थानीयको उजुरीपछि अख्तियारले छानबिन गर्दै

■ तत्कालीन गाविस अध्यक्षसहित १२ विरुद्ध अख्तियारमा उजुरी, धेरैको भइसक्यो बयान

सुनसरीमा **आरबी कटवाल**
काठमाडौंमा **नवराज मैनाली**

सुनसरीको दुहबीमा चौधरी समूहले ३० वर्षअघि करिब आधा बिघा सरकारी जग्गा र त्यसमा बन्दै गरेको भवन लिएर बनाइएको लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी हस्पिटल अलपत्र परेको छ । मातापिताका नाममा खोलिएको अस्पताल सुरुमा राम्रै चलाइएको थियो, त्यसपछि चल्दै, बन्द हुँदै भयो । ६ वर्षदेखि त पूर्ण रूपमा बन्द गरिएको छ । सरकारी सम्पत्तिमा बनाइएको अस्पताल अलपत्र पारेपछि स्थानीयले छानबिनको मागसहित अख्तियारमा उजुरी दिएका छन् । दुहबी नगरपालिकाले पनि कि अस्पताल चलाउन कि घरजग्गा फिर्ता गर्न ताकेता गरेको छ । तर, सञ्चालकले आनाकानी गरिरहेका छन् ।

चौधरी समूहले ०५० मा तत्कालीन दुहबी आदर्श गाविस (हाल दुहबी नगरपालिका-५) बाट नौ कट्ठा आठ धुर जग्गा र निर्माणाधीन भवन च्यारिटी अस्पतालका नाममा ल्याएको थियो । त्यसका लागि लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी हस्पिटल ट्रस्ट गठन गरिएको थियो । जसको अध्यक्षमा सुरुदेखि हालसम्म पनि वसन्त चौधरी छन् । त्यस्तै, गौरीशंकर रौनियार, गुलाव अग्रवाल, राधाकिसन बोगटी, मदनकुमार प्रधान, किसनकुमार अग्रवाल, कृष्ण शाक्य, पल्टन भट्टाचार्य, रामानन्द

» पृष्ठ ११ मा क्रमशः



सुनसरीको दुहबी नगरपालिका- ५, दुहबीबजारस्थित नौ कट्ठा आठ धुर जग्गामा रहेको लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी हस्पिटल ।

■ भवन जीर्ण, सबै उपकरण अन्यत्र लगिए

अस्पतालले अहिले कुनै पनि सेवा दिँदैन । एकतले भवनका १० कोठा सबै खाली छन् । केही कोठालाई स्टोर रुम बनाइएको छ । प्रयोगविहीन भवन जीर्ण बन्दै गएको छ । अस्पतालबाट ०७४ अघि नै केही र करिब तीन वर्षअघिसम्म बाँकी रहेका सबै सामान सञ्चालक समूहले अन्यत्र लगेको स्थानीय बताउँछन् । मुख्य गेटलगायत संरचना पनि जीर्ण हुँदै गएका छन् । विगतमा अस्पतालमा करोडौंका उपकरणलगायत स्वास्थ्यसम्बन्धी सामग्री थियो । च्यारिटी अस्पताल भएकाले भन्सारसमेत छुट गरेर ती सामान ल्याइएको र हाल बेपत्ता बनाइएको एक स्थानीय जनप्रतिनिधिको आरोप छ । ट्रस्टका अध्यक्ष वसन्त चौधरीले काठमाडौंको थापाथलीमा नर्भिक अस्पताल चलाउँदै आएका छन् । बन्द अवस्थामा रहेको अस्पतालमा हाल एक अहेवसहित चारजना कर्मचारी छन् । सम्पत्ति रेखदेखका लागि उनीहरूलाई राखिएको हो । तीनजनाले चौधरी घरानाकै महालक्ष्मी मैदा मिल्स प्रालिबाट र एकजनाले श्री पशुपति बिस्कुट इन्डस्ट्रिजबाट तलब बुझ्ने गरेका छन् ।

बढी जग्गा योजनाबद्ध तरिकाले विभिन्न मितिमा कैफियतयुक्त गैरकानुनी निर्णयहरू गरी-गराई अनधिकृत व्यक्ति तथा संस्थाहरूका नाममा पुऱ्याएको दाबीसहित मुद्दा दायर भएको थियो ।

'...सरकारी जग्गामा कृत्रिम मोही खडा गरी



धनबहादुर कार्की,
उपरजिस्ट्रार, विशेष अदालत

बहस सकिइसकेको छ । तर, बुधबारका लागि हेर्दाहिर्दैमा राखिएको छ । सम्भवतः बिहीबार नै फैसला आउँछ ।

अनधिकृत व्यक्तिहरूलाई मोही कायम गर्ने, साबिकदेखिकै राजकुलो र बाटोसमेतको सार्वजनिक जग्गामा समेत मोही रहेको भनी गलत लिखत

» पृष्ठ ११ मा क्रमशः

● मेयर वेदप्रसाद गच्छदार भन्छन्-

अस्पताल चलाउनू, नत्र सरकारी सम्पत्ति फिर्ता गर्न वसन्त चौधरीलाई पटक-पटक अनुरोध गरौं, तर आलटाल मात्र भयो



०७४ मा नगरप्रमुखमा निर्वाचित भएर आएपछि मैले अस्पतालको विषयमा खोजी गरें । त्यति वेलै बन्द अस्पतालमा अलिअलि मेसिनरी सामग्री मात्र बाँकी थिए । ०७५ वैशाखमा जिल्ला समन्वय समितिसँग, सोही असारमा मालपोत कार्यालयसँग तत्कालीन गाविसले गरेको निर्णय, सिफारिस, जग्गाधनीपुर्जाको प्रतिलिपि माग गरेर अध्ययन गरें । ०७६ को अन्तिममा वसन्त चौधरीसँग कुरा गरेर अस्पताल सञ्चालनका लागि अनुरोध गरें । छलफलमा ट्रस्टले नगरपालिकाबाट पनि सहयोगको अपेक्षा राखेको थियो । तत्कालै अस्पतालको स्तरोन्नति र विकासका लागि २५ लाख विनियोजन पनि गरियो । छलफलले निरन्तरता पाएको थियो । एउटा छलफलका क्रममा अस्पताल नगरपालिकासँगको समन्वयमा निरन्तर सञ्चालन हुनुपर्ने र त्यसपछि पनि बन्द भयो भने चलअचल सम्पत्ति नगरपालिकाकै हुने सर्त राख्यौं । तर, उहाँहरूले यो सर्त मान्नुभएन । त्यसो भए आफैं सञ्चालन गर्नू वा कसैलाई सञ्चालन गर्न दिनू वा सरकारी जग्गा सरकारलाई नै फिर्ता गर्नू भन्यौं । नगरलाई जग्गा फिर्ता आयो भने लुनकरण दास-गंगादेवी च्यारिटी हस्पिटलको सट्टा लुनकरण दास-गंगादेवी दुहबी नगर अस्पताल राख्ने र प्रांगणमा लुनकरण र गंगादेवीको प्रतिमा पनि बनाउने प्रस्ताव गरेका थियौं । यो प्रस्ताव पनि मान्नुभएन । यही २० माघमा पनि वसन्त चौधरीसँग कुरा भएको थियो । जग्गा फिर्ताका लागि पुनः अनुरोध गरौं । 'म भरे फोन गरेर भन्छु,' भन्नुभयो, तर अहिलेसम्म कुनै जानकारी आएको छैन । उहाँहरूले आलटाल मात्रै गरिरहनुभएको छ ।

पूर्व र पश्चिमबाट एकसाथ हिँडेका मिटरब्याजी पीडित चितवनमा भेट्दै

'मरेको न्याय' ब्युँताएरै छाड्ने अठोट



(विस्तृत पृष्ठ ३)

चार राष्ट्रिय गौरवका आयोजनाको खर्च १ प्रतिशत पनि भएन

चालू आवको ६ महिनामा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाको औसत खर्च भने २३.६१ प्रतिशत

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ ललितानिवास जग्गा हिनामिना प्रकरण

बहस सकियो, आज फैसलाको तयारी

नयाँ पत्रिका

बहुचर्चित ललितानिवास जग्गा हिनामिना प्रकरणमा विशेष अदालतले बुधबार (आज) फैसला दिने तयारी गरेको छ । मंगलबार दुवैतर्फ र जवाफी बहससमेत सकिएपछि बुधबार फैसलाको तयारी भएको हो ।

विशेषका सदस्यत्रय खुसीप्रसाद थारू, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले यो मुद्दा दर्ता भएको चार वर्षपछि फैसला सुनाउँदै छ । 'बहस सकिइसकेको छ । तर, बुधबारका लागि हेर्दाहिर्दैमा राखिएको छ । सम्भवतः बिहीबार नै फैसला आउँछ,' विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीले भने । यो मुद्दा २ माघदेखि हेर्दाहिर्दैमा राखेर सुनुवाइ हुँदै आएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २२ माघ ०७६ मा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराई भ्रष्टाचार गरेको कसुरमा मुद्दा दर्ता गराएको थियो । सरकारका नाममा हुनुपर्ने एक सय ३६ रोपनीभन्दा



रुबिनाले बनाइन् शतकीय रेकर्ड

जीवनकै सर्वोत्कृष्ट इनिङ्स खेलेकी रुबिना क्षेत्रीले एसिसी प्रिमियर कपमा माल्दिभ्सविरुद्ध ११८ रन हान्दै नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय शतकको रेकर्ड बनाइन्

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

एसिसी प्रिमियर कपमा ११८ रनको शतकीय इनिङ्स खेलेर पूर्वकप्तान रुबिना क्षेत्रीले नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय शतक बनाउने रेकर्ड आफ्नो नाममा राखेकी छिन् । माल्दिभ्समाथि दुई सय १४ रनको विशाल अन्तरको जित निकाल्दा रुबिनाले नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय शतक बनाउने रेकर्ड बनाइन् । साथै, उनले नेपालका लागि सर्वाधिक व्यक्तिगत रन जोड्ने रेकर्ड पनि बनाएकी छिन् ।

मलेसियाको वायुमासमा पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा चार विकेटको क्षतिमा दुई सय २७ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा जितका लागि दुई सय २८ रनले पछ्याएको माल्दिभ्स १३.५ ओभरमा १३ रनमा अलआउट भयो ।

नेपालकी पूर्वकप्तान रुबिनाले ५९ बलमा एक सय १८ रनको शतकीय इनिङ्स खेलिन् । रुबिनाले शतक केवल ५४ बलमा पूरा गरेकी थिइन् । यसअघि उनले ३३ बलमा अर्धशतक बनाइन् । रुबिना र पूजा महतोबीचको पाँचौं विकेटका

» पृष्ठ ११ मा क्रमशः



◀ रुबिना क्षेत्री माल्दिभ्सविरुद्ध शतक बनाएपछि

रेकर्डै रेकर्ड

- रुबिना नेपालका लागि अन्तर्राष्ट्रिय टी-२० खेलको एकै खेलमा सर्वाधिक चौका र छक्का प्रहार गर्ने क्रिकेटर
- नेपालको महिला टोलीको अन्तर्राष्ट्रिय टी-२० फर्म्याटमा सर्वाधिक ठूलो २२७-४ को योगफल
- विश्व महिला क्रिकेटमै रुबिना क्षेत्री र पूजा महतोबीच सर्वाधिक १६६ रनको साझेदारी
- सबैभन्दा धेरै २१४ रनको अन्तरले नेपाल विजयी

संक्षेपमा उपत्यका

काठमाडौं : आज वसन्तपञ्चमी अर्थात् सरस्वती पूजा देशभर विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा-आराधना गरी मनाइँदै छ। विद्याकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्रलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन्। सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन्। आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने जनविश्वास छ। आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाहजस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ। काठमाडौं उपत्यकाका स्वयम्भू, मैतीदेवी र गैरीधारास्थित नीलसरस्वती, ललितपुरको लेलेलगायत अन्य जिल्लामा रहेका सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लाग्ने गरेको छ।

भक्तपुर : चाँगुनारायण नगरपालिका-६, नगरकोटको लामाटोलमा निर्माण भएको भ्यांगछुप छ्योर्तेन स्तूपा (गुम्बा) सर्वसाधारणका लागि खुला गरिएको छ। स्तूपाको मंगलबार उर्गेन सांगे छ्योइलिङ गुम्बाका प्रमुख लामा लोपेनकर्म दोर्जे दोडले उद्घाटन गरेका हुन्। स्थानीयको सक्रियता र चन्दा संकलनबाट एक वर्ष लगाएर निर्माण गरिएको उक्त गुम्बाको विशेष पूजा र प्राणप्रतिष्ठापश्चात् उद्घाटन गरी सर्वसाधारणका लागि खुला गरिएको गुम्बा निर्माण समितिका अध्यक्ष हरिबहादुर लामाले जानकारी दिए। उनका अनुसार १८ लाख ५६ हजारको लागतमा तीन रोपनी क्षेत्रफलमा स्तूपा निर्माण गरिएको हो।

नक्साल : नेपाल प्रहरीले चालू आर्थिक वर्षको सात महिनामा पाँच लाख ५० हजार ६० जनालाई अनलाइनबाट प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) उपलब्ध गराएको छ। गत साउनदेखि माघसम्ममा सात लाख १० हजार नौ सय ४४ नेपाली तथा विदेशी नागरिकबाट अनलाइन आवेदन प्राप्त भएका थिए। प्राप्त आवेदनमध्ये एक लाख ४४ हजार दुई सय १२ वटा रद्द भएका थिए भने १६ हजार ६ सय ७२ आवेदन कार्यान्वयनका क्रममा रहेका केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ। प्रहरी रिपोर्टसम्बन्धी काम नेपाल प्रहरी प्रधान कार्यालय सिआरएस (क्रिमिनल रेकर्ड सिस्टम) शाखाको सहयोगमा चालचलन शाखाले गर्दै आएको छ। उक्त शाखा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागअन्तर्गत रहेको छ।

कान्ति अस्पतालको फोहोर काठमाडौं महानगरले नउठाउने

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले अर्को व्यवस्था नहुन्जेलसम्मका लागि कान्ति बाल अस्पतालको फोहोर नउठाउने भएको छ। महानगरका अनुसार अस्पतालको फोहोर वर्गीकरण र ढुवानी पूर्वतयारीमा कमजोरी देखिएपछि फोहोर नउठाउने भएको हो।

'अरूलाई नमुना भएर देखाउनुपर्ने अस्पतालहरू आफैंले कमजोरी गरेको देखियो। अस्पतालमा फोहोर छुट्याउन बाल्टिन राखिएको देखियो। तर, हरेक बाल्टिनमा सबै खालको फोहोर मिसाइएको थियो। यो गलत प्रक्रिया हो,' महानगरपालिकाकी उपमेयर एवं अनुगमन समितिकी संयोजक सुनीता डंगोलले मंगलबार अस्पतालको अनुगमन गर्दै भनिन्, 'रोग उपचार गर्न आउने ठाउँ नै रोग उत्पादनस्थल बन्नुहुँदैन। यसलाई व्यवस्थापन गर्ने दायित्व महानगरपालिका एक्लैको होइन। अस्पतालहरूले आफूलाई स्वच्छ र स्वास्थ्य सेवा प्रवाह भएको प्रमाणित गराउनुपर्छ।' अस्पतालले हानिकारक फोहोर निर्मलीकरण गर्न उपकरण जडान गरेको छ। यसको प्रभावकारी उपयोगका लागि स्रोतबाट वर्गीकरण प्रभावकारी बनाउनुपर्ने अनुगमन टोलीले दिएको सुझाव छ। 'फरक प्रकृतिको फोहोर राख्न रङ संकेतको पालना भएको पाइएन। यसबाट हानिकारक फोहोर अस्पतालबाहिर आउने खतरा देखिएपछि अस्पतालको फोहोर संकलन र ढुवानीमा रोक लगाउनुपर्ने अवस्था आएको हो,' वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले भने, 'स्रोतमा फोहोर छुट्टिएको, हानिकारक फोहोरलाई निर्मलीकरण गरिएको, निर्मलीकरण भएपछिको फोहोर पनि पुनः प्रयोग हुन सक्ने र नसक्ने प्रकृतिमा छुट्टिएको यकिन नहुन्जेल फोहोर उठाउँदैनौं।'



कान्ति बाल अस्पतालमा फोहोर व्यवस्थापनबारे अनुगमन गर्दै महानगरपालिकाकी उपमेयर सुनीता डंगोल

महानगरको टोलीले मंगलबार नै महाराजगन्जस्थित इन्टरनेसनल फ्रेन्डसिप चिल्ड्रेन हस्पिटलको अनुगमन गरेको छ। अस्पतालले स्रोतमा फोहोर वर्गीकरण गर्ने अभ्यास व्यवस्थित गरेको पाइयो। स्रोतबाट संकलन भएको फोहोर प्रशोधन कक्षमा पुगेपछि एकै ठाउँमा हुने गरेको देखियो। हानिकारक फोहोर निर्मलीकरणका लागि राखिएको अटोक्लेभ मेसिन सञ्चालन भएको देखिएन। मेसिनमाथि धुलो जमेको थियो। यसपछि फोहोर संकलन गर्ने स्थान पनि व्यवस्थित थिएन। यसरी हेर्दा स्रोतमा फोहोर वर्गीकरण राम्रो भए पनि नतिजा राम्रो थिएन। अनुगमन टोलीले अस्पताललाई वर्गीकरण भएको फोहोर प्रकृतिअनुसार व्यवस्थापन गर्न निर्देशन दिएको छ।

'उपत्यकावासीलाई बाह्रै महिना पानीको व्यवस्था गर्न सरकार प्रयत्नरत छ'

काठमाडौं/ खानेपानीमन्त्री महिन्द्र राय यादवले काठमाडौं उपत्यकावासीलाई बाह्रै महिना पानीको व्यवस्था गर्न सरकार प्रयत्नरत रहेको बताएका छन्। काठमाडौं उपत्यका खानेपानी लिमिटेडको १६औं वार्षिकोत्सवको अवसरमा मंगलबार आयोजित कार्यक्रममा उनले उपत्यकावासीलाई बाह्रै महिना पानी उपलब्ध गराउन विभिन्न स्थानीय तहमा रहेको पानीको स्रोत खोजीको प्रयास भइरहेको बताए।

'काठमाडौं उपत्यकामा दैनिक ५१ करोड लिटर पानीको माग छ। हाल १७ करोड लिटर मात्र उपलब्ध गराउन सकिरहेका छौं,' मन्त्री यादवले भने। काठमाडौंवासीलाई स्वच्छ पानी उपलब्ध गराउन स्थानीय सरकारले स्थानीयस्तरमा पानीको स्रोत पहिचान तथा खोजी गरी संरक्षण गर्ने विषयमा छलफल भइरहेको उनले जानकारी दिए। खानेपानीमन्त्री यादवले उपत्यकामा रहेको खानेपानीको समस्या समाधान गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेडको पुनर्संरचना आवश्यक रहेको बताए। उनले मेलम्ची खानेपानी आयोजना ल्याउने प्रतिबद्धता जनाएको २२ वर्ष बितिसक्दा पनि पर्याप्त पानी उपत्यकामा ल्याउन नसकिएको बताए। भौतिक संरचना, प्राविधिक जनशक्ति, आवश्यक उपकरणलगायत अभावका कारण मेलम्ची खानेपानी आयोजनाले निरन्तरता पाउन नसकेको मन्त्री यादवको भनाइ थियो।

स्वास्थ्य बिमा महानगरवासीलाई उपहार दिएबराबर हो : मेयर महर्जन

ललितपुर/ ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले स्वास्थ्य बिमा महानगरवासीका लागि उपहार दिएबराबर भएको बताएका छन्। यल स्वास्थ्य सेवा केन्द्रको उद्घाटन समारोहमा उनले नेपालकै उत्कृष्ट अस्पताल र मुलुककै जेठो नगरपालिकाबीचको समझदारी तथा सहकार्यले नागरिकलाई उत्कृष्ट सेवा पुग्ने विश्वास व्यक्त गरे। उनले भने, 'पाटन अस्पतालसँगको सहकार्यले कोभिडको समयमा उत्कृष्ट काम गर्न सक्यौं, अब मुलुककै लागि उदाहरणीय बन्ने गरी स्वास्थ बिमामार्फत उपचार सेवाको काम अगाडि बढ्नेछ भन्ने विश्वास छ, अबको विकास भनेको स्वास्थ्य र शिक्षा नै हो, स्वास्थ्य बिमा महानगरवासीलाई उपहार दिएबराबर हो।' उनले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्थापनमा सञ्चालन हुने गरी स्वास्थ्य बिमा कार्यक्रममा उपचार सेवा प्रदान गर्न स्थापना गरिएको यल स्वास्थ्य सेवा केन्द्रमा कमी-कमजोरी आउन नदिने बताए।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. राजेशलाल डंगोलले स्वास्थ्य बिमा कार्यक्रममार्फत प्रवाह हुने सेवाले नागरिकको खर्च घटाउन र रोगका कारण ऋणको भारी बोक्नुपर्ने अवस्था अन्त्य गर्न मद्दत गर्ने धारणा राखे।

गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति : २०८०/११/०२ गते

यस माछापुच्छे बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयमा यस बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगत्तै बैंक खुलेको दिन ठिक १२:०० बजेसम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिनेछ।

साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय लाजिम्पाटमा सम्पर्क गर्नुहोला।

तपसिल

क.सं.	सम्पतिको विवरण
१.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम भएको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. २ च स्थित कि.नं. ९७१ को क्षेत्रफल २७८.२२ व.मि. को घरजग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
२.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ स्थित कि.नं. १०९ को क्षेत्रफल २४४ व.मि. को घरजग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
३.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ स्थित कि.नं. २१४ र २१९ को क्षेत्रफल ११९.२१ व.मि. र ७.९४ व.मि. को घरजग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
४.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय कोहलपुर, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, टिटिहिरीया वडा नं. ६ स्थित कि.नं. ३२ र ३३ को क्षेत्रफल क्रमशः ४१५ व.मि. र ७१० व.मि. को घरजग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय कोहलपुर, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, चटार वडा नं. ९ (ग) स्थित कि.नं. ७४९, ७९८ र ७४८ को क्षेत्रफल क्रमशः ४१४.८२ व.मि., ३५७६.७६ व.मि. र ५३७.५६ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	ग. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय कोहलपुर, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला, बनकटुवा वडा नं. ४ स्थित कि.नं. ६६, ६७ र ६५ को क्षेत्रफल क्रमशः १२९० व.मि., १९४५ व.मि. र १३६५ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
५.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम भएको मोरङ जिल्ला, हरैंचा वडा नं. ८ घ स्थित कि.नं. ५५९ र ६१९ को क्षेत्रफल क्रमशः ४,७४०.९५ व.मि. र १,२४८.७३ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम भएको मोरङ जिल्ला, मृगौलिया वडा नं. ४ क स्थित कि.नं. १२२४, १२४० र १३७५ को क्षेत्रफल क्रमशः ३०४.७८ व.मि., ३०४.७८ व.मि. र १५२.३७ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
६.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम भएको चितवन जिल्ला, गितानगर वडा नं. २ क स्थित कि.नं. १८८४ र १०९५ को क्षेत्रफल क्रमशः ३५६.६३ व.मि. र ६७७.२६ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम भएको चितवन जिल्ला, गितानगर वडा नं. १ स्थित कि.नं. ७६४ र ७६९ को क्षेत्रफल क्रमशः ५४१.७९ व.मि., ३१८३.११ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	ग. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम भएको चितवन जिल्ला, पिठुवा वडा नं. ६ स्थित कि.नं. ४५७७, ३४८८ र ३४९३ को क्षेत्रफल क्रमशः ३३८.६३ व.मि., ११४.२८ व.मि. र १३९.६७ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
७.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम भएको नुवाकोट जिल्ला, रातमाटे वडा नं. ९ स्थित कि.नं. २७११, ३०३, ३०१, ३०५, २९३, ३००, ३०२ र ३०७ र को क्षेत्रफल क्रमशः १७४.८५ व.मि., २२०.५६ व.मि., ३९३.४१ व.मि., २६६.२५ व.मि., ३९३.४१ व.मि., ४७४.८८ व.मि., २२४.५२ व.मि. र २००.६८ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
८.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम भएको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १२ स्थित कि.नं. ३११, ३१४ र ३१५ को क्षेत्रफल क्रमशः ८४३.३१ व.मि., २९५.८७ व.मि. र ७८६.६६ व.मि. को जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
९.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय विराटनगर, मोरङमा दर्ता कायम भएको मोरङ जिल्ला, बिराटनगर वडा नं. ३ स्थित कि.नं. १०७ र १७४ को क्षेत्रफल क्रमशः ३८९.३८ (ब.मी.) र २८३.५७ (ब.मी.) को जग्गाहरु तथा उक्त जग्गामा निर्मित घर आदी सम्पूर्ण लिगलगापात समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी न.पा. वडा नं. ८ स्थित कि.नं. १६३० को क्षेत्रफल ७६१.९४ ब.मी. को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
	ग. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ९ स्थित कि.नं. ११९४, ११९५ र ११९६ को क्षेत्रफल क्रमशः १६९३.२० व.मि, २४२१.२७ व.मि. र ७९०७.२३ व.मि. को जग्गाहरु तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
	घ. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ६ ख स्थित कि.नं. ४१९, २०५१ र २१६६ को क्षेत्रफल क्रमशः ५०७.९६ ब.मी., १६९.३२ ब.मी. र ४६५.६३ ब.मी. को जग्गाहरु तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
	ङ. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १६२३ को क्षेत्रफल ६७७२.६३ ब.मी. को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
१०.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम भएको महोत्तरी जिल्ला, औरही गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. २५८ र २६० को क्षेत्रफल क्रमशः ०-५-७-० (बिघा) र ०-५-७-० (बिघा) को घर जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम भएको महोत्तरी जिल्ला, औरही गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ६०२ र ६०४ को क्षेत्रफल क्रमशः ०-५-१२.५-० (बिघा) र ०-५-१२.५-० (बिघा) को घर जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	ग. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा दर्ता कायम भएको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ३४६१ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
	घ. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ३६५ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर जग्गा आदि सम्पूर्ण लिगलगापात समेत।
११.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, लामाटार वडा नं. १ ङ स्थित कि.नं. २१८, ३२०, २४३, २५६, ५६, ७१, ७३, ४०६ र ६९७ को क्षेत्रफल क्रमश : ६५९.७५ (व.मि.), ५०८.७४ (व.मि.), ६९९.४८ (व.मि.), ९५३.८० (व.मि.), ४१३.२७ (व.मि.), १११.२७ (व.मि.), ७१.५३ (व.मि.), ५२८.६२ (व.मि.) र १४८६.३९ (व.मि.) को जग्गाहरु तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
१२.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कि.नं. १०४० को क्षेत्रफल ०-१०-०-१ (रोपनी) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
१३.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम भएको कास्की जिल्ला, रुपाकोट गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ४०५३ र ४०५१ को क्षेत्रफल क्रमशः ०-३-०-२ (रोपनी) र ०-२-१-० (रोपनी) को जग्गाहरु तथा उक्त जग्गामा निर्मित घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।
१४.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मनिकापुर वडा नं. ५ स्थित कि.नं. ६७२, ८४०, ८५४ र १००३ को क्षेत्रफल क्रमशः ०-१५-०-० बिघा (५०७९.५९ ब.मि.), ०-५-०-० बिघा (१६९२.९२ ब.मि.), ०-२-१०-० बिघा (८४६.४६ ब.मि.) र ०-१-१०-० बिघा (५०७.८७ ब.मि.) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मौरनिया वडा नं. ८ स्थित कि.नं. ५२० को क्षेत्रफल १-२-११-२ बिघा (७६४.७९ ब.मि.) को जग्गा तथा उक्त जग्गामा रहेको सम्पूर्ण लिगलगापातहरु समेत।
१५.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, रामनगर वडा नं. ३ स्थित कि.नं. १४४८ र १३९७ को क्षेत्रफल क्रमश : ०-०-७-० (बि.क.धु.क.) र ०-०-१३-० (बि.क.धु.क) को जग्गाहरु तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
१६.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम भएको रुपन्देही जिल्ला, हाटिफर्साटिकर गा.वि.स./न.पा. वडा नं. ३ ख स्थित कि.नं. ७५५ को क्षेत्रफल १६९.३२ व.मि. को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत।
१७.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ८ (साविक वीरेन्द्रनगर वडा नं. ४ (ख) स्थित कि.नं. ५२७, ५३६, ५३७ र ८११ को क्षेत्रफल क्रमशः १५२३.८२ व.मि., १,६९३.१५ व.मि., १,१८५.१९ व.मि. र २४.०० व.मि. को जग्गाहरु तथा सो जग्गामा रहेको घर, टहरा तथा सम्पूर्ण लिगलगापात समेत।
१८.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, रानीश्वारा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. २२८१, २३०२ र २२८९ को क्षेत्रफल क्रमशः ०-१-०-१ रोपनी, ०-०-३-१ रोपनी र ०-१-१-१ रोपनीको जग्गाहरु तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापातहरु समेत।

क.सं.	सम्पतिको विवरण
१९.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, बखरी वडा नं. ९ (ख) स्थित कि.नं. ३६८ को क्षेत्रफल ४२३.२८ व.मी. को जग्गा तथा उक्त जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय जलेश्वर महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तीखोर वडा नं. ९ (क) स्थित कि.नं. ४३० को क्षेत्रफल ३४६०८.९६ व.मी. को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत।
२०.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता कायम रहेको क) सप्तरी जिल्ला, प्रशवनी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६०० को क्षेत्रफल ०-५-४-० बि.क.धु.क. को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत।
२१.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय रामपुर, पाल्पामा दर्ता कायम रहेको पाल्पा जिल्ला, रामपुर गा.वि.स. वडा नं. ४ स्थित कि.नं. २२२२ को क्षेत्रफल १-३-०-० (रोपनी) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापतहरु समेत।
२२.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेका धनकुटा जिल्ला, निगाले गा.वि.स. वडा नं. ६ (हाल धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. ३) स्थित कि.नं. १७५९ को क्षेत्रफल १-५-३-२ रो.आ.पै.दा. (६९५.५२ व.मि.) को जग्गा तथा उक्त जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत।
२३.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेका धनकुटा जिल्ला, तांखुवा गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १३७९ र १३८१ को क्षेत्रफल क्रमशः २-२-०-२ रो.आ.पै.दा. (१०८५.०४ व.मि.) र ०-१३-१-२ रो.आ.पै.दा. (४२५.२० व.मि.) को जग्गाहरु उक्त जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत।
२४.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय लहान सिराहामा दर्ता कायम रहेको सिरहा जिल्ला, लहान बजार वडा नं. ४ क स्थित कि.नं. १०२४ र १०२५ को क्षेत्रफल क्रमशः ०-०-८.३३ (बि.क.धु.) र ०-०-८.३३ (बि.क.धु.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापत समेत।
२५.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला, उनवच गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ९९९ को क्षेत्रफल ०-१-०-० (बि.क.धु.क.) को जग्गा तथा सो जग्गामा निर्मित घर/जग्गा सम्पूर्ण लिगलगापातहरु समेत।
२६.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय रुपन्देही, धकधईमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई वडा नं. ६ क स्थित कि.नं. ७८०, ८२८ र ८६४ को क्षेत्रफल क्रमशः ०-०-५.५ (बि.क.धु), ०-०-५.५ (बि.क.धु) र ०-१-६.२५-० (बि.क.धु) को जग्गा तथा सो जग्गामा निर्मित घर/जग्गा सम्पूर्ण लिगलगापातहरु समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय रुपन्देही, धकधईमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई वडा नं. ४ क (हाल: रोहिणी गा.पा. वडा नं. ३, रुपन्देही) स्थित कि.नं. १५०९ को क्षेत्रफल ०-०-६/७५ (बि.क.धु) को जग्गा तथा उक्त जग्गामा निर्मित घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।
२७.	**क.** माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थित कि.नं. २११ र १७५ को क्षेत्रफल ३३.८३ ब.मी. र ४०६.३२ ब.मी. को जग्गाहरु तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत।
	ख. माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेका धनुषा जिल्ला, घवौली गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ६३० को क्षेत्रफल ०-१४-० बिगाह र घवौली गा.वि.स. वडा नं. ९ ख स्थित कि.नं. १०७९ को क्षेत्रफल ०-७-७१/२ बिगाहको जग्गाहरु तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत।
२८.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर वडा नं. ५ ख स्थित कि.नं. ५५७, ५५८, ५७०, ५७४, ५६०, ६११, ८८२, ५७३, ५७९, ५९७, ५५६, ४५९, ६६७, ६६८, ५९२, ५८९ को क्षेत्रफल क्रमशः ३५५.७२ ब.मी., ३५९.७० ब.मी., ५७०.३५ ब.मी., २४२.४५ ब.मी., ५७२.३३ ब.मी., २८८.१५ ब.मी., ११७०.५० ब.मी., २४२.४५ ब.मी., ४५९.०६ ब.मी., ५४०.५४ ब.मी., ६६९.७१ ब.मी., १३१३.५८ ब.मी., ५७२.३३ ब.मी., ९५३.८९ ब.मी., ४१३.३५ ब.मी. र ६०४.१३ ब.मी. को जग्गाहरु तथा उक्त जग्गामा निर्मित घर तथा सम्पूर्ण लिगलगापातहरु समेत।
२९.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय सल्यानमा दर्ता कायम भएको सल्यान जिल्ला, फलाबाङ्ग गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ८९३ को क्षेत्रफल ०-७-३-० रो.आ.पै.दा (२४६.३८ ब.मि.) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत।
३०.	माछापुच्छे बैंक लि. को नाममा मालपोत कार्यालय स

श्री वसन्त पञ्चमीको
हार्दिक शुभकामना





सरस्वती माया दृष्टा वीणापुस्तकधारिणी ।
हंसवाहनसंयुक्ता विद्यादानं करोतु मे ।।
प्रथमं भारती नाम द्वितीयञ्च सरस्वती ।
तृतीयं शारदादेवी चतुर्थं हंसवाहिनी ।।
पञ्चमन्तु जगन्माता षष्ठं वागीश्वरी तथा ।
सप्तमं चैव कौमारी अष्टमं वरदायिनी ।।
नवमं बुद्धिदात्री च दशमं ब्रह्मचारिणी ।
एकादशं चन्द्रघण्टा द्वादशं भुवनेश्वरी ।।
द्वादशै तानि नामानि त्रिसन्ध्यं य पठेन्नरः ।
जिव्हाग्रे वसते तस्य ब्रह्मरूपा सरस्वती ।।

नयाँ पत्रिका
4012666
nayapatrikadaily.com

LIC
4012613
liccorporate@licnepal.com.np

CareEdge RATINGS NEPAL
4012628
careratingsnepal.com

NEXUS WORLD EDUCATION

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED
4012585
nepalbank.com.np

Coco Cafe
9803252600

STARTUP EDUCATION

KINGS
4012589
kings.edu.np

OLI & ASSOCIATES
4012500/4012555
oli.com.au

DATA CARE CENTER
KATHMANDU, NEPAL

ITALIAN ESPRESSO ACADEMY NEPAL
4012636
italianean@gmail.com

THE RISING TRADERS
9851027048
risingnep.com

PRESIDENT Educational Consultancy

Elmira Int'l Education
4012606/07
elmiranepal.com

GOLDEN BRIDGE CONSULTANCY
4012581
goldenbridgeconsultancy.com.np

GENNEXT CONSULTING GROUP

COCOON EDUCATION & MIGRATION
4012559

PK
9841386508

4 NATIONS INTERNATIONAL
Pioneer in Education & Visa Services
4012548
4nations.com.au

CARE DENTAL & SKIN CARE CENTER PRIVATE LIMITED
9840270801

TRICKY & TIPSY
9851312262
tricky.tipsy333@gmail.com

3BEES GROUP
EDUCATION & MIGRATION
4012800
3beesgroup.com.au

Amani INTERNATIONAL EDUCATION CENTER

Ramailo.com
9849631886

Vibe Education
Achieving Excellence Together

Global CHOICE EDUCATION
for global certification
4012545
globalchoice.edu.np

INGRAM International
4012554

Nepa INTERNATIONAL PVT. LTD.
4012675
nepatrade.com.np

ROBAM
Enjoy Cooking
01-4417201
np.robamworld.com

KAMALA KARKI

Himalayan Business Group
Education & Migration Services
01-4012631

XCEL International Education
4012727
xcelinternationaleducation.com

Krish Salon
Hair & Beauty

AISA
International Nepal Pvt. Ltd.
4012808/809

IMI
Int'l Management Institute of Nepal

GlobalJob
COMPLETE HR SOLUTION

Dynamic Holdings
4012549

Awarded
International Education Pvt. Ltd.
4516908

Trishakti Security P. Ltd.

ZENITH
MIGRATION | EDUCATION
4012690/91
zenithmigration.com.au

STUDENT WORLD

The Plan Education Pvt. Ltd.
One Team, One Dream
9851079464

INSTA
Insta Education and Visa Services

STAR MALL
aspire for better
Putalisadak, Kathmandu
9851198344, 01-4012506
starmallktm@gmail.com

माओवादीका सबै तहमा प्रत्यक्ष निर्वाचनको प्रस्ताव

प्रेम गौतम / नयाँ पत्रिका

माओवादीले पार्टीभित्रका सबै तहमा प्रत्यक्ष निर्वाचनको प्रस्ताव गरेको छ । मंगलबारबाट काठमाडौंमा सुरु भएको विधान अधिवेशन अधिवेशनमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले माओवादीका सबै तहमा प्रत्यक्ष निर्वाचनको प्रस्ताव गरेका हुन् ।

अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीसमेत रहेका प्रचण्डले प्रत्यक्ष निर्वाचनमार्फत नै स्थानीय तहदेखि केन्द्रीय कमिटीसम्म चयन गर्ने प्रस्ताव गरे । यद्यपि, हलले गर्ने निर्णय नै अन्तिम हुने उनको भनाइ थियो । प्रचण्डको भनाइ उद्धृत गर्दै एक प्रतिनिधिले भने, 'सबै तहको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत गर्नुपर्छ भन्ने अनुभवले देखायो । जनवादको अभ्यास पनि हुनुपर्छ । समावेशी प्रतिनिधित्व पनि सुनिश्चित हुनुपर्छ । समावेशीका लागि केही निश्चित कोटा निर्धारण गरेर जान सकिन्छ ।' जनवादी केन्द्रीयता कम्युनिस्ट पार्टीको संगठतात्मक सिद्धान्त भएको भन्दै प्रचण्डले स्पष्ट व्याख्या गरेर अगाडि बढ्न जरुरी रहेको बताए ।

अधिवेशनहरूले कमिटी चुन्ने र कमिटीले पदाधिकारी चुन्ने प्रस्ताव गरिएको छ । 'प्रत्यक्ष निर्वाचनमा जाने भनिएको छ । ५१ प्रतिशत खुला प्रतिस्पर्धा र ४९ प्रतिशत समावेशिता प्रस्ताव गरिएको छ । एकताबाट आउनेलाई केही प्रतिशत राख्ने प्रस्ताव गरिएको छ ।' एक पदाधिकारीले भने, 'विधान मस्यौदामा प्रतिनिधित्वको सुनिश्चितता र प्रतिस्पर्धाको राजनीतिलाई समायोजन गरिएको छ ।'

केन्द्रमा १५१ सदस्यीय केन्द्रीय कमिटी बनाउने प्रस्ताव गरिएको छ । हाल वैकल्पिक केन्द्रीय सदस्यसहित ६ सयभन्दा बढीको केन्द्रीय कमिटी छ । संघीयतालाई प्रभावित नगर्ने गरी जिल्लालाई कार्यकारी बनाउने प्रस्ताव गरिएको छ । विधान मस्यौदामा जनवर्गीय संगठनलाई स्वायत्तता दिने प्रस्ताव गरिएको छ । अधिवेशन उद्घाटन सम्बोधनको क्रममा प्रधानमन्त्रीसमेत रहेका प्रचण्डले पार्टी र सरकार दुवै मोर्चाबाट समाजवादको नयाँ अभियान सुरु गर्ने जमर्को गरेको बताए । 'सरकारको सुशासन, सामाजिक न्याय र समृद्धिको अभियान, समाजवादको भ्रुण रोप्ने प्रक्रियाको सुरुवात हो । यसलाई क्रान्तिकारी सहयोद्धाहरूले गहिरो गरी बुझ्न जरुरी छ । विशेष रूपान्तरण अभियान भनेर पार्टी रूपान्तरण अभियानमा जे-जस्ता उपलब्धि हासिल भए र विधान अधिवेशनबाट जे-जस्ता संकल्प गर्दै छौं । सामूहिक छलफलबाट आफैंलाई बाँध्ने विधि-विधान बनाउँदै छौं । यो पनि समाजवादतिर यात्रा गर्नका लागि हाम्रा हतियारमा साध लगाउने प्रक्रिया हो ।'



काठमाडौंमा मंगलबारबाट सुरु भएको माओवादी केन्द्रको विधान अधिवेशनको उद्घाटन सत्र । तस्बिर : रासस

■ विधानमाथि छलफल गर्न २० समूह

विधान मस्यौदामाथि छलफल गर्न २० वटा समूह बनाइएको छ । २० वटै समूहले सहजकर्ता तोकेर छलफल अघि बढाएका छन् । समूह एकमा अञ्जना विशंखे, समूह दुईमा अमृता थापा, समूह तीनमा ओनसरी घर्ती, समूह चारमा कमला रोका, समूह पाँचमा कालीबहादुर मल्ल, समूह ६ मा कुलप्रसाद केसी, समूह सातमा खगराज भट्ट, समूह आठमा गणेशमान पुन, समूह नौमा जयपुरी घर्ती सहजकर्ता छन् । समूह १० मा जोखबहादुर महरा, समूह ११ मा नारायणप्रसाद दाहाल, समूह १२ मा परशुराम तामाङ, समूह १३ मा पूर्णकुमारी सुवेदी, समूह १४ मा प्रह्लाद बुढाथोकी, समूह १५ मा महेश्वरराजजंग गहतराज, समूह १६ मा विश्वनाथ साह, समूह १७ मा यशोदा सुवेदी, समूह १८ मा शशी श्रेष्ठ, समूह १९ मा सत्य पहाडी र समूह २० मा हकिकुल्ला खाँले सहजकर्ताको जिम्मेवारी पाएका छन् । ५० देखि ५५ जना रहने गरी समूह विभाजन गरिएको माओवादीले जनाएको छ ।

■ सबै क्रान्तिकारीलाई एकजुट हुन अपिल

प्रचण्डले सबै क्रान्तिकारी एकजुट भएर प्रतिक्रियावादीविरुद्ध जागी लाग्नुपर्ने स्थिति आएको बताए । 'एकातिर समाजवादी मोर्चा बनाएका छौं । अर्कोतिर समान विचार भएका साथीहरू एकताबद्ध हुने कोसिस पनि गरिरहेका छौं । सबै क्रान्तिकारी एकै ठाउँमा केन्द्रित हुने यो राम्रो अवसर हो । प्रतिक्रियावादीले टाउको उठाउन खोजेकोलाई त्यसविरुद्ध जाइलाग्ने राम्रो अवसर पनि हो,' उनले भने । विधान अधिवेशनले पार्टीको आन्तरिक जीवनलाई व्यवस्थित र सुदृढ तुल्याउँदै समाजवादी क्रान्तिको नेतृत्व गर्न योग्य पार्टी निर्माणका पक्षमा गुणात्मक योगदान गर्ने विश्वास प्रचण्डको छ ।

■ अहिले चार कार्यभार छन् : श्रेष्ठ

वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले अहिले मुख्यतः चारवटा कार्यभार रहेको उनले बताए । 'राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र हितको रक्षा गर्नु र राष्ट्रिय एकता कायम गर्नु पहिलो कार्यभार हो । उपलब्धिको रक्षा गर्नु र अझ बलियो बनाउनु दोस्रो हो । तेस्रो केन्द्रीय कार्यभार राजनीतिक परिवर्तनलाई सामाजिक, आर्थिक क्षेत्रमा विस्तार गरेर रूपान्तरण गर्नु हो । विकास र समृद्धिको प्रक्रियालाई तीव्रता प्रदान गरेर फड्कोको विन्दुमा पुऱ्याउनु हो । चौथो कार्यभार शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा गर्नु हो ।'

१ फागुन नेपालीको साझा दिवस : प्रचण्ड



प्रधानमन्त्री एवम् माओवादी अध्यक्ष प्रचण्डले फागुन १ राष्ट्रिय उत्सव र गौरवको दिन भएको बताएका छन् । २९औं जनयुद्ध दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रचण्डले जनयुद्ध पहिचान, अधिकार, मुक्ति, न्याय र स्वतन्त्रता चाहने सम्पूर्ण मुक्तिकामी एवं परिवर्तनप्रेमी नेपालीहरूको साझा दिवस भएको बताएका छन् ।

'जनयुद्धको जगमा जुन अधिकार स्थापित भएका छन्, ती अधिकार र उपलब्धि राष्ट्रका साझा सम्पत्ति हुन् । माओवादीले नेतृत्व गरेको भए पनि जनयुद्ध पहिचान, अधिकार, मुक्ति, न्याय र स्वतन्त्रता चाहने सम्पूर्ण मुक्तिकामी एवं परिवर्तनप्रेमी नेपालीहरूको साझा दिवस हो । तसर्थ, जनयुद्ध दिवसलाई विभिन्न रचनात्मक कार्यक्रमसहित राष्ट्रिय उत्सव र गौरवको दिनका रूपमा मनाउन म सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछु,' प्रचण्डले भनेका छन् ।

जनयुद्धको जगमा जनआन्दोलनको संयोजनबाट देशमा सामन्ती राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको उनले बताएका छन् । समावेशी लोकतन्त्र, मधेसी, मुस्लिम, महिला, दलित, आदिवासी, जनजाति, थारू समुदायलगायत उत्पीडित वर्ग, जाति, लिंग, क्षेत्र र समुदायमा उच्च राजनीतिक जागरणसहित उनीहरूको पहिचान र अधिकार स्थापित भएको उनको भनाइ छ । सामाजिक न्यायको उन्नत व्यवस्थासहित समाजवादोन्मुख संविधानको निर्माण र कार्यान्वयन जनयुद्धकै जगमा सम्भव भएको भन्दै उनले भने, 'युग परिवर्तनको प्रतिनिधित्व गर्ने जनयुद्ध आफैंमा ऐतिहासिक र गौरवशाली थियो भन्ने तथ्य प्रमाणित हुन्छ ।'

एसका कार्यकर्ता भ्रमबाट मुक्त हुनुपर्छ : ओली



काठमाडौं / एमाले अध्यक्ष केपी ओलीले माधव नेपालको भ्रमजालबाट नेकपा एसका नेता-कार्यकर्ता मुक्त हुनुपर्ने बताएका छन् । नेकपा एसका पोलिटब्युरो सदस्य प्रतापलाल श्रेष्ठसहित दुई नेतालाई मंगलबार पार्टी प्रवेश गराउँदै ओलीले त्यस्तो बताएका हुन् । पोलिटब्युरो सदस्य प्रतापलाल र केन्द्रीय सदस्य शंकरनारायण श्रेष्ठलाई निजीनिवास बालकोटमा ओलीले पार्टी प्रवेश गराउँदै स्वागत गरे । दुवैजना तनहुँका नेता हुन् । प्रतापलाल तत्कालीन नेकपाका जिल्ला अध्यक्ष पनि थिए ।

देशको माया लाग्यो भन्दै नक्कली कुरा गरेर महाकालीका नाममा पार्टी फुटाएजस्तै माधव नेपालले आफ्नो सम्मान भएन, अपमान भयो भन्दै पार्टी फुटाएको र कम्युनिस्ट सरकार ढालेर दक्षिणपन्थी सरकार बनाएको ओलीले आरोप लगाए । उनले नयाँ र पुराना मान्छेको मनोवैज्ञानिक अन्तरविरोधबाट मुक्त भएर पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउने काममा लाग्न पनि प्रवेशी नेताहरूलाई निर्देशन दिए ।

'तपाईंहरूले जति ठूलो भारी बोक्न सक्नुहुन्छ, पार्टीले त्यति नै ठूलो भारी बोकाउँछ, तपाईंहरूले दिल खोलेर काम गर्न पाउनुहुन्छ, किनभने नेता-कार्यकर्ता जति धेरै सक्रिय बन्छन्, उनीहरूले जति ठूलो भारी बोक्छन् त्यति नै पार्टीलाई धेरै फाइदा हुन्छ,' अध्यक्ष ओलीले भने ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ६०६२/६०६/२५, गरुडा अर्न्तगत मिति २०७५/०२/१० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, पोठियाही गा.पा. वडा नं. ६ स्थित **न्यू ताज महल टेन्ट हाउस** **प्रोपाईटर तथा जमानतकर्ता : समिद साई विसाती**	१) फर्जन साई विसातीको नाति, कुर्वान साई विसातीको छोरा, रौतहट जिल्ला, पोठियाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ बस्ने समिद साई विसातीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठियाही गा.बि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०९ को क्षेत्रफल ०-२-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) न्यू ताज महल टेन्ट हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) समिद साई विसाती स्थायी ठेगाना : रौतहट जिल्ला, पोठियाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ बाबु : कुर्वान साई विसाती बाजे : फर्जन साई विसाती	**२) सवरुन खातुन** स्थायी ठेगाना : रौतहट जिल्ला, पोठियाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ बाबु : जवार साई इदमरी ससुरा : कुर्वान साई विसाती पति : समिद साई
	ऋणीको विवरण	**धितोको विवरण**
२)	**सुरेन्द्र दास तत्मा** स्थायी ठेगाना : रौतहट जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बाबु : धुपलाल दास तत्मा बाजे : गोपीदास तत्मा	महराज दास तत्माको नाति, गोपीदास तत्माको छोरा, रौतहट जिल्ला, महम्मदपुर गाउँ पञ्चायत वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बस्ने धुपलाल दास तत्माको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, वगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरिया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८७१ र ११८८ को क्षेत्रफल क्रमश: ०-२-१८ र ०-०-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) धुपलाल दास तत्मा स्थायी ठेगाना : रौतहट जिल्ला, महम्मदपुर गा.प. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बाबु : गोपीदास तत्मा बाजे : महराज दास तत्मा	**२) सिक्किलीया देवि** ठेगाना : रौतहट जिल्ला, महमदपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बाबु : रिझन दास तत्मा ससुरा : गोपीदास तत्मा पति : धुपलाल दास तत्मा	**३) संगीता देवी** ठेगाना : रौतहट जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ६ बाबु : ज्योतिक दास तत्मा ससुरा : धुपलाल दास तत्मा पति : सुरेन्द्र दास तत्मा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सोविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मिति: २०८०/११/०२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्न बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्न भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्न, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क.स	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना		धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. डिमाण्ड कर्जा २.ओभरड्राफ्ट सुविधा	**ऋणीको नाम: न्यू सनवे फिड् सप्लायर्स** (नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा दर्ता रहेको) दर्ता नं.: २३९३१/०६८/०६९ दर्ता मिति: २०६८-०७-२८ स्थायी लेखा नं.: ३०५०९९४३९ ठेगाना: मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. १ । **प्रोप्राईटर:** **दिपक बिष्ट** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९९२/८९९ (२०४६/११/२३/मोरंग) बाजेको नाम: मान बहादुर बिष्ट बाबुको नाम: जगत बहादुर बिष्ट ठेगाना: मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ९ हाल कायम ठेगाना मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ ।	**व्यक्तिगत जमानतकर्ताहरु:** **१. सुर्य बहादुर बिष्ट** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५-०२-७२-०१३६८ (२०७२/०३/१५/मोरङ्ग) बाजेको नाम: जगत बहादुर बिष्ट बाबुको नाम: दिपक बिष्ट ठेगाना: मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ । **२. लक्ष्मी बिष्ट** ना.प्र.प.नं. (जारी मिति/स्थान): १३८४४/६० (२०५५/०९/१६/मोरङ्ग) बाबुको नाम: बिर बहादुर कटुवाल ससुराको नाम: जगत बहादुर बिष्ट पतिको नाम: दिपक बिष्ट ठेगाना: मोरङ्ग जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ९ हाल कायम ठेगाना मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ ।	मान बहादुर बिष्टको नाति, जगत बहादुर बिष्टको छोरा, मोरङ्ग जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ९ हाल कायम ठेगाना मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बस्ने **दिपक बिष्ट**को नाममा मालपोत कार्यालय मोरङ, बेलबारी को लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ९श स्थित कि.नं. ४२२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१० र ०-१७-० (विघा) को जग्गाहरू र उक्त जग्गाहरूमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	१.डिमाण्ड कर्जा २.ओभरड्राफ्ट सुविधा	**ऋणीको नाम: पूर्वाञ्चल काष्ठ उद्योग** (प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी सुनसरी मा दर्ता रहेको) दर्ता नं.: ९११९/०६७/६८ दर्ता मिति: २०६७-०८-१० स्थायी लेखा नं.: ३०१६४५७०८ ठेगाना: मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं ६ । **प्रोप्राईटर:** **पदम कुमार राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५२०/२५० (२०४६/०२/२३/मोरंग) बाजेको नाम: नर बहादुर राई बाबुको नाम: सरण ब. राई ठेगाना: मोरंग जिल्ला, टाँडी गा.वि.स. वडा नं. ३ ।	**व्यक्तिगत जमानतकर्ता:** **देवी कला राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): २५३५/१४३९ (२०५७/०१/१३/मोरङ्ग) बाबुको नाम: रण बहादुर लिम्बु ससुराको नाम: सरण ब. राई पतिको नाम: पदम कुमार राई ठेगाना: मोरङ्ग जिल्ला, टाँडी गा.वि.स. वडा नं. ३ ।	१. नर बहादुर राईको नाति, सरण ब. राईको छोरा, मोरंग जिल्ला, टाँडी गा.वि.स. वडा नं. ३ बस्ने **पदम कुमार राई**को नाममा मालपोत कार्यालय बेलबारी, मोरंगको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरु: (क). मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५ च स्थित कि. नं. १३८४ र १३८७ को क्षेत्रफल क्रमश ०-०-११ र ०-०-१० वि.-क.-धु.-क. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख). मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि. नं. ३२०६ र ३२०९ को क्षेत्रफल क्रमश ०-१-८-२ र ०-०-११-२ वि.-क.-धु.-क. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग). मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि. नं. १७९६ को क्षेत्रफल ०-०-१०-० वि.-क.-धु.-क. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३..	आवधिक कर्जा	**ऋणीको नाम: देवी कला राई** ना.प्र.प.नं (जारी मिति/स्थान): २५३५/१४३९ (२०५७/०१/१३/मोरङ्ग) बाबुको नाम: रण बहादुर लिम्बु ससुराको नाम: सरण ब. राई पतिको नाम: पदम कुमार राई ठेगाना. मोरङ्ग जिल्ला, टाँडी गा.वि.स. वडा नं. ३ ।	**व्यक्तिगत जमानतकर्ता:** **पदम कुमार राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५२०/२५० (२०४६/०२/२३/ मोरंग) बाजेको नाम: नर बहादुर राई बाबुको नाम: सरण ब. राई ठेगाना: मोरंग जिल्ला, टाँडी गा.वि.स. वडा नं. ३ ।	
४.	क्रेडिट कार्ड कर्जा	**ऋणीको नाम: पदम कुमार राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५२०/२५० (२०४६/०२/२३/मोरंग) बाजेको नाम: नर बहादुर राई बाबुको नाम: सरण ब. राई ठेगाना: मोरंग जिल्ला, टाँडी गा.वि.स. वडा नं. ३ ।		
५.	१.ओभरड्राफ्ट कर्जा २.डिमाण्ड कर्जा	**ऋणीको नाम: युनिक ट्रेड एण्ड सप्लायर्स** (नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं. १९९/०६६/६७ दर्ता मिति: २०६६/०८/०४ स्थायी लेखा नं. ६०००८०५४९ ठेगाना: ईलाम जिल्ला, ईलाम न.पा., वडा नं. २ । **प्रोप्राईटर:** **रमा देवी थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): २८१७ (२०५३/०४/२०/ईलाम) बाबुको नाम: तहल बहादुर थापा ससुराको नाम: हरी कुमार पराजुली पतिको नाम: रमेश कुमार पराजुली ठेगाना: ईलाम जिल्ला, लक्ष्मीपुर गा.वि.स वडा नं. ४ । **व्यक्तिगत जमानतकर्ताहरु:** **१. हरि कुमार पराजुली** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८६१३-७४४ (२०३८/०१/०४/ईलाम) बाजेको नाम: मनोरथ पराजुली बाबुको नाम: मधु सुदन पराजुली ठेगाना: ईलाम जिल्ला, सुम्बेक गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७ ।	**२. रम

■ पूर्व र पश्चिमबाट एकसाथ हिँडेका मिटरब्याजीपीडित चितवनमा भेट्दै

‘मरेको न्याय’ ब्युँताएरै छाड्ने अठोट

पीडितहरूको व्यथा एक, कथा अनेक

मिटरब्याज तथा ठगी किसान मजदुर संघर्ष समितिको अगुवाइमा काँकडभिट्टास्थित मेचीपुलबाट र पश्चिमको सीमावर्ती महेन्द्रनगरबाट ‘न्याय मार्च’ सुरु भएको हो। दुवैतर्फका सहभागीहरू चितवनमा भेट्ने र एकीकृत भएर काठमाडौं जाने संघर्ष समितिले जनाएको छ ।



मिटरब्याजीपीडितले १५ दिनअघि महेन्द्रनगरबाट सुरु गरेको ‘न्याय मार्च’का सहभागी । काठमाडौं हिँडेका ‘न्याय मार्च’का सहभागी मंगलबार नवलपरासीको नवलपुर आइपुगेका छन् । तस्बिर : **नयाँ पत्रिका**

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

गत वर्ष काठमाडौं आएर लामो समयसम्म धर्ना बस्दा पनि रित्तो हात फर्किएका मिटरब्जायीपीडितहरू ‘न्याय मरेको’ भन्दै ‘मरेको न्याय’ ब्युँताउन पूर्व-पश्चिमबाट एकसाथ आन्दोलनमा उत्रिएका छन् । १५ दिनअघि पश्चिमबाट ‘न्याय मार्च’ अभियानसहित काठमाडौंतर्फ हिँडेका मिटरब्याजीपीडितहरूको टोली मंगलबार नवलपुर आइपुगेको छ। यसैगरी, पूर्वबाट आएको टोली बुधबार चितवन नारायणगढ पुग्ने र भेटेर शनिबारसँगै काठमाडौंतर्फ उक्लने जनाइएको छ।

मिटरब्याज तथा ठगी किसान मजदुर संघर्ष समितिको अगुवाइमा काँकडभिट्टास्थित मेचीपुलबाट र पश्चिमको सीमावर्ती महेन्द्रनगरबाट ‘न्याय मार्च’ सुरु भएको हो । दुवैतर्फका सहभागीहरू चितवनमा भेट्ने र एकीकृत भएर काठमाडौं जाने संघर्ष समितिले जनाएको छ। पश्चिम नेपालबाट आएको टोलीलाई पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तुलगायतका मिटरब्याजीपीडितहरूले साथ दिएका छन् । उनीहरूलाई सम्बन्धित जिल्लाका मिटरब्याजीपीडितले खाना र वासको व्यवस्था गर्ने गरेका छन् ।

● पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका- ५ पक्लिहवानिवासी रामशुभग मुसहर आफ्ना लागि न्याय मरेको र जगाउनुपर्ने बताउँछन् । उनी भन्छन्, ‘समाज (पीडितहरू) बल्ल जागेको छन् । अब त न्याय पाइन्छ कि भन्ने आस छ ।’ उनले छोरीको विवाह गर्न लिएको साढे चार लाख रुपैयाँ दशा बनेर घर भित्रियो । उनी भन्छन्, ‘छोरीको विवाह गर्न १० कट्ठा जग्गा दिएर साढे चार लाख लिएको थिए । उक्त ऋण डेढ वर्षपछि साँवा-ब्याजसहित नौ लाख ४० हजार तिरे । तर, साहुले अझै पनि न पैसा तिरेको कागज दिन्छ न त जग्गा नै फिर्ता ।’ ऋण चुक्ता भइसक्दा पनि जग्गा नदिने साहु हुन् सन्दीपप्रसाद जोशी । उनले उक्त जग्गा अर्कैलाई बेचेर बिदेसिएका छन् । यही पीडा सहन नसकेर रामशुभगकी श्रीमतीको हृदयाघातका कारण निधन भएको छ । छोरीको विवाहमा लागेको ऋण तिर्न छोरालाई विदेश पठाउन उनले अर्को साहु प्रतापपुरका जगदिश बानियासँग साढे १० धुर जग्गा दिएर डेढ लाख रुपैयाँ लिए । डेढ लाख लिए पनि तीन लाख बुझ्केको कागज गराए । मुहसरले भने, ‘छोरालाई विदेश पठाउन लिएको रकम पनि दलाललले खाइदियो । छोरा बीचबाटोबाट फर्कियो । तीन वर्षमा डेढ लाखको नौ लाख बुझाएँ । अझै १० लाख पुगेन भन्छ ।’ बानियाँले उक्त गाउँका ७०-८० जनाको जग्गा यसरी नै हडपेको पीडितहरूको गुनासो छ । बानियाँकै घरमा प्रतापपुर गाउँपालिकाको कार्यालय बसेका कारण मेरै घरमा गाउँपालिकाको अफिस छ मलाई कसले कारबाही गर्छ भन्दै धम्क्याउँदै हिँड्ने गरेको पीडितहरूले बताए । रामशुभगलाई यति चोटले मात्रै छाडेन । छोरा विदेश जान लिएको डेढ लाख ऋण तिर्न (साहुका अनुसार १० लाख) उनले साढे तीन कट्ठा घडेरी बेचे । तर, उनी त्यसमा पनि ठगिए । उनले भैरहवाका मनीष पोखरेलबाट एक लाख लिएर बाँकी पैसा पछि भुक्तान गर्ने गरी साढे नौ लाखमा जग्गा बेचे । जग्गा बेचाउन दलाली गरेका मुरारीले एक लाखबाट ७५ हजार खाइदिए । रामशुभगको हातमा २५ हजार मात्र पऱ्यो । उनले केही समयपछि ६ लाख ८३ हजारको चेक त पाए । तर मनीषले उनलाई झुक्याएर चेकमा मिति नै बिगारेर दिएकारहेछन् । उनले भने, ‘मैले चेकमा मिति मिलाउन एक वर्ष धाएँ । न मिति मिलाइदियो न अर्को चेक दियो । २५ हजारमा साढे तीन कट्ठा घडेरी खाइदियो ।’

● रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका- २ निवासी रामावती लोधको पनि व्यथा उस्तै छ । उनले घरखर्च चलाउन स्थानीय नरेश यादवसँग ३० हजार ऋण लिए । यादवले ३५ हजारको कागज गराए । रामावतीका श्रीमान चन्दभान लोन वीरगन्जमा काम गर्थे । एक वर्षपछि ३० हजारको एक लाख २५ तिरेको उनले सुनाइन् । ‘बिरामी भएर उपचार गर्न र आराम गर्न घर आएका श्रीमान्लाई ऋण नतिरेको भन्दै बन्धक बनाए,’ उनले भनिन्, ‘राति ८ बजे श्रीमान्लाई बन्धक बनाएर साहुले लग्यो । त्यसपछि जग्गा धरौटी राखेर एक लाख २५ हजार ऋण तिरायो । अहिले त्यही ऋण साढे सात लाख पुग्यो भनेर दिनदिनै साहु घरमा आउँछन् । साहुले डबल तमसुक बनाएर राखेको छ ।’

● रुपन्देहीको भैरहवा- २ निवासी मुबारक धुनियाको कथा पनि उस्तै छ । उनले स्थानीय राम अवतारसँग २५ हजार ऋण लिए । तर, साहूले चार लाख रुपैयाँ बुझ्केको कागज गराए । उनले कतार गएर तीन वर्ष बसेर दुई लाख ७० हजार तिर्दा पनि उनको ऋण अझै चुक्का भएको छैन । मुबारक धुनिया भन्छन्, ‘२५ हजार लिएको हो । चार लाखको कागज गरायो । अहिले ब्याजसहित ६ लाख ६ हजार ६७ रुपैयाँ पुऱ्एको छ । मैले दुई लाख ७० हजार तिर्दै बाँकी तिर्न नसकेपछि भएको जग्गा पनि अदालतमा मुद्दा हालेर रोक्का गराइदिएको छ ।’

● रुपन्देही घर भई निवासी सुमित्रा लोहारले चार वर्षअघि छोरीको विवाह गर्न स्थानीय एक साहुसँग एक लाख ८० हजार लिएका । तर, उनलाई झुक्याएर पाँच लाखको कागज गरायो । अहिले ३६ लाख पुग्यो भनेर माग्ने गरेको उनले बताइन् । लोहार भन्छिन्, ‘न खेत छ न बारी छ । श्रीमानूले साउदीमा कमाएको पैसा साहुलाई तिर्दै ठीक हुन्छ ।’ त्यसो त उनले छोरीको विवाहका लागि लिएको ऋण एक वर्षभित्र एकपटक एक लाख र अर्कोपटक ४० हजार गरी एक लाख ४० हजार तिरिसकेको बताइन् । उनी भन्छिन्, ‘तर चार वर्षपछि अहिले ३६ लाख पुग्यो भनेर दिनदिनै माग्न आउने गरेको छ ।’

करार र अस्थायी कर्मचारी जथाभावी नहटाउन निर्देशन

नयाँ पत्रिका

करार सेवा र अस्थायीमा नियुक्त भएका कर्मचारीलाई जथाभावी नहटाउन सरकारले निर्देशन दिएको छ। आवश्यकताका आधारमा नियुक्त भएका यस्ता कर्मचारीलाई नेतृत्व परिवर्तनपिच्छे जथाभावी हटाउने क्रम चलेपछि सरकारले यस्तो निर्देशन दिएको हो। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार गरेको निर्णयबमोजिम कार्यान्वयनका लागि राष्ट्रिय सतर्कता केन्द्रले मंगलबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको छ। विभिन्न कानुनी व्यवस्था र स्वीकृत बजेटको परिधिमा संघ, प्रदेश र स्थानीय गरी तीनै तहका आयोग, मन्त्रालय, विभाग तथा कार्यालयमा ठूलो संख्यामा करार र अस्थायी कर्मचारी कार्यरत छन् ।

सार्वजनिक निकायमा नेतृत्व परिवर्तन हुँदा वा नहुँदासमेत व्यक्तिगत पूर्वाग्रह वा हचुवाका भरमा करार र अस्थायी सेवामा कार्यरत कर्मचारीलाई हटाउने प्रवृत्ति निरुत्साहित गर्नुपर्ने आवश्यकता देखिएको पत्रमा उल्लेख छ। जथाभावी हटाउने प्रवृत्तिले कर्मचारीलाई सधैँभरि आफू हट्ने हो कि भन्ने डर, त्रास उत्पन्न हुने र त्यसले उनीहरूको कार्यसम्पादनमा समेत प्रभाव पर्न जाने सतर्कता केन्द्रले उल्लेख गरेको छ। स्वीकृत बजेट र दरबन्दीभित्र करारमा रहेका कर्मचारीलाई सेवा करारको पदमा ‘स्थायी कर्मचारीद्वारा पदपूर्ति भएमा वा करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनस्तर मूल्यांकन तथा नयाँ अवधिका लागि करार सम्झौतासम्बन्धी मापदण्ड, ०७८ प्रतिकूल हुने गरी निजबाट कामकाज भएमा वा अन्य प्रचलित कानुनमा व्यवस्था भएमा बाहेकको अवस्थामा नहटाउन भनिएको छ। ‘व्यक्तिगत पूर्वाग्रह राखी हचुवाको भरमा कुनै पनि करार/अस्थायी कर्मचारीलाई सेवाबाट हटाउने कार्य नगर्न-नगराउन संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यालयलाई लेखी पठाउन राष्ट्रिय सतर्कता केन्द्र (कार्यसञ्चालन) नियमावली, ०६५ को नियम ७ (३) बमोजिम तहाँ मन्त्रालयलाई निर्देशन दिने भनी मिति २०८०/१०/२९ को निर्णय (सम्माननीय प्रधानमन्त्रीस्तर) भएकाले सोहीबमोजिम कार्यान्वयनका लागि अनुरोध छ ।’ सतर्कता केन्द्रले मंगलबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ।

> जथाभावी हटाउने प्रवृत्तिले कर्मचारीलाई सधैँभरि आफू हट्ने हो कि भन्ने डर, त्रास उत्पन्न हुने र त्यसले कार्यसम्पादनमा समेत प्रभाव पर्न जाने सतर्कता केन्द्रको भनाइ

करारसम्बन्धी कानुनी व्यवस्था

निजामती सेवा ऐन, ०४९ मा ‘यो दफा प्रारम्भ हुँदाका बखत रिक्त रहेका र यो दफा प्रारम्भ भएपछि रिक्त हुने पदमा सोही दफाको उपदफा ४ बमोजिम तोकिएको सहायक कार्य गर्ने श्रेणीविहीन पद स्वतः खारेज हुने व्यवस्था छ। सम्बन्धित कार्यालयले यस्ता पद खारेज भएको जानकारी निजामती किताबखानामा पठाउनुपर्ने व्यवस्था ऐनमा छ। त्यस्ता पदमा सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्यसम्पादन गराउनुपर्ने व्यवस्था पनि ऐनले गरेको छ।

त्यस्तै, सार्वजनिक खरिद नियमावली, ०६४ को नियम ९५ मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसारपसार, सरसफाइ, टेलिफोन, विद्युत् र धाराको सञ्चालन तथा रेखदेख, पशु स्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैंचाको सम्भार र रेखदेख, टाइपिङ वा कम्प्युटर टाइप, ड्राइभिङजस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिन सकिने व्यवस्था छ।

सतर्कता केन्द्रका प्रवक्ता कृष्णप्रसाद पन्थ दरबन्दी, स्वीकृत बजेट, ऐन, नियमावलीका आधारमा रहेका करारका कर्मचारीलाई जथाभावी, विधिविपरीत र हठात् हटाउनु गलत हुने बताउँछन् । कर्मचारीको काममा चित्त नबुझेको अवस्थामा कार्यसम्पादनस्तर मापनको मापदण्डअनुसार हटाउन पनि सकिने उनी बताउँछन् ।

संक्षेप

नाबालिका बलात्कारका आरोपी पक्राउ

डडेल्धुरा/ १२ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले डडेल्धुराबाट एकजनालाई पक्राउ गरेको छ। आलिताल गाउँपालिका- ५ का २० वर्षीय पुष्कर थापालाई प्रहरीले पक्राउ गरेको हो। घटना ६ माघको भए पनि हालै सार्वजनिक भएको हो। बालिकाको स्वास्थ्यमा समस्या आएपछि आफन्तले आइतबार उनलाई परशुराम नगरपालिकास्थित जोगबुडा अस्पताल पुऱ्याएका थिए। जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रहरी नायब उपरीक्षक दीपक कार्कीका अनुसार उपचारमा संलग्न चिकित्सकले बालिकामाथि बलात्कार भएको आशंका गरेपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि आफन्तबाट जाहेरी लिएर युवकलाई पक्राउ गरी घटनाबारे अनुसन्धान भइरहेको डिएसपी कार्कीले बताए। ती बालिका एक वर्षअघि पनि बलात्कारको सिकार भएको खुलेको छ।

ज्यान मार्ने धम्की दिने पूर्ववडाध्यक्षविरुद्ध उजुरी

खोटाङ/ ऐँसेलुखर्क गाउँपालिका- २ बाकाचोलमा सञ्चालित लघुजलविद्युत् आयोजनाको महसुल नतिर्ने ग्राहकको लाइन काट्न गएका कर्मचारीलाई गालीगलौज र ज्यान मार्ने धम्की दिएको आरोपमा पूर्ववडाध्यक्षसहित तीनजनाविरुद्ध प्रहरीमा उजुरी परेको छ। विद्युत् महसुल नतिर्ने ग्राहकको लाइन काट्न गएका सहकारीका कर्मचारीलाई ज्यान मार्ने धम्की दिएको भन्दै पूर्ववडाध्यक्ष सन्तवीर तामाङसहित तीनजनाविरुद्ध इलाका प्रहरी कार्यालय ऐँसेलुखर्कमा उजुरी परेको हो। लघुजलविद्युत्को लाइन काट्न गएका एकजना लेखापाल र दुईजना लाइन्सम्यानमाथि गालीगलौज र ज्यानधम्की दिएको भन्दै सहकारीका अध्यक्ष हेमकाजी पुरीले कारबाहीको माग गर्दै प्रहरीमा जाहेरी दिएको इलाका प्रहरी प्रमुख प्रहरी निरीक्षक हरि बरालले जानकारी दिएका छन्। तीन महिनासम्म विद्युत्को महसुल नबुझाउने ग्राहकको लाइन काट्ने निर्णयअनुसार सहकारीका कर्मचारी प्रहरीसहित २४ माघमा सन्तवीरका बुबा डम्बरबहादुर तामाङ र भिनाजु लाक्पा तामाङको घरमा पुगेका थिए।

जनयुद्ध दिवसमा दीप प्रज्वलन

काठमाडौं/ माओवादी केन्द्रको उपत्यका विशेष प्रदेश समितिले २९औँ जनयुद्ध दिवसको अवसरमा मंगलबार शान्तिवाटिकामा दीप प्रज्वलन गरेको छ। सो अवसरमा माओवादी केन्द्रको बागमती प्रदेश अध्यक्ष सरल सहयात्रीले जनयुद्धकै कारण मुलुकमा अहिलेको परिवर्तन सम्भव भएको बताए। उनले १ फागुन, ०५२ मा जनयुद्ध सुरु गरेर नेपालमा औपचारिक हिसाबले सारा परिवर्तनकारी योजनाको संश्लेषण गरेर संविधान निर्माणसम्म पुगेको बताए। ‘जनयुद्धकै जगमा बनेको संविधानले आज नेपाली जनतालाई स्वतन्त्रता प्रदान गरेको छ,’ उनले भने। उनले जनयुद्धलाई आतंकवाद र आफ्नो देशकै दाजुभाइविरुद्ध लड्ने युद्ध हो भनेर कुप्रचार भइरहेकोमा आपत्ति जनाए। ३० वर्षअघि सार्वजनिक यातायातमा सवार गर्ने महिलाहरूलाई हिंसा गर्नु शासकले अधिकार जस्तो गरे पनि अहिले महिला हिंसाविरुद्धको कानुन र प्रहरी तैनाथ भएको उनले बताए। कसैलाई कुनै प्रकारको अन्याय भए अदालतमा गएर ठीक ढंगले अपिल गरे न्याय पाउने स्थिति सिर्जना गरिएको उनको भनाइ थियो।

संगठन विभागको हस्तक्षेपपछि एमाले धादिङको अधिवेशन पुनः सुरु

काठमाडौं/ विवादका कारण ११ दिनदेखि स्थगित एमाले धादिङको जिल्ला अधिवेशन केन्द्रीय संगठन विभागको हस्तक्षेपपछि मंगलवार पुनः सुरु भएको छ। संगठन विभागले प्रतिनिधि र अध्यक्षमण्डलमा देखिएको विवाद समाधान गर्दै नयाँ निर्देशन दिएसँगै २० माघमा स्थगित जिल्ला अधिवेशन पुनः सुचारु भएको हो।

जिल्ला अधिवेशन सम्पन्न गराउन विभाग प्रमुख काशीनाथ अधिकारीले स्थायी समिति सदस्य भानुभक्त ढकालको अध्यक्षतामा अध्यक्षमण्डलको सूची पठाएको थियो। जसअनुसार अध्यक्षमण्डलमा कैलाश ढुंगेल, धर्मदत्त देवकोटा, खेम लोहनी, माधव ढुंगेल, जानुका सिंखडा, रेशम लामा, दावादोर्जे लामा र नवराज सिलवाल सदस्य रहेका छन्। जिल्ला कमिटीलाई अधिवेशन सम्पन्न गर्न अध्यक्षमण्डललाई सहयोग गर्न निर्देशन दिइएको छ। त्यस्तै, जिल्ला अधिवेशनका लागि पाँच सय ७८ प्रतिनिधिको सूची प्रमाणीकरण गरेर पठाएको छ।

महासमिति बैठकको अन्तिम तयारीमा कांग्रेस

नयाँ पत्रिका

कांग्रेसले महासमिति बैठकको तयारी अन्तिम चरणमा पुऱ्याएको छ। नीति अधिवेशनसमेत हुने गरी ७ देखि १० फागुनमा हुन लागेको बैठकको व्यवस्थापकीय र नीतिगत तयारी तीव्र पारिएको कांग्रेसले जनाएको छ।

मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार व्यवस्थाकीय तयारीअन्तर्गत जिम्मेवारी पाएका समितिहरूलाई पूर्णता दिइएको छ। महासमिति बैठकका प्रतिनिधिको अन्तिम टुंगो लगाउन र प्रस्ताव पारित गर्न ३ फागुनमा केन्द्रीय कार्यसमिति बैठक बोलाइएको छ। बैठकले महासमिति उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा रहेको नीतिगत प्रस्ताव, महामन्त्री गगन थापाको संयोजकत्वमा तयार भएको सांगठनिक प्रतिवेदन र महामन्त्री विश्वप्रकाश शर्माले तयार गरेको समसामयिक राजनीतिक प्रतिवेदन पारित गर्नेछ।

२८ स्थानमा समयमा प्रतिनिधि छनोट हुन नसकेपछि ती स्थान थाती राखेर केन्द्रीय निर्वाचन समितिले प्रतिवेदन पेस गरेको छ। समिति संयोजक खम्बबहादुर खातीका अनुसार समय अभावका कारण बाँकी निर्वाचन थाती राखेर प्रतिवेदन बुझाएको हो। केन्द्रीय समितिले यही आधारमा प्रस्ताव र प्रतिनिधिको टुंगो लगाउनेछ। बैठक गोदावरीस्थित अन्तर्राट्रिय सम्मेलन केन्द्र (सनराइज सम्मेलन केन्द्र) मा हुँदै छ। प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार महासमिति बैठकका लागि सभापति शेरबहादुर देउवाको संयोजकत्वमा मूल तयारी समितिसहित १३ समितिले काम गरिरहेका छन्।

■ शाही र महरले कांग्रेस सुधारको प्रस्ताव लैजाँदै

कांगेस केन्द्रीय सदस्य नैनसिंह महर र युवा नेता भूपेन्द्रजंग शाहीले नीति अधिवेशनसमेत गर्ने गरी हुन लागेको महासमिति बैठकमा दबाबमूलक प्रस्ताव पेस गर्ने भएका छन्। महरले प्रस्तावमाथि तल्लो तहदेखि केन्द्रीय सदस्य, महासमिति सदस्य तथा विदेशस्थित जनसम्पर्क समितिसँग सुझाव संकलन गरिरहेका छन्। शाहीले जिल्ला र क्षेत्रका महासमिति सदस्यहरूसँगको छलफलका आधारमा प्रस्ताव तयार गरेको जानकारी दिए। शाहीका अनुसार गठबन्धन नगर्ने, आमनिर्वाचनको दुई वर्षअघि महाधिवेशनको सुनिश्चितता, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा कांग्रेसको नीति बन्नुपर्नेलगायतका प्रस्ताव पेस गर्न लागेका हुन्। प्रस्तावमा एक व्यक्तिलाई एक जिम्मेवारी, अवसरको समान र न्यायोचित वितरण, नेतादेखि कर्मचारीसम्मको सम्पत्ति छानबिनका लागि आयोग गठन गर्नुपर्ने प्रस्तावमा उल्लेख छ। शाहीले र प्रतिनिधिसभाको निर्वाचन प्रणालीमा परिवर्तनको प्रस्तावसमेत तयार पारेका छन्।

प्रतिनिधिसभाको निर्वाचनमा सबै सिट प्रत्यक्ष र राष्ट्रिय सभालाई समानुपातिक र समावेशी बनाउन उनको प्रस्ताव छ। साथै, कामका आधारमा पार्टीमा योगदान र कामका आधारमा मूल्यांकन प्रणालीको व्यवस्था गर्न जरुरी रहेको उल्लेख छ। निर्वाचनमा टिकट वितरण गर्दा अनैतिक चलखेल नगरी केन्द्रको हस्तक्षेप पूर्णतः बन्द गर्नुपर्ने, स्थानीय तहको टिकट जिल्ला समितिले, प्रदेश सांसदको प्रदेश समितिले र संघीय संसद्को टिकट केन्द्रले दिने व्यवस्था गर्नुपर्ने शाहीको प्रस्तावमा उल्लेख छ। यस्तै, पार्टीमा हरेक तहमा कम्तीमा ५० प्रतिशत युवा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने उल्लेख छ।

राजावादी पार्टी र समूहबीचको मोर्चाबन्दी अन्योलमा

राप्रपा आन्दोलनको मार्गचित्र तय गर्दै, मेची-महाकाली यात्रा प्रभावित

पर्शुराम काफ्ले/नयाँ पत्रिका

राजसंस्था र हिन्दु राष्ट्र पुनर्स्थापनासहित संघीयता खारेजीको मागमा आन्दोलनका लागि राप्रपा, राप्रपा नेपाल तथा अन्य राजावादी समूहबीच मोर्चाबन्दी प्रयास अन्योलमा परेको छ। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले राप्रपा नेपालका अध्यक्ष कमल थापा र दुर्गा प्रसाईंसँग बेग्लाबेग्लै छलफल गरे पनि मोर्चाबन्दीको विषयमा छलफल नै भएन। राष्ट्रिय प्रजातन्त्र पार्टीले मोर्चाबन्दीका लागि आफ्नो सैद्धान्तिक नेतृत्व दाबी गरेको छ।

राप्रपा अध्यक्ष लिङ्देन सबै समूहले आफ्नै प्रकारले आन्दोलन सुरु गर्नुपर्ने र आवश्यकताअनुसार संयुक्त कार्यक्रम गर्न सकिने धारणा राख्दै आएका छन्। सुरुमा राप्रपा नेपालसँग समझदारी गर्ने उनको प्रयास छ, तर ठोसरूपमा छलफल भइसकेको छैन। लिङ्देन र थापाबीच १७ माघमा सम्भावित आन्दोलनका लागि सहकार्यका बारेमा छलफल भएको थियो। ‘सुरुमा राप्रपा र राप्रपा नेपाल मिलौंभन्ने विषयमा मैले राप्रपा अध्यक्ष लिङ्देनसँकुरा गरेको छु। फेरि छलफल गरौं भन्नेबाहेक ठोस सहमति भएको छैन’ राप्रपा नेपालका अध्यक्ष कमल थापाले भने, ‘पहिला हामी समान धारणा बनाएपछि अरूसँग कुराकानी गर्न सजिलो हुन्छ भन्ने हो। यसका लागि राप्रपाको पहलकदमी आवश्यक छ।’

राप्रपा अध्यक्ष लिङ्देनले सबैलाई लिएर अघि बढ्न चाहेको बताए। ‘हिन्दु राष्ट्र, राजसंस्था, संघीयताविरोधी र वित्तीय सुशासन पक्षधरलाई हामी जोड्दै जान्छौं। राप्रपाका समूह (राप्रपा नेपाल)मात्र नभएर बाहिर रहेका यो एजेन्डामा काम गरिरहेकाहरूसँग सहकार्य गर्नुपर्छ,’ उनले भने, ‘यो विचार समूहको सबैभन्दा ठूलो दलका रूपमा र एजेन्डावाहकका रूपमा यसको सैद्धान्तिक नेतृत्व राप्रपाले लिनेछ। यस सन्दर्भमा सबैसँग छलफलका लागि तयार छौं।’ उनले आ-आफ्नो तरिकाले आन्दोलन गर्ने र आवश्यकताअनुसार मिलेर जाने अथवा मोर्चाका रूपमा सँगै आन्दोलन गर्नेलगायतका विषयमा छलफल गर्न राप्रपा खुला रहेको पनि बताए।

● राजेन्द्र लिङ्देन
अध्यक्ष, राप्रपा



हिन्दु राष्ट्र, राजसंस्था, संघीयताविरोधी र वित्तीय सुशासन पक्षधरलाई हामी जोड्दै जान्छौं। राप्रपाका समूह (राप्रपा नेपाल) मात्र नभएर बाहिर रहेका विचार मिल्नेसँग सहकार्य गर्नुपर्छ। यो विचार समूहको सैद्धान्तिक नेतृत्व राप्रपाले लिनेछ।

● कमल थापा
अध्यक्ष, राप्रपा नेपाल



राप्रपा र राप्रपा नेपाल मिलौं भन्ने विषयमा मैले राप्रपा अध्यक्ष लिङ्देनसँकुरा गरेको छु। फेरि छलफल गरौं भन्नेबाहेक अन्य सहमति भएको छैन। पहिला हामी समान धारणा बनाएपछि अरूसँग कुराकानी गर्न सजिलो हुन्छ भन्ने हो। यसका लागि राप्रपाको पहलकदमी आवश्यक छ।

लिङ्देन र प्रसाईंले आन्दोलनमा सहकार्य गर्ने सैद्धान्तिक सहमति गरेका छन्। ‘सहकार्यको ढाँचा र एजेन्डातय गर्न थप कुराकानी गर्छौं,’ लिङ्देनले भने। राप्रपा प्रवक्ता मोहन श्रेष्ठका अनुसार प्रसाईं समूहसँग सहकार्यको ढाँचाबारे छलफल गर्न पार्टीलेमहामन्त्री धवलशमशेर राणा र उपाध्यक्ष हेमजङ गुरुङलाई जिम्मा दिएको छ।

राप्रपाको कार्यतालिका प्रभावित

माघभरि मेची-महाकाली जागरणयात्रा र फागुन पहिलो साता काठमाडौंबाट आन्दोलन घोषणा गर्ने राप्रपाको कार्यतालिका प्रभावित भएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले १ देखि ३ पुसमा केन्द्रीय समितिको बैठकले पूर्व र पश्चिमबाट नारायणीमा कार्यकर्ता र शुभेच्छुक जम्मा गरेर काठमाडौं ल्याउने र उनीहरूलाई घर नफर्काएर आन्दोलन गर्ने निर्णय गरेको थियो।

कोशीको सभामुखमा २४ पुसमा राप्रपाका अम्बरबहादुर विष्ट सर्वसम्मतरूपमा निर्वाचित भएपछि राप्रपामा उत्पन्न विवादले आन्दोलनका पूर्वनिर्धारित कार्यक्रम प्रभावित भएको थियो। प्रदेश खारेजीको आन्दोलनमा जाने निर्णय गरेपछि प्रदेशको सभामुखमा निर्वाचित हुनु पार्टी निर्णयविपरीत भएको भन्दै उनलाई सभामुखबाट फिर्ता बोलाउन पार्टी निर्देशन समितिका अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले निर्देशन दिएका थिए।

राप्रपाले आन्दोलनका लागि अध्यक्ष लिङ्देनको नेतृत्वमा मूल समिति र महामन्त्री डा. धवलशमशेर राणाको नेतृत्वमा जनआन्दोलन परिचालन समिति गठन गरेको छ। मूल समितिको २५ माघको बैठकमा आन्दोलन परिचालन समितिका संयोजक राणाले मुद्दा मिल्ने समूहहरूसँग मोर्चा बनाउने प्रस्ताव गरे। तर, परिचालन समितिका सदस्यहरू राजेन्द्र गुरुङ, राजेश गिरी, भरत पाठकलगायतले असहमति जनाएका थिए।

सामुदायिक रेडियोलाई सरकारले सहयोग नगरेको गुनासो

काठमाडौं/ सामुदायिक रेडियोको विकासका लागि सरकारले नीतिगत रूपमा पर्याप्त व्यवस्था गर्न नसकेको रेडियोकर्मीले गुनासो गरेका छन्। १३औँ विश्व रेडियो दिवसको अवसरमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको आयोजनामा मंगलबार ललितपुरमा आयोजित कार्यक्रमका वक्ताले समुदायको सुख-दुःखको साथी सामुदायिक रेडियोको प्रवर्द्धनमा सरकारले रचनात्मक सहयोग नगरेको गुनासो गरे।

कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री डा. प्रकाशशरण महतले समाज रूपान्तरणका लागि सामुदायिक रेडियोको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै सामुदायिक रेडियोको सुरक्षा र संरक्षणका लागि जहिल्यै सकारात्मक रहेको बताए। देशभरका रेडियोलाई यस वर्षको नवीकरणको जरिवानाबापतको रकम छुट दिन सञ्चार मन्त्रालयलाई यसअघि नै सहमति दिइसकेको बताए। उनका अनुसार नवीकरणको जरिवानामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नै छुटको व्यवस्था कार्यान्वय गर्नेछ। रेडियोले तिर्दै आएको रोयल्टी छुटका लागि पहल गर्ने प्रतिबद्धता पनि उनले जनाए।

कार्यक्रममा अकोराब नेपालका अध्यक्ष अर्जुन गिरीले मिथ्या र भ्रमपूर्ण सूचना चिर्न र समुदायको आवाज बन्न सामुदायिक रेडियोको भूमिका सबैभन्दा प्रभावकारी रहेको बताए। सरकारले रोयल्टी तथा नवीकरणमा सहुलियत दिन नसकेको गुनासो गरे। अब बन्ने सञ्चारसम्बन्धी कानुनमा सामुदायिक रेडियोको पहिचान हुने गरी छुट्टै व्यवस्था गरिनुपर्ने उनको भनाइ छ। विभिन्न बहानामा सरकारले उल्झन खडा गर्ने र तीन सय प्रतिशत जरिवाना असुल्ने गरेको भन्दै अध्यक्ष गिरीले यस्तो काम तत्काल रोक्न जोड दिए।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पत्रकार र सञ्चार संस्था सधैं सरकारसँग माग्ने हैसियतमा मात्र रहेको भन्दै सरकारको व्यवहारप्रति असन्तुष्टि जनाए। अमार्कका उपाध्यक्ष तथा अकोराबका पूर्वअध्यक्ष सुवास खतिवडाले विकास र सुशासनका लागि सामुदायिक रेडियोसँग साझेदारी गर्नेबारे सरकारी तथा गैरसरकारी निकायले सोच्नुपर्ने धारणा राखे। कार्यक्रममा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले सामुदायिक रेडियोले आफ्नो उद्देश्य, लक्ष्य र योजना प्रभावकारी बनाउँदै लैजानुपर्नेमा जोड दिए।

विश्व सामाजिक मञ्च र नेपाली समाज

विश्वले विकासमा फड्को मारिसक्दा पनि नेपाली समाज अन्याय, अभाव र विभेदमा अल्झिरहेको छ, मानिसहरू दासताको अवस्थाबाट उठ्न सकिरहेका छैनन्



● विश्वास नेपाली

अग्रलेख

के 'अर्को विश्व सम्भव छ' ? यही मूल नाराका साथ आगामी २०८० फागुन ३ देखि ७ सम्म काठमाडौंमा विश्व सामाजिक मञ्च आयोजना हुँदै छ। विश्वभरका करिब ४० देखि ५० हजार मानिस भेला हुने अनुमान गरिएको सम्मेलनमा प्रकृति, ब्रह्माण्ड र मानव जीवनका विविध विषयमा चारसय ५० भन्दा बढी सत्रमा विश्वका अनुभवी, दिग्गज र प्राज्ञिक व्यक्तिबाट छलफल, प्रशिक्षण, बहस, पैरवी हुने बताइएको छ।

सन् २००१ मा ब्राजिलको पोर्तो एलेग्रेमा भएको पहिलो विश्व सामाजिक मञ्चको १६औँ संस्करण नेपालमा आयोजना हुन लागेको हो। सामाजिक क्षेत्रमा काम गर्ने अभियन्ताहरूका लागि यो एउटा खुसीको क्षण हो। सँगसँगै विश्व समाजलाई नजिकबाट बुझ्ने थलो र नेपालको मुद्दा विश्वसाम पुऱ्याउने अवसर पनि।


विश्व सामाजिक मञ्चमा मुख्यतः १३ वटा थिम '(१) आर्थिक असमानता र आर्थिक न्याय, (२) श्रम, प्रवास, जबर्जस्ती श्रम, दासत्व र बेचबिखन, (३) जातीय, काम र वंशमा आधारित भेदभाव, जाति, जातीय, आदिवासी जनजाति, छुवाछुत, भेदभाव, र सबै प्रकारका भेदभाव, (४) लिंग, लैंगिकता र पहिचान, र लिंक आधारित हिंसा, (५) भूमि, कृषि, कृषि पारिस्थितिकी, खाद्य सम्प्रभुता, ऊर्जा र प्राकृतिक स्रोतहरू, (६) शान्ति, द्वन्द्व, युद्ध, पेसा, विस्थापन र सुरक्षा, (७) शिक्षा, कला र संस्कृति, (८) सञ्चार, सामाजिक सञ्जाल र मिडिया (डिजिटल समानता), (९) लोकतन्त्र, मानव अधिकार, अधिनायकवाद, कानुन र न्याय, (१०) स्वास्थ्य, सामाजिक सुरक्षा र समानता, (११) जलवायु न्याय, पारिस्थितिकी, आवास र दिगो विकास, (१२) महिला, बालबालिका, युवा, किशोरकिशोरी, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरू सामाजिक आन्दोलन नागरिक अन्तरिक्ष र विश्व सामाजिक फोरमको भविष्य, (१३) सामाजिक आन्दोलनहरू, नागरिक ठाउँ र विश्व सामाजिक फोरमको भविष्य'मा बृहत् छलफल र बहस हुनेछन्।

विश्व मानव समाज यतिबेला जलवायु संकट, असमानता, गरिबी तथा भोकमरी, सार्वजनिक स्वास्थ्य, द्वन्द्व र हिंसा, वातावरणीय क्षति, प्रविधिको प्रयोगजस्ता समस्याबाट गुज्रिरहेका छन्। पृथ्वीमा विभिन्न खालका समस्या उत्पन्न भइरहेका छन्। यी मुद्दा संयुक्त राष्ट्र संघले सन् २०१५ देखि २०३० सम्म तय गरेको १७ वटा दिगो विकास लक्ष्यमा पनि समेटिएका र सम्बोधन गरिनुपर्ने विषय हुन्।

यी समस्यासँग जुध्दै मानव जीवन र विश्व मानव समुदायलाई जोगाइराख्नका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायबीच सहकार्य, सहअस्तित्व र सहयोग आदानप्रदान जरुरी छ। यसका लागि व्यक्ति, समाज, सरकार, व्यवसायी र नागरिक समाजको सहकार्य जरुरी छ। तर, के अहिलेको हाम्रो विश्व समाज यी कार्यका लागि तयार छ त ?

अहिले विश्व सीमित संख्याका शक्तिशाली राष्ट्र र सीमित संख्याकै पुँजीपतिको कब्जा, अर्थात् उनीहरूकै इसारामा चल्नुपर्ने प्रत्यक्ष-अप्रत्यक्ष मारबाट गुज्रिरहेको छ। बजार उनीहरूको कब्जामा छ। राजनीति उनीहरूको कब्जामा छ। उत्पादन र वितरणसमेत उनीहरूकै कब्जामा छ। उपभोग्य वस्तुको मूल्य उनीहरूकै नियन्त्रणमा छ।

अहिलेको विश्वमा प्रमुख समस्याको रूपमा जलवायु संकट देखा परेको छ। यसले मानव समुदायलाई मात्र नभई विश्वको जलवायु, प्रकृति, वातावरण, जीवजन्तु र पर्यावरणलाई नै नराम्रो प्रभाव पार्दै लगेको छ। जसले गर्दा हिजोको सेता हिमाल देखिन छाडे। पानीका मुहान सुक्ने थाले। बढ्दो तापक्रम, बढ्दो सुक्खापन र खडेरीले कृषि उत्पादन घट्न थाल्यो। यस्तो जलवायु संकट निम्त्याउने पनि मानवीय क्रियाकलाप नै हुन्। आजका विकासशील देश, जसले ठुल्ठूला आणविक भट्टी, कलकारखाना, उद्योगधन्दा चलाए, उनीहरूकै कारण ब्रह्माण्डमा प्रत्यक्ष असर पर्न गएको हो। युरोपियन युनियनको कपर्निकस क्लाइमेट चेन्ज सर्भिसले सन् २०२३ को फेब्रुअरीदेखि २०२४ को जनवरीसम्म गरेको सर्वेक्षणमा पृथ्वीको तापक्रम सरदर १.५ डिग्री बढेको बताएको छ। कार्बन उत्सर्जन न्यूनीकरणमा औद्योगिक मुलुकले जुन कदम चाल्नुपर्ने हो, त्यता बेवास्ता गरिदिँदा उत्सर्जन बढ्दो छ। यो विषयमा उचित बहस र पैरवी नहुने हो भने यसले भयावह स्थिति ल्याउने निश्चित छ। विश्व सामाजिक मञ्चमा यो विषय प्रमुखताका साथ उठ्ने र छलफल गर्ने एवं सम्बन्धित देशलाई यो विषयमा उचित कदम चाल्न आह्वान पनि गर्नुपर्ने देखिन्छ। विश्वका करिब एक प्रतिशत धनीहरूले विश्व बजार कब्जा गरेका छन्। स्रोत र सम्पत्ति थुपारेका छन्। संसारका अधिकांश मानिस मध्य र साना आय भएका वर्गमा पर्छन्। मानव विकासक्रमको सामूहिक उत्तरदायित्व र सामूहिक जीवन पद्धतिबाट मानिस व्यक्तिगत सम्पत्ति



र व्यक्तिवादी जीवन पद्धतितर्फ बदलिएपछि क्रमशः सामूहिक जीवन पद्धति छिन्नभिन्न हुँदै गएको छ। निजी सम्पत्तिप्रति मोह बढ्न थाल्दा हुने र सक्नेहरूले सम्पत्ति थुपार्दै आएका छन्। मानिसलाई जतिसक्दो बढी आफ्नो स्वामित्वमा भूमि, सम्पत्ति र स्रोत राख्ने हुटहुटीले समाजमा वर्ग विभाजित छ। मार्क्सले उहिल्यै भनेका थिए, समाजमा हुने र नहुने वर्गहीच द्वन्द्व छ। अहिले वर्गीय समाज छ। जसलाई नभत्काएसम्म न त समाजवाद आउँछ, न त साम्यवादमै पुग्न सकिन्छ। साम्यवाद अर्थात् सबै बराबरी।

> विश्व सामाजिक मञ्चको १६औँ संस्करण नेपालमा आयोजना हुनु सामाजिक क्षेत्रमा काम गर्ने अभियन्ताका लागि खुसीको क्षण हो भने विश्व समाजलाई नजिकबाट बुझ्ने थलो र नेपालको मुद्दा विश्वसामु पुऱ्याउने अवसर पनि हो

आज हामी देखिरहेका छौँ, जनसंख्याको अधिकांश हिस्सा किसान र मजदुर छन्। तर, उनीहरू भुइँमा छन्, त्यही भुइँको स्वामित्व र पहुँच उनीहरूसँग छैन। यसले गर्दा यो जगत्मा एउटा वर्गलाई अब त बाँच्नै सकिँदैन कि भन्ने आभास हुन्छ। र, उनीहरू जमिन र जगत्मा आश्रय र जीविकाका लागि संघर्ष गरिरहेका छन्। भूमि, पानी, जलवायु, रोजगारी, खाद्यन्नका लागि लामो लडाइँ लडिरहेका छन्।

आफ्नो स्वामित्वमा जमिन वा उत्पादन गरी खाने भूमिको पहुँच नहुँदा विश्वमा अहिले पनि करिब १० प्रतिशत जनसंख्या भोकमरीमा छन्, अर्थात् संसारका एक अर्बजति मानिस राति भोकै सुत्छन्। गरिबीमध्ये करिब एक भाग मानिस भूमिहीन छन्। विश्व भोकमरी सूचक प्रतिवेदन २०२२ अनुसार ८२ करोड ८० लाख मानिस भोकमरीको चपेटामा बाँच्न विवश छन्। हरेक वर्ष ९० लाख मानिसको भोकमरीका कारण मृत्यु हुने गरेको छ। विश्व भोकमरी सूचीमा १२१ देशमध्ये नेपाल ८१औँ स्थानमा छ।

संयुक्त राष्ट्र संघले सन् २०१५ मा दिगो विकासका लागि १७ वटा लक्ष्य सार्वजनिक गऱ्यो। यो लक्ष्य आगामी २०३० सम्म पूरा गर्ने महत्त्वाकांक्षी योजना अधि सारिएको छ। संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रले यी लक्ष्य कार्यान्वयन गर्ने प्रतिबद्धता पनि जनाएका छन्। तर, दिगो विकास लक्ष्यको पहिलो बुँदामै राखिएको गरिबी अन्त्य र दोस्रो लक्ष्यमा राखिएको शून्य भोकमरी भने पनि आज पनि विश्वमा करोडौँ मानिस गरिबीमा छन्। भोकमरीको चपेटामा छन्। एक छाक पेट भर्न गाह्रो छ।

विश्वमा अहिले पनि हिंसात्मक द्वन्द्वका घटना बढ्दो छ। एउटा देशले अर्को देशलाई कब्जा गर्ने वा अधीनमा राख्ने नाममा द्वन्द्व बढ्दो छ। पहिल्लो समयमा रुस-युक्रेन युद्ध होस् वा इजरायल-प्यालेस्टाइन युद्ध। जसले मानव समुदायलाई नराम्रो प्रभाव पारिरहेको छ। कतिपय विकसित मुलुकले आफ्नो देशमा उत्पादन भएको आधुनिक हतियार बिक्री गर्नका लागि दोस्रो-तेस्रो देशलाई युद्धप्रति अभिप्रेरित गरिरहेका छन्। नाफामा रहन र शक्तिमा रहिरहन गरिएको यस्तो कार्यले सिंगो मानव समुदायलाई प्रत्यक्ष असर पारिरहेको छ। उनीहरूको बाँच्न पाउने अधिकार हनन भइरहेको छ।

अहिले हामी आधुनिक युगमा छौँ। यो युग प्रविधि र सञ्चारको युग हो। संसारका विकसित देश यस्तो प्रविधिको प्रयोगमार्फत विभिन्न ग्रहको भ्रमण गर्न थालिसके। प्रविधिकै प्रयोगले विकासमा धेरै फड्को मारिसके। तर हाम्रो नेपाली समाज अहिले पनि विभिन्न समस्याले गुज्रिरहेको छ। यहाँका युवालाई देशले रोक्न सक्ने अवस्था छैन। विभिन्न तेस्रो मुलुकमा गएर पसिना बगाउनुपर्ने बाध्यतामा नेपाली छन्। युद्धरत देशमा समेत गएर आफ्नो जीवन युद्धमा होमाउन बाध्य छन्।

नेपाली राजनीति र राज्य व्यवस्था जनमुखी हुन नसक्दा यहाँ विभिन्न खालका अवसर सिर्जना हुन सकिरहेका छैनन्। पढ्नका लागि धेरै खर्चेर बिदेसिनु बाध्यता बन्दै छ। काम गर्न बाहिर जानुपर्ने बाध्यता छ। मजदुरी गर्न बाहिर जानुपर्ने बाध्यता छ। देशमा शिक्षा, स्वास्थ्य, रोजगारी, आवासका लागि सबै मानिसको पहुँच छैन। यी विषय राज्यले निःशुल्क पनि गर्न सकेको छैन। विकृत राजनीतिले देशलाई गन्जागोल बनाइरहेको छ। भुइँतहका मानिस पीडामा छन्। नेपाल अहिले पनि कृषि उत्पादनमा निर्भर देश हो। सक्नेजति युवा त विदेश गएका छन्। परिश्रम गरिरहका छन्। त्यहाँबाट केही रेमिट्यान्स पठाएर परिवारको जीविकोपार्जनमा मद्दत पनि गरिरहेका छन्। तर, यहीं बस्ने अधिकांश मानिस त कृषिमै निर्भर छन्।

नेपाली किसानका समस्या, भूमिहीनता, गरिबी, जलवायु संकट र त्यसले पारेको असर न्यूनीकरणका लागि विश्व समुदायको ध्यान जानुपर्छ। विकसित मुलुकका कारण नेपाली समुदायले भोग्नुपरिरहेको समस्याको उचित सम्बोधनका लागि उनीहरूले पनि पैरवीको विषय बनाउनुपर्छ।

विश्वले विकासमा फड्को मारिसक्दा नेपाली समाज अहिले पनि अन्याय, अभाव र विभेदमा अल्झिरहेको छ। मानिसहरू दासताको अवस्थाबाट माथि उठ्न सकिरहेका छैनन्। पश्चिममा कायम हलिया प्रथा होस् या तराईंका हरवाचरवा, हजारौँ मानिसले दासताको जीवनबाट उन्मुक्ति पाउन सकिरहेका छैनन्। राज्यले त्यता ध्यान दिएको छैन। लाखौँ मानिस गरिबी, भूमिहीनताको जीवन बिताइरहेका छन्। कुल जनसंख्या १४ प्रतिशतभन्दा बढी दलित जनसंख्या अहिले पनि छुवाछुतजन्य विभेदकारी अभ्यासबाट पिल्सिएका छन्। यी विषयमा पनि विश्व समुदायको ध्यान जानुपर्छ र नेपाली समाजलाई सुन्ने गरी भन्नुपर्छ कि मानव सबै एक हुन्, आर्थिक, सामाजिक, जातीय, वर्गीय रूपमा विभेद गरिनु अमानवीय कार्य हो।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **गोपीनाथ मैनाली**लाई



मध्यावधि समीक्षाका क्रममा बजेटको आकार किन घटाइन्छ ?

विगतदेखि नै मध्यावधि समीक्षाका वेलामा बजेटको आकार घटाइँदै आएको छ। विगतमा विष्णु पौडेलले ल्याएको बजेट जनार्दन शर्मा अर्थमन्त्री भएर आएपछि घटाउनुभएको थियो। पछि शर्मा स्वयंले ल्याएको बजेटको पनि आकार घटाउनुभएको थियो। त्यसैले, पूर्वकर्मचारी सेवा परिषद्का तर्फबाट हामीले यस वर्षको बजेट बन्दै गर्दा पनि १४ सय ५० अर्बभन्दा बढीको बजेट ल्याउनु हुँदैन भनेर सुझाव दिएका थियौं। तैपनि, 'रियालिस्टिक' बजेट आउन सकेन। उठ्ने अनुमान गरिएको राजस्व उठेन। अपेक्षाअनुरूप बाह्य सहयोग पनि जुटेन। बजेट यथार्थपरक स्रोतमा आधारित हुन सकेन। त्यसैले, बजेटको आकार घटाउनुपरेको हो।

यसरी बजेट घटाइँदा अर्थतन्त्रमा यसको प्रभाव कस्तो पर्छ ?

बजेटको आकार घटाउँदा पुँजीगत खर्चमा मात्र कटौती हुन्छ भन्ने होइन। यसरी बजेटको आकार घटाउँदा हाम्रो अनुत्पादक क्षेत्रको खर्च पनि घटाउन सक्नुपर्छ। अर्थमन्त्रीले बजेटमार्फत नै १६-१७ वटा अनावश्यक निकाय हटाउने प्रतिबद्धता जनाउनुभएको थियो। तर, यसतर्फ खासै प्रगति भएको देखिन्न। अनुत्पादक क्षेत्रमा हुने लगानी घटाइनुपर्छ। लोकरिझ्याइँका लागि ल्याइएका अनुत्पादक र अनावश्यक कार्यक्रम हटाउन सक्नुपर्छ। यस्तो गर्न सकियो भने बजेट घटाउँदा पनि समग्र अर्थतन्त्रमा ठुलो नकारात्मक प्रभाव पर्दैन।

घटाउनै नपर्नेगरी यथार्थपरक बजेट ल्याउन सकिन्न ?

किन नसकिनु ? सकिन्छ। यसका लागि अर्थ मन्त्रालय, योजना आयोग, राष्ट्र बैंक, महालेखा नियन्त्रकलगायत निकायले तथ्यमा आधारित स्रोतलाई आधार मानेर बजेट तयार गर्नुपर्छ। बजेटको आकार ठुलो या सानो होइन, रियालिस्टिक हुनुपर्छ।

प्रेरक प्रसंग

भकुन्डोको रङ

शिक्षक कक्षामा पढाउँदै थिए। पछिल्तिर बस्ने दुई विद्यार्थी आपसमा झगडा गरेको आवाज आयो। आवाज आउनासाथ शिक्षकले सोधे- के भयो ? तिमीहरू किन झगडा गर्दै छौ ? रमेशले भने- हेर्नुस् न सर, यो सन्तोष आफ्नै कुरा मात्र सही हो भनेर जिद्दी गर्छ। मेरो कुरै सुन्दैन। सन्तोषले भने- होइन सर, रमेशले भनेको कुरा बिल्कुलै गलत छ। अनि किन सुन्नु त उसको कुरा ? यति भनेर उनीहरू फेरि तँतँ र मम गर्न थाले।

शिक्षकले उनीहरूलाई रोक्दै आफ्नो नजिक बोलाए र दुवैलाई टेबलको दायाँ र बायाँ उभिन लगाए अनि दराजबाट अलि ठूलो भकुन्डो निकालेर टेबलको बीचमा राखे। उनले रमेशलाई सोधे– यो भुकुन्डाको रङ कस्तो छ ? भन त रमेश ! रमेशले तत्काले जवाफ दिए- यसको रङ सेतो छ सर ! शिक्षकलाई उछिनेर सन्तोषले भने- देख्नुभयो सर, रमेश कालो रङको भकुन्डोलाई सेतो रङको बताइरहेको छ। यसरी देख्दादेख्दै झुटो बोल्ने मान्छेको कुरा के पत्याउनु ? दुवै आआफ्नो जवाफमा दृढ थिए। त्यसैले, पुनः भकुन्डोको रङलाई लिएर बहस गर्न थाले। शिक्षकले उनीहरूलाई शान्त बनाउँदै दुवैको स्थान बदल्न लगाए। दुवै एक-अर्काको स्थानमा पुगिसकेपछि उनले पालैपालो दुवैलाई भकुन्डोको रङबारे प्रश्न गरे। दुवैको स्थानसँगै उत्तर पनि परिवर्तन भयो। अर्थात् रमेशले भकुन्डोको रङ कालो र सन्तोषले सेतो भएको बताए।

अन्त्यमा शिक्षकले गम्भीर हुँदै भने- वास्तवमा यो भकुन्डो सेतो र कालो दुई रङ मिलेर बनेको छ। जसरी एक स्थानबाट हेर्दा यो कालो देखिन्छ भने त्यसको विपरीत स्थानबाट हेर्दा यो सेतो देखिन्छ। ठीक त्यसैगरी हाम्रो जीवनमा पनि हरेक वस्तु, घटना, विचार या अन्य जेसुकैलाई पनि फरक दृष्टिकोणबाट हेर्न सकिन्छ। हामीले जसरी कुनै चिजलाई हेर्छौं, अरूले पनि त्यसैगरी हेर्छन् भन्ने छैन। त्यसैले, हामीबीच विवाद भयो भन्दैमा अर्को मान्छे गलत नै हुन्छ भन्ने हुँदैन। त्यसलाई उसको तर्फबाट पनि हेर्ने प्रयास गर्नुपर्छ। यसबाट मात्र अर्थपूर्ण संवाद हुन सक्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

शरणार्थी आगमनमा सचेत बनौं

नेपालमा अवैध शरणार्थीको संख्या बढ्दै गएको समाचार पढियो। विगतमा भुटानी शरणार्थीको बाढी थेग्न देशलाई हम्मेहम्मे परेको थियो। अन्तर्राष्ट्रिय दातृ निकायको साथ र सहयोगमा सो समस्यालाई जसोतसो पार लगाउने काम लगभग सम्पन्न भएको छ। अब फेरि विभिन्न देशका अवैध शरणार्थी बढ्दै जाँदा विगतकै समस्या नदोहोरिएला भन्न सकिन्न। त्यसैले, शरणार्थी आगमनबारे समयमै सचेत बनौं। अवैध आप्रवासनमाथि कडाइ गरौं। शरणार्थीको संख्यामा समयमै न्यूनीकरण गरौं।

● **मन्जु कामत**, गोठाटार, काठमाडौं

गरिबी घटाउने कसले ?

नेपालमा अझै पनि साढे ५८ लाख नेपाली गरिबीको रेखामुनि रहेको तथ्यांक पढ्दा दुःख लाग्यो। आज पनि सामान्य जीवन यापन गर्न नसक्ने, आधारभूत आवश्यकता जुटाउन नसक्ने, सन्तानको शिक्षादीक्षा र परिवारको स्वास्थ्योपचार सुनिश्चित गराउन नसक्ने परिवार धेरै देखिनु सबैका लागि चिन्ताको विषय बन्नुपर्ने हो। राज्यले तथ्यांक मात्र निकालेर हुँदैन। उसले गरिबी घटाएर जनतालाई गरिबीको रेखाबाट उकास्न सक्नुपर्छ।

● **सुजिता महत**
क्षेत्रपाटी, काठमाडौं

उपकुलपतिका सम्भावित अनुहार

देशकै जेठो त्रिभुवन विश्वविद्यालयका उपकुलपति पदका लागि 'सर्टलिस्ट'को नाटक मञ्चन गरिँदै छ। सरकारले स्वच्छ छवि भएको प्राज्ञिक व्यक्तित्वलाई त्रिविको नेतृत्व सुम्पिने सार्वजनिक रूपमै घोषणा गरेको छ। तर, पछिल्लो समयमा सर्टलिस्टमा परेका नामप्रति भने स्वयं सांसदहरूकै आपत्ति रहेको देखिँदै छ। आखिर उपकुलपतिका सम्भावित अनुहार किन अस्वीकार्य बन्दै छन् ? यहाँ उपयुक्त प्राज्ञिक व्यक्तिको अभाव भएकै हो ?

● **उमाकान्त रिमाल**
थापाथली, काठमाडौं

लोकतान्त्रिक विधान बनाऊ

यतिखेर काठमाडौंमा माओवादी केन्द्रको विधान सम्मेलन हुँदै छ। सम्मेलनका लागि देशैभरिबाट करिब एक हजार अगुवा नेता-कार्यकर्ता संघीय राजधानी आएका छन्। उनीहरूले आफ्नो पार्टीको विधानलाई कुन रूपमा परिमार्जन गर्छन् ? त्यसैमा माओवादीको आगामी यात्रा र भविष्य निर्भर रहन्छ। विधानलाई लोकतान्त्रिक, प्रत्यक्ष निर्वाचनबाट नेतृत्वमा आउने र नयाँ र युवा पनि नेतृत्वमा पुग्न सक्ने गरी परिमार्जन गर्न सके सो पार्टी सच्चिने बाटामा गएको मान्न सकिन्छ। होइन, अहिलेकै झैं केन्द्रीय अध्यक्ष र अन्य पदाधिकारीले जतिपटक पदमा बसे पनि हुने, आजीवन अध्यक्ष बन्छु भन्दा पनि विधानले नछेक्ने, प्रतिस्पर्धाको साटो सर्वसम्मतिको नाटक मञ्चन गरिरहने गरी विधानको ढाँचा राखिरहे त्यो नै माओवादीको सकिने बिन्दु बन्न सक्छ।

माओवादी सकिने कि सच्चिने ? भन्ने विषय नितान्त माओवादीहरूकै हातमा छ। विधानमा पदाधिकारीमा उठ्नेहरूको उमेर, उनीहरू कतिपटकसम्म सोही पदमा दोहोरिन पाउने भन्ने व्यवस्था प्रस्ट पार्नु जरुरी छ। साथै, कार्यकर्ताको मतबाट चुनावमार्फत पदाधिकारी चुनिने लोकतान्त्रिक विधि अपनाउन सकेमा नयाँ मतदाता आकर्षित भई माओवादीको अस्तित्व जोगिन सक्छ। होइन भने आउँदो २०८४ को चुनावमा माओवादी चौथो पार्टी पनि बन्न नसक्ने अवस्थामा पुग्छ। कुनै वेला प्रत्यक्ष निर्वाचनमा ५० प्रतिशत सिट एक्लैले जितेको माओवादी आज संसद्मा १२ प्रतिशतमा खुम्चिन पुगेको छ। अरूको सहारामा खुट्टा टेक्ने अवस्थामा पुगेको छ। यस्तो अवस्था के कारणले भयो ? किन आमजनताले माओवादीलाई विश्वास गरिरहेका छैनन् ? अब जनताको विश्वास जित्न के गर्ने ? भन्ने सवालमा अहिलेको विधान सम्मेलनमा घनीभूत छलफल भई तदनुरूप विधान बनाउन सके मात्र माओवादीको अस्तित्व जोगिन सक्छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

पुटिनका आगामी चुनौती

सर्वसाधारण रुसीका लागि अबका दिन अप्ठ्यारा हुनेछन् र त्यसको जिम्मेवारी पुटिनको काँधमा जानेछ



देश / विदेश

● रड थर्नटन

आगामी मार्चमा रुसमा राष्ट्रपतीय निर्वाचन हुँदै छ। मौजुदा राष्ट्रपति भ्लादिमिर पुटिनले चुनाव जित्ने लगभग निश्चित छ। पुटिन सन् २००० देखि रुसी सत्तामा विराजमान छन्। पुटिनले फेरि चुनाव जिते भने अबको ६ वर्षका लागि पनि उनी सत्तामै रहिरहनेछन्, अर्थात् उनी कुल ३० वर्षसम्म सत्तामा रहनेछन्। रुसमा ३० वर्षभन्दा लामो अवधिसम्म सन् १७२१ मा निधत भएका जार पिटर द ग्रेटपछि कसैले पनि शासन गरेका थिएनन्। अर्थात्, पुटिनले रुसमा अन्य रुसी वा सोभियत नेताभन्दा बढी शासन गर्नेछन्। मार्चमा हुने चुनावमा विपक्षी नेता स्पष्ट रूपमा प्रतिस्पर्धामा छैनन्। केही देखावटी उम्मेदवार जो पुटिनकै बफादार हुन्, तिनले चुनाव लड्ने घोषणा गरेका छन्। देखावटी उम्मेदवारमा कम्युनिस्ट पार्टीका नेता निकोलाई खारितोनोभले थोरबहुत मत ल्याउलान्। यसअघिको सन् २०१८ को चुनावमा कम्युनिस्ट पार्टीका उम्मेदवारले १२ प्रतिशत मत ल्याएर दोस्रो भएका थिए, त्यसवेला पुटिनले ७७ प्रतिशत मत ल्याएका थिए।

विपक्षी उम्मेदवारको अवस्था : पुटिन वा युक्रेन युद्धविरुद्ध उभिने सम्भावित उम्मेदवारलाई विभिन्न शंकास्पद औपचारिक कारण देखाई चुनावमा प्रतिस्पर्धा गर्नबाटै वञ्चित गरिएको छ। यसरी वञ्चित गरिएका उम्मेदवारमा शान्ति अभियन्ता येकातेरिना दुन्तसोभा पनि परेकी छिन्। वास्तवमा अहिलेको रुसमा पुटिनविरुद्ध उभिनु नै बहादुरीको काम हो। यसअघि पुटिनविरुद्ध उभिने वा उनको अख्तियारीमाथि प्रश्न गर्ने अग्रणी विपक्षीलाई क्रूर व्यवहार गरिएको छ। उदारवादी नेता बोरिस नेम्त्सोभको सन् २०१५ मा क्रेमलिनबाहिर हत्या गरिएको छ। नेम्त्सोभको हत्यापछाडि पुटिनको हात रहेको शंका गरिन्छ। पुटिनका दुई अग्रणी आलोचक एलेक्सी नाभाल्नी र मिखाइल खोदोर्कोभ्स्कीलाई साइबेरिया जेलमा जाकिएको थियो। नाभाल्नी अझै पनि जेलमै यातना व्यहोरिरहेका छन् भने खोदोर्कोभ्स्की अहिले लन्डनमा निर्वासित जीवन बिताइरहेका छन्। चुनाव धाँधलीयुक्त भए पनि चुनावमा ठुलो मत ल्याएर वा जनताको म्यान्डेट बोकेको देखाउन पुटिन चुनावलाई स्वतन्त्र र निष्पक्ष देखाउन चाहन्छन्। रुसी राजनेताका रूपमा आफ्नो पहिचान स्थापित गर्न पुटिन चुनाव 'निष्कलंक' भएको देखाउन चाहन्छन्। उनी आफूलाई सत्तालोलुप तानाशाहका रूपमा प्रस्तुत गर्न चाहँदैनन्। छाँटकाँट हेर्दा रुसी जनताको स्पष्ट बहुमतबाट पुटिन राष्ट्रपतिमा पुनःनिर्वाचित हुन सक्छन्। पुटिनलाई रुसमा लोकप्रिय मत उपलब्ध छ। हालैको एक सर्वेक्षणअनुसार ८० प्रतिशत रुसी जनता पुटिनलाई समर्थन गर्छन्। पुटिनले पाएको समर्थन त्यसै आएको भने होइन, रुसी राज्य समर्थित मिडियाले पुटिनलाई समर्थन गर्दै आएको छ र उनलाई अत्यधिक सकारात्मक रूपमा प्रस्तुत गर्दै आएको छ। पछिल्ला केही वर्षयता विशेषतः सन् २०२२ को युक्रेन युद्धपछि पुटिनको आलोचना गर्ने वा राज्यको नीतिको आलोचना गर्ने मिडियालाई गम्भीर रूपमा क्षति पुऱ्याइएको छ वा देश छोड्न बाध्य बनाइएको छ। रुसी मिडिया अहिले पूर्ण रूपमा पुटिनको कब्जामा छ।

यदि पुटिन आफ्नै प्रभुत्वशाली वर्गबाट हुन सक्ने सम्भावित चुनौती पन्छाउन चाहन्छन् भने उनलाई भारी विजयको आवश्यकता छ। सत्तामा आएयता उनले शक्तिशाली सञ्जाल बनाएका छन्, अर्थात् वरिष्ठ राजनीतिक व्यक्ति, धनाढ्य र सैन्य अगुवालाई 'शक्तिशाली मन्त्रालय'को जिम्मेवारी सुम्पेका छन्। यी सम्भ्रान्तको शक्ति र धन पुटिनको सत्तामा निर्भर छ। यद्यपि पुटिन चुनावी रूपमा कमजोर हुन्छन् भने प्रभुत्वशाली वर्गको शक्ति सञ्जालबाट आउने अर्को



तस्बिर : एपी

दबंगाइ नेताले पुटिनलाई उछिन्न सक्छन्। यो वर्गको स्वार्थ पूर्ति भएर मुलुकमा स्थिरता निम्तिन्छ भने यो वर्गले पुटिनलाई अपदस्थ गराउन पनि सक्छ।

पुटिनको भविष्य : प्रभुत्वशाली वर्गका सम्भ्रान्त बेलारुसमा सन् २०२० मा भएको राष्ट्रपतीय चुनावको जस्तो अवस्था आएको देख्न चाहन्नन्। बेलारुसका राष्ट्रपति एलेक्जेन्डर लुकासेन्को भन्डै-भन्डै अपदस्थ भएका थिए। चुनाव 'धाँधलीयुक्त' भयो भनेर ठूला सडक प्रदर्शन भएका थिए। सन् २०११ मा पुटिनलाई लुकासेन्कोलाई जस्तै झट्का लागेको थियो। सन् २०११ मा रुसमा सन् २०२०को बेलारुसको जस्तो अवस्था आएको थियो। मस्को र सेन्ट पिटर्सबर्गका सडकमा हजारौँ प्रदर्शनकारीले धाँधलीयुक्त चुनावको विरोध गरेका थिए। विरोध देखेर पुटिन स्तब्ध भएका थिए। राज्यको स्थिरता गम्भीर खतरामा थियो। पुटिन फेरि सन् २०११को परिघटना दोहोरिन दिन चाहन्नन्। यसकारण पनि पुटिनलाई अब आउने राष्ट्रपतीय निर्वाचनलाई तथाकथित रूपमा 'स्वतन्त्र' र स्वच्छ देखाउनुपर्ने बाध्यता छ।

अहिले पुटिनले रुसमा ठूलो लोकप्रियता हासिल गरेका छन् (लोकप्रियताको ठूलो श्रेय पुटिनपरस्त मिडियालाई जान्छ), तर यो लोकप्रियता सदैव कायम रहिनरहन सक्छ। युक्रेन युद्ध रोकिने छाँटकाँट देखिँदैन, युद्ध अझै लम्बिनेछ। यस अवस्थामा रुसी रगत बगिरहनेछ र पैसा पनि खोलोझैं बगिरहनेछ। सटिक रूपमा भन्ने हो भने धेरैभन्दा धेरै रुसी पुरुष युद्धका लागि तयार हुनुपर्नेछ। यस अर्थमा नयाँ एवं अत्यन्तै अलोकप्रिय सरकारविरोधी लहर अवश्यम्भावी छ।

व्यापक युद्धले सामाजिक सुरक्षामा आवश्यक खर्चलाई भारी मात्रामा कटौती गर्नेछ। नतिजा कर बढ्नेछ र मुद्रास्फीति पनि बढ्नेछ। त्यसमाथि मस्कोमाथि लगाइएको तमाम नाकाबन्दीले रुसको अर्थतन्त्रलाई कमजोर बनाउने निश्चित छ। सर्वसाधारण रुसीका लागि अबका दिन अप्ठ्यारा हुनेछन् र त्यसको जिम्मेवारी पनि पुटिनकै काँधमा जानेछ। पुटिनले मार्चमा हुने चुनाव जित्न सक्छन्, तर कति समयसम्म सत्तामा टिकिरहनसक्छन् भन्ने प्रश्नको उत्तर भने अनिश्चित छ।

(थर्नटन किंग्स कलेज लन्डनका अन्तर्राष्ट्रिय अध्ययनका सह-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पाकिस्तानमा स्वतन्त्र उम्मेदवारले सरकार गठन गर्न सक्छन् ?

स्वतन्त्र सांसद या त औपचारिक रूपमा सरकार बनाउने लक्ष्य राखेको पार्टीमा सामेल हुन सक्छन् वा आफ्नो व्यक्तिगत पहिचान राख्दै उनीहरूसँग गठबन्धनमा प्रवेश गर्न सक्छन्

फेब्रुअरी ८ मा भएको निर्वाचनको ६ दिनपछि पाकिस्तानमा कुन पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुन्छ र देशको अर्को प्रधानमन्त्री को हन्छ भन्ने अझै टुंगो लागेको छैन । चुनावी निष्पक्षता प्रश्न, निर्वाचनमा गम्भीर हेरफेरको आरोप र तीन दिनसम्म लम्बिएको मतगणनामा पारदर्शिताको अन्योलबीच चुनावले विभाजित जनादेश ल्यायो । निर्वाचनमा पूर्वप्रधानमन्त्री इमरान खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई)सँग आबद्ध उम्मेदवार ९३ सिटका साथ अग्रस्थानमा रहे । उनीहरूलाई यसअघिको चुनावी चिह्न 'क्रिकेटको ब्याट'विना स्वतन्त्र रूपमा चुनाव लड्न बाध्य पारियो ।

७५ सिटसहित दोस्रो स्थानमा तीनपटक प्रधानमन्त्री भइसकेका नवाज सरिफको पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) छ । सैद्धान्तिक रूपमा पाकिस्तानको तल्लो सदन नेसनल एसेम्बलीमा पिएमएल-एन सबैभन्दा ठूलो पार्टी हो, यद्यपि यो तथ्यांक २६६ सिट रहेको सदनमा एकतिहाइभन्दा कम हो । तेस्रो स्थानमा पूर्वविदेशमन्त्री बिलावल भुट्टो जर्दारी नेतृत्वको पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) छ । पिपिपी ५४ सिटमा खुम्चिएको छ । तर, के पिटिआई समर्थित स्वतन्त्र सांसदहरू सरकार गठन गर्न वा सरकारमा सामेल हुन सक्छन्, पार्टीका लागि विकल्प के छन् र देशका लागि के हुन्छ ?

यस्तो छ अंकगणित

सरकार गठनका लागि नेसन एसेम्बलीमा मतदान भएका २६६ सिटमध्ये एक दल वा गठबन्धनलाई १३४ सिटको साधारण बहुमत चाहिन्छ । गठबन्धनमा धेरै दल समावेश हुन सक्छन् वा सिट जितेका स्वतन्त्रहरू पनि समावेश हुन सक्छन् । ती स्वतन्त्र उम्मेदवार या त औपचारिक रूपमा सरकार बनाउने लक्ष्य राखेको पार्टीमा सामेल हुन सक्छन् वा आफ्नो व्यक्तिगत पहिचान राख्दै उनीहरूसँग गठबन्धनमा प्रवेश गर्न सक्छन् ।

चुनावपछिको सरकार कहिलेसम्म बन्नुपर्छ ?

कराँचीस्थित वकिल बसिल नबी मलिकले संविधानअनुसार निर्वाचन भएको तीन हप्ताभित्र नयाँ नेसनल एसेम्ब्लीको बैठक बोलाउनुपर्नेछ । 'राष्ट्रपतिले चाँडो बोलाएबाहेक नेसनल एसेम्ब्लीको बैठक निर्वाचन भएको २१औँ दिनमा बस्नुपर्ने कानुनमा स्पष्ट रूपमा भनिएको छ,' उनले भने । राष्ट्रपति आरिफ अल्वीले तत्काल अधिवेशन नबोलाएमा २१ दिनको समय फेब्रुअरी २९ मा टुंगिन्छ । अधिवेशनको दिन दलहरूले आ-आफ्ना सहयोगीको टुंगो लगाएर गठबन्धनका लागि सहमति गरेमा प्रधानमन्त्री, सभामुख र उपसभामुखका लागि सदनका सदस्यलाई मतदान गर्न आग्रह गरिनेछ । 'ट्रेजरी बेन्च'मा नबस्ने निर्णय गरेका दलमध्ये एकबाट विपक्षी नेता पनि चयन गरिनेछ ।

दलहरूको कदम ?

पिएमएल-एनका प्रमुख नवाज सरिफले हालै लाहोरस्थित पार्टी मुख्यालयमा आयोजित एक सम्बोधनमा पूर्वप्रधानमन्त्रीसमेत रहेका आफ्ना भाइ सेहबाज सरिफलाई सम्भावित सत्ता गठबन्धनका लागि छलफल गर्न चुनावमा धेरै सिट जितेका अन्य राजनीतिक दलका नेतासँग परामर्श गर्न निर्देशन दिएका थिए । पिएमएलएन नेतृत्वले यसअघि नै सिन्ध प्रान्तमा १७ सिट जितेको पिपिपीका समकक्षीका साथै मुत्ताहिदा कौमी मुभमेन्ट (एमक्युएम) का प्रतिनिधिसँग भेट गरिसकेको छ । गठबन्धनमा अघि बढ्ने योजना र कुनै पनि गठबन्धनको रुपरेखा कस्तो हुन सक्छ भन्नेबारे अझै दलहरूले घोषणा गरेका छैनन् । पिपिपीका अध्यक्ष बिलावल भुट्टो-जर्दारीले मंगलबार आफ्नो पार्टीले प्रधानमन्त्रीको चुनावजस्ता महत्त्वपूर्ण मतको मामलामा आगामी सरकारलाई समर्थन गर्ने, तर संघीय मन्त्रिपरिषद्मा सामेल नहुने बताएका छन् । अर्कोतर्फ पिटिआईले केन्द्र, पञ्जाब र खैबर पख्तुनख्वामा सरकार गठनको रणनीति बनाउन विशेष समितिहरू गठन गरेको पाकिस्तानी समाचार संस्था डनले जनाएको छ ।



> प्राविधिक रूपमा पिटिआईसमर्थित स्वतन्त्रहरूले अन्य दलसँग गठबन्धनमा सरकार गठन गर्न सक्छन्, जसका लागि १३४ सिट जुटाउन आवश्यक छ । तर, यस्तो कदमले धेरै चुनौती निम्त्याउँछ ।

पिटिआईले चुनावी परिणाममा कथित हेरफेरको विरोधमा ध्यान केन्द्रित गरेको छ । पार्टी नेतृत्वले ठूलो संख्यामा सिटहरूको वास्तविक परिणाम उल्ट्याइएको, आफ्ना उम्मेदवारहरूलाई विजयबाट वञ्चित गरेको दाबी गरेको छ । पार्टीले आफ्नो सिट १३४ को जादुई अंकमा रहेको सुनिश्चित रहेको दाबी गरेको छ । आफूहरू कुनै पनि प्रमुख राजनीतिक दलसँग हात नमिलाउने पिटिआईका वरिष्ठ सदस्य सैयद जुल्फिकार बुखारीले भनेका छन् । 'हाम्रो आन्तरिक पार्टी छलफल र परामर्श जारी छ । हामीसँग धेरै विकल्प छन्,' उनले भने, 'पार्टीमा प्रवेश गर्ने निर्णय छिट्टै हुन्छ ।'

प्राविधिक रूपमा पिटिआई समर्थित स्वतन्त्रहरूले अन्य दलसँग गठबन्धनमा सरकार गठन गर्न सक्छन्, जसका लागि १३४ सिट जुटाउन आवश्यक छ । तर, यस्तो कदमले धेरै चुनौती निम्त्याउछ । पहिलो, स्थिरता कायम राख्न गाह्रो हुनेछ । यस्तो सरकार स्वतन्त्र सांसदहरूको व्यक्तिगत इच्छाशक्तिमा निर्भर हुनेछ ।

दोस्रो, स्वतन्त्रहरूको संग्रहको रूपमा पिटिआई ब्लकले महिला र अल्पसंख्यकका लागि आरक्षित ७० सिटहरूको एक भागमा पहुँच गुमाउनुपर्नेछ, जुन नेसनल एसेम्ब्लीमा प्रतिनिधित्व गर्ने दलबीच समानुपातिक रूपमा बाँडिएको छ । तर, पिटिआई समर्थित स्वतन्त्रहरू अर्को पार्टीमा सामेल हुने भए पिटिआईको नीति र योजनाअनुसार काम गर्ने क्षमतामा सम्झौता गर्दै तिनीहरू त्यो मूल पार्टीको अनुशासनमा आउनेछन् ।

पाकिस्तानी निर्वाचन आयोगका पूर्वसचिव तथा विश्लेषक कंवर एम दिलसादले सैद्धान्तिक रूपमा पिटिआई समर्थित स्वतन्त्रहरूले नयाँ पार्टी बनाउन सक्ने तर दर्ताको प्रक्रिया केही दिन लाग्न सक्ने बताए । तर, यसले अहिलेको सरकार गठनमा पिटिआईलाई सहयोग गर्दैन किनकि कुनै पनि नयाँ पार्टी वर्तमान निर्वाचन प्रक्रियाको हिस्सा हुँदैन । सर्वोच्च अदालतका अधिवक्तासमेत रहेका मलिक दिलसादको मूल्यांकनसँग सहमत छन् । उनका अनुसार पिटिआई समर्थित स्वतन्त्र उम्मेदवारले नयाँ राजनीतिक दल बनाउन सक्छन्, तर यसले आगामी सरकारको गठनलाई असर गर्दैन । अर्का वरिष्ठ वकिल अबिद जुबेरीका अनुसार स्वतन्त्रले वैकल्पिक रूपमा आफूहरूलाई 'उस्तै दृष्टिकोण' भएका सदस्यहरूको रूपमा घोषणा गर्न सक्छन्, तर त्यसलाई पार्टीको रूपमा मानिनेछैन । 'उनीहरूले संसदीय मामिलामा सामूहिक रूपमा निर्णय गर्न सक्छन्, तर उनीहरूलाई पार्टीको सट्टा स्वतन्त्रहरूको समूहको रूपमा व्यवहार गरिनेछ, र यसैले आरक्षित सिटहरूको कोटा प्राप्त गर्न सक्दैनन्,' जुबेरीले भने ।

के पिटिआईले आफ्नो चुनाव चिह्न पुनः प्राप्त गर्ला ?

पार्टीका नेता इमरान खान अगस्ट २०२३ देखि जेलमा छन् । पार्टीले गत वर्षको मेदेखि सरकारी दमनको सामान गरिरहेको छ । चुनाव चिह्न गुमाउनु पार्टीका लागि सबैभन्दा ठूलो धक्का थियो । उनीहरूमाथि निर्वाचन आयोगले आन्तरिक पार्टीको निर्वाचन गराउने कानुन उल्लंघन गरेको आरोप लगाएको थियो । पार्टीको लोकप्रियता र प्रभाव घटाउने उद्देश्यले यस्तो निर्णय भएको पार्टीको आरोप छ । आयोगको निर्णय उल्ट्याउन सर्वोच्च अदालतले पार्टीको पक्षमा फैसला दिनुपर्नेछ । *-अल जजिराबाट*

गृहयुद्धमा एकपछि अर्को पराजय भोग्दै म्यानमार सेना

म्यानमारको सेनाले प्रजातान्त्रिक रूपमा निर्वाचित सरकार अपदस्थ गरेको गत फेब्रुअरी १ मा तीन वर्ष पुग्यो । कुपछि ५.४ करोड जनसंख्या भएको यो देश रक्तपातपूर्ण गृहयुद्धमा फसेको छ । यस द्वन्द्वको सबैभन्दा महत्त्वपूर्ण मोड तीन महिनाअघि देखियो, जब केही सशस्त्र समूहले सुरु गरेको प्रत्याक्रमणले सेनालाई विभिन्न ठाउँबाट पछाडि हट्न बाध्य बनायो । प्रत्याक्रमण सुरु गरिएको अंग्रेजी मिति अक्टोबर २७ बाट 'अप्रेसन १०२७' नाम दिइएको सैन्य अभियान धेरैले सोचेभन्दा सफल देखिएको छ । सशस्त्र विद्रोही फौजले सीमावर्ती राज्यका कैयौँ बस्ती सेनाको हातबाट आफ्नो कब्जामा लिन सफल भएका छन् । चीनसँग सीमा जोडिएका उत्तरपूर्वी सान राज्यका कैयौँ सहरबाट अहिले विद्रोहीले शासन गरिरहेछन् । सेनाले पछि यस भेगमा हवाई बमबारी गरे पनि तिनलाई पुनः कब्जामा लिन सकेन ।

अप्रेसन १०२७ को सफलताले देशका अन्य भेगका विद्रोहीलाई पनि उत्साहित बनाएको छ । दशकौंको कुव्यवस्थापनका कारण म्यानमारको सेना उसले गुमाएको क्षेत्र पुनः हासिल गर्ने अवस्थामा नरहेको मिन ज उले बताए । मिन ज उ वासिंटनस्थित 'सेन्टर फर स्ट्रेटेजिक एन्ड इन्टरनेसनल स्टडिज'का फेलो हुन् । गत वर्ष भन्डै एक महिना लामो म्यानमार भ्रमणका क्रममा जुन्ता बटालिन कमान्डर र अन्यसँग गरेको कुराकानी र अध्ययनका आधारमा मिन ज उ यस निष्कर्षमा पुगेका हुन् ।

म्यानमार स्वतन्त्र भएदेखि नै देशका सीमावर्ती क्षेत्रमा विभिन्न जातीय समूह थप स्वशासन र आत्मनिर्णयको अधिकारको माग राखेर लड्दै आएका छन् । तीन वर्षअघिको कुको विरोधमा उठेको शान्तिपूर्ण आन्दोलन दबाइएपछि युवाको ठूलो समूह प्रजातन्त्रको पुनर्वहालीका लागि सशस्त्र द्वन्द्वमा होमिएका छन् । नवगठित प्रजातन्त्रवादी सशस्त्र समूह सैन्य अनुभवका लागि दशकौंदेखि सेनासँग लडेको अनुभव भएका जातीय समूहतर्फ फर्किए । अलग-अलग रूपमा सेनाविरुद्ध लडिरहेका सशस्त्र समूहलाई एकताबद्ध गर्ने प्रयासले गत अक्टोबरमा एक गठबन्धनको निर्माण गरायो । म्यानमार-चीन सीमानजिक चिनियाँ भाषा बोलिने कोकाङ क्षेत्रमा सक्रिय 'म्यानमार नेसनल डेमोक्रेटिक एलायन्स आर्मी(एमएनडिएए)'ले अन्य दुई शक्तिशाली जातीय सशस्त्र समूहसँग मिलेर एक 'थ्री ब्रदरहुड एलायन्स' बनायो । अप्रेसन १०२७ सोही सैन्य गठबन्धनले सञ्चालन गरिरहेको छ ।

अन्य जातीय सशस्त्र समूहले पनि यसमा सामेल हुने इच्छा देखाएका छन् । तर, अहिलेसम्म तिनलाई सेनाविरुद्धको साझा वैरभावले मात्र नजिक्याएको देखाउँछ । उनीहरूबीच प्रतिद्वन्द्विता र आशंकाको लामो इतिहास छ, जसलाई विगतमा सेनाले आफ्नो लाभका लागि प्रयोग गर्ने गरेको थियो । गठबन्धनले



शान प्रदेशको कुनलङनगर कब्जा गरेपछि सामूहिक फोटो खिच्दै विद्रोही सैनिक ।

देशको पश्चिम, उत्तर र पूर्वी भेगका ग्रामीण क्षेत्रबाट सहरतर्फ प्रत्याक्रम अघि बढाइरहँदा सेना उसका आधार बचाउन संघर्ष गरिरहेको छ । तथापि धेरैको नजर विद्रोही गठबन्धन कति लामो जानेछ भन्ने कुरामा छ ।

अध्येता मिन ज उका अनुसार म्यानमारको सेनाले दशकौंसम्म उसका लडाकुले प्रयोग गर्ने उपकरण र रणनीतिमा लगानी गर्न ध्यान दिएन । अहिले युद्धमैदानमा फौजलाई सुरक्षाका लागि आवश्यक उपकरणको समेत अभाव देखिएको छ । पहिले सेनाले एक वा बढी विद्रोही फौजविरुद्ध सफलतापूर्वक सैन्य अभियान सञ्चालन गरिरहेको थियो । तर, तीन वर्षको कुपछि सेनाविरुद्ध अन्य कैयौँ मोर्चा खुले । यी सबैको संयुक्त दबाबमा कैयौँ आधारभूत कमजोरी सतहमा आउन थालेको छ । पछिल्लो कुको नेतृत्व गरेका जनरल मिन आङ ह्लाइङले सेनाको माथिल्लो तप्कामा आफूप्रति अनुग्रहित समूह तयार पार्न कैयौँ शीर्ष कमान्डरलाई प्रोमोसन गरे । यस क्रममा प्रमोसन हुनेको युद्धमैदानको अनुभवलाई बेवास्ता गरियो ।

यही कुरा अहिलेको गृहयुद्धमा सेनाका प्रत्युत्पादक र विद्रोहीका लागि वरदान साबित भएको मिन ज उले बताए । उनका अनुसार सेनाको शीर्ष तहमा युद्धमैदानका कम अनुभव भएका कमान्डरको बाहुल्य, उपकरणको अभाव र सैन्य रणनीतिको कमी चाँडै समाधान हुने देखिँदैन । यसले म्यानमार सेनामाथिको विद्रोही समूहको प्रत्याक्रमणलाई निकै तीव्र बनाइदिएको छ । तथापि विश्लेषकहरू म्यानमारको सेना छिट्टै हार्ने वा धराशयी हुने प्रक्षेपण अतिशयोक्तिपूर्ण हुने बताउँछन् । 'अप्रेसन १०२७ पछि मानिसहरू म्यानमारको सेना ६ महिनाभित्रै पराजित हुने बताउन थालेका छन् । युद्धमैदानमा विद्रोही समूहले हासिल गरेको सफललता र सेनाको हारले विद्रोहीमा केही बढी बल लगाउने हो भने सेनालाई धुलो चटाउन सकिन्छ भन्ने विश्वास बढेको छ । तर, अहिले जेजति अनुमान गरिँदै छ, यही उत्साहका आधारमा हचुवाका भरमा गरिँदै छ,' म्यानमारबारे स्वतन्त्र विश्लेषण गर्ने डेभिड म्याथिसनले भने ।

म्यानमारको सेनाले मुख्यतः भारत, बंगलादेश र चीनसँगको सीमातर्फको भूभाग गुमाएको छ । तर, सेनाले यी सीमावर्ती क्षेत्रमाथिको नियन्त्रणविनै ठूला सहर, त्यसवरपरका समतल भूमि, समुद्र बन्दरगाह, मुख्य सैन्य आधार, त्यसवरपरका हतियार उद्योग र प्रमुख राजमार्गमाथि नियन्त्रण कायम राखेर शासन टिकाउन सक्ने म्याथिसन बताउँछन् । त्यसो भए उसलाई युद्धमा आवश्यक हतियार र स्रोत परिचालनमा कठिनाइ नहुने म्याथिसनको ठम्याइ छ ।


एकपछि अर्को युद्ध मोर्चाबाट पछि हट्नुपरेको र सम्पूर्ण बटालियनको आत्मसमर्पण देखेको म्यानमारको सेनाको आत्मविश्वास अहिले गिरेको छ । तथापि हुलका हुल सैनिक राष्ट्रिय सेना छाडेर विद्रोही समूह सामेल नभएसम्म सेना धराशयी नहुने विश्लेषक बताउँछन् । म्यानमारमा त्यो अहिलेसम्म देखिएको छैन । त्यस्तै सेना एकदम विभाजित प्रतिद्वन्द्वीसँग लडिरहेको छ । अप्रेसन १०२७ का क्रममा विद्रोही फौजले उच्च समन्वयको प्रदर्शन गरेको भए पनि देशभर सक्रिय सशस्त्र फौज एकल केन्द्रित कमान्ड नभएका विखण्डित समूह हुन् । सेनासँग लडिरहेका समूहको शत्रु साझा भए पनि उनीहरू प्रायः आफ्नै संकीर्ण लक्ष्य बोकेर हिँडिरहेका छन् । केहीका लक्ष्य (विशेष क्षेत्रीय नियन्त्रणको विषय) एक-आपसमा परस्परविरोधी छन् । जसका कारण विगतमा उनीहरू सेनासँग बाहेक एकआपसबीच पनि लडेको इतिहास छ ।

मिन ज उका अनुसार पूर्वी भेगमा सक्रिय दुई विद्रोही समूहमा उनीहरूमध्ये कसले स्थानीयमाथि कर लगाउन पाउने विषयमा झगडा सुरु भइसकेको छ । सैन्य विश्लेषक पनि सेना कमजोर रहेको क्षेत्रबाट पछाडि हटेर बाँकी भागको प्रतिरक्षामा केन्द्रित हुन सक्ने सम्भावनाबीच विद्रोही समूहलाई भावी सैन्य सफलता कठिन हुन सक्ने मिन ज उ बताउँछन् । उनका अनुसार भावी प्रतिरोध संघर्षले कुन बाटो लिन्छ भन्ने कुरा विद्रोहीले देशका ठूला सहर यांगुन र म्यान्डलेबीचको राजमार्गलाई विच्छेद गर्न सक्ने-नसक्ने कुरामा निर्भर रहन्छ । हाल यो राजमार्गमा सेनाको बलियो पकड छ । *-भ्वाइस अफ अमेरिकाबाट*

इतिहासमा आज

फेब्रुअरी १४

सन् १८९६ : अस्ट्रो-हंगेरियन यहुदी अभियन्ता थियोडोर हर्जलले एक लेख लेख्दै युरोपमा यहुदीविरुद्ध जारी दमनबाट उन्मुक्ति पाउन अलग यहुदी राज्य निर्माण गर्नुपर्ने र त्यो प्यालेस्टाइनमा हुनुपर्ने भन्दै विश्वभरका यहुदीलाई त्यहाँ जमिन किन्न आह्वान गरे ।



सन् १५५६ : अकबर उनका पिता हुमायुँको मृत्युपछि मुगल साम्राज्यको तेस्रो सम्राट् बने ।

सन् १८०४ : फ्रेन्च जनरल जँ भिक्टर म्यारी मोरो नेपोलियनलाई अपदस्थ गर्ने षड्यन्त्रमा पक्राउ परे । पछि उनलाई अमेरिका निर्वासित गरियो ।

सन् १८७९ : एलेक्जेन्डर ग्राहम बेल र एलिसा ग्रेले अलग रूपमा टेलिफोनको प्याटेन्टका लागि निवेदन दिए । पछि अमेरिकाको सर्वोच्च अदालतले बेल असली आविष्कार भएको निर्णय सुनायो ।

सन् १९५८ : इराक र जोर्डनले दुई देश मिलेर संघीय राज्य बन्ने घोषणा गरे, तथापि यो घोषणा लामो समय कार्यान्वयन हुन सकेन ।

सन् १९६० : मार्सल अयुब खान पाकिस्तानका राष्ट्रपति चुनिए ।

सन् १९७९ : काबुलमा मुस्लिम प्रदर्शनकारीले अमेरिकी राजदूत एडोल्फ डब्सलाई अपहरण गरे । पछि प्रहरी र अपहरणकारीबीच भएको गोलीबारीमा डब्स मारिए ।

सन् १९८९ : इरानका सर्वोच्च नेता आयोतोल्लाह खोमेनीले सटानिक भर्सेस नामक उपन्यासमा मुस्लिम धर्मका प्रवर्तक मोहम्मदको अपमान गरेको भन्दै त्यसका लेखक सलमान रुस्दीविरुद्ध फतवा जारी गरे ।

Re-Invitation for Online Bids
National Sports Council
Government of Nepal (GoN)

Invitation for Online Bids for Renting a Building at Rastra bank chock, Dhangadi, kailali

Contract Identification No: NCB/GOODS/KAILALIVADA/80/81
Date of publication: 2080/11/02

1. National Sports Council invites an electronic bids from Nepalese eligible bidders for **Renting a Building at Rastra bank chock, Dhangadi, kailali** for **three years** under National Competitive Bidding procedures. The Minimum estimated rent per month for building is **Rs. (in NRs) 96,956.29 per month without VAT**
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of National Sports Council, Kathmandu, Bagmati Province, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may purchase along with the scan copy of company/firm registration certificate, PAN/VAT registration ,TAX clearance certificate and upon payment of a non-refundable fee of **NRs.3000.00** till null during office hours. Bidder submit their bid electronically may download the bidding documents from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriyabanijyabank,teku,KTM
   Name of Office: National Sports Council
   Office Account no: 1700100002501001
4. Pre-bid meeting shall be held at National sports council ktm, nirman tatha marmat sakha at **2080/11/17 13:00 hours.**
5. Electronic bids must be submitted to the office National Sports Council Kathmandu, BagmatiProvince,through PPMO website www.bolpatra.gov.np/egp on or before **2080/12/02, 12:00**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2080/12/02, 13:00** at the office of **National sports council ktm.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs. 90,000.00,** which shall be valid for **30 days** beyond the validity period ofthe bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटिखेल, ललितपुर
बागमति प्रदेश, नेपाल

गाउँ प्रहरी सेवा करारमा लिने संवन्धी सूचना

सूचना प्रकाशन मिति २०८०।११।०२

महाङ्काल गाउँपालिकाको सेवा करारमा गाउँ प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम कार्यपालिकाको मिति २०८०।०९।२४ गतेको निर्णयानुसार देहायको पद, संख्या र योग्यता भएको गाउँ प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको लक्ष्मी सनराइज बैंक गोटिखेलमा रहेको आन्तरिक राजश्व खाता नं. ०८४०५६१००८७०३००८ मा दरखास्त दस्तुर रु. ३०० राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि.नं.	विज्ञापन नं.	पद	तह/श्रेणी	संख्या
१	२०८०।०८१।००२	गाउँ प्रहरी जवान	राजपत्र अनंकति चतुर्थ श्रेणी	महिला-१ जना र पुरुष-३ जना

(क) गाउँ प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ ।
१) नेपाली नागरिकता प्रमाण पत्र पाएको ।
२) १८ वर्ष पूरा भई वर्ष ४५ ननाघेको
३) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा आधारभूत तह उतिर्ण भएको ।
४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र छाती नफुलाउदा घटीमा ३२ इन्च र फुलाउदा ३४ इन्च र महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने छ)
५) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको जानकारी लिखित दिनुपर्ने ।
६) शारीरिक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।
७) आँखा माइनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

(ख) **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

(ग) **परीक्षाको किसिम:** शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित र अन्तरवार्ता ।

(घ) **परीक्षा केन्द्र:** गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

(ङ) **तलब स्केल:** गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सीपसहित वैदेशिक रोजगारीमा

नेपाली श्रमिक विश्वका हरेक मुलुकमा मन पराइन्छन्, तर हातमा सीप नहुँदा अवसरबाट वञ्चित हुने गरेका छन्



अर्थ संवाद

• रमेश भट्ट

कतारमा विश्वका ३० भन्दा बढी मुलुकका आप्रवासी श्रमिक छन्। कतारको आप्रवासी श्रमिक स्रोत मुलुकमध्ये नेपाल दोस्रो स्थानमा छ। भारत पहिलो स्थानमा छ। दोहास्थित नेपाली दूतावासको आँकडाअनुसार कतारमा करिब तीन लाख ६४ हजार नेपाली श्रमिक छन्। करिब ५० हजार संख्याका नेपाली श्रमिक गैरकानुनी रूपमा कतार बसेको अनुमान छ।

कतारले विश्वको उदीयमान मुलुकको रूपमा आफूलाई स्थापित गरेको छ। गत वर्ष सम्पन्न भएको विश्वकपपछि कतारले नयाँ उचाइ कायम गरेको छ। कतारलाई आफ्नै छिमेकी मुलुकले पाँच वर्षसम्म नाकाबन्दी लगाए। तर, कठिन परिस्थितिमा पनि कतार खरो उत्रियो। विश्व बैंकको तथ्यांकअनुसार सन् २०२२ मा कतारको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन करिब ६४ हजार अमेरिकी डलर रहेको छ। कतारमा २९ लाख जनसंख्या रहेको तथ्यांक छ।

कतारमा रहेका आप्रवासीमध्ये भारतीय श्रमिकको हिस्सा २१.८ प्रतिशत छ भने नेपाल र बंगालदेशको १२.५ प्रतिशत छ। सन् २०१९ को तथ्यांकअनुसार कतारमा इजिप्ट, फिलिपिन्स, पाकिस्तान, श्रीलंका, सुडान, सिरिया, जोर्डन, लेबनान, अमेरिका, केन्या, इरानलगायतका आप्रवासी श्रमिक छन्। कतारमा रोजगारीका लागि विश्वभरका श्रमिक आउने हुँदा प्रतिस्पर्धा उत्तिकै छ। तर, कतारले भने नेपाली श्रमिकलाई सधैँ सकारात्मक रूपमा हेर्ने गरेको छ। रोजगारीका लागि सन् १९८४ देखि नै नेपाली श्रमिक कतार पुगेको पाइन्छ। त्यतिबेला मध्यपूर्व सबैलाई अरब भनेर चिनिन्थ्यो। तत्कालीन समयमा नेपाल र कतारबीचको सीधा उडान नहुँदा नेपालीहरू विभिन्न मुलुकमा ट्रान्जिट हुँदै कतार पुग्थे। नेपाली नागरिक कतार पुग्दा कतारको रूपरेखा अहिलेको जस्तो थिएन। कतार आजको अवस्थामा आइपुग्नका लागि नेपाली नागरिकको ठूलो योगदान छ। त्यसैले पनि कतार सरकारले नेपाली श्रमिकलाई प्राथमिकता दिने गरेको छ। नेपाली भन्नेबित्तिकै इमानदार, बफादार, मिहिनेती र जिम्मेवार श्रमिकको रूपमा चिनिन्छ। अन्य मुलुकको बीचमा श्रमिक छनोट गर्नुपर्दा रोजगारदाताले नेपाली श्रमिकलाई रोज्ने गरेका छन्।

नेपाली श्रमिकलाई कतारमा भाषाको समस्या : कतारमा काम गर्ने नेपाली श्रमिकको मुख्य समस्या भनेको संस्कृति, भाषा र भौगोलिक वातावरण हो। नेपालमा मिश्रित हावापानी छ। तर, कतारमा तापक्रम धेरै हुने हुँदा कतिपय श्रमिकलाई यहाँको हावापानीमा घुलमिल गर्न गाह्रो हुन्छ। त्यस्तै, कतारमा मुस्लिम समुदाय छन्। हामी जुन मुलुकमा जान्छौँ, त्यहाँको संस्कृति र नीति नियम मान्नैपर्छ। तर, नेपाली श्रमिक भने यो विषयमा अनभिज्ञ छन्।

कतारमा काम गर्ने नेपाली श्रमिकको अर्को ठूलो समस्या भनेको भाषा हो। कतारमा आउने नेपालीले अरबिक भाषा जान्दैनन्। त्यस्तै, अंग्रेजी भाषामा नेपाली श्रमिक कमजोर हुन्छन्। भाषा नबुझ्ने र बोल्न नसक्ने हुँदा नेपाली श्रमिक जोखिममा पर्ने गरेका छन्। भाषाकै कारण नीति नियम बुझ्दैनन्, कानुन थाहा पाउँदैनन्, कुनै समस्या परे वा आरोप लागेको अवस्थामा आफ्नो कुरा प्रस्टसँग राख्न सक्दैनन्। जसका कारण सामान्य गल्ती हुँदा पनि श्रमिकले लामो सजाय भोग्नुपरेको छ। तर, भारत, फिलिपिन्स, श्रीलंकालगायतका श्रमिक अंग्रेजी भाषामा तुलनात्मक रूपमा सक्षम हुन्छन्।

तर, कतार सरकार आप्रवासी श्रमिकप्रति उदार छ। भाषाको समस्यालाई मध्यनजर गरी कतार सरकारले आप्रवासी श्रमिकलाई सहयोग होस् भनी रोजगारदाता र श्रमिकबीच हुने सम्झौतापत्रलाई नेपाली भाषामा छाप्ने गरेको छ। यसअघि अंग्रेजी र अरबिक भाषामा मात्रै सम्झौतापत्र हुन्थ्यो। जसका कारण धेरै नेपाली श्रमिक शोषणमा परेका थिए। सम्झौतापत्रको भाषा नबुझीकन हस्ताक्षर गर्दा रोजगारदाताले श्रमिकलाई सहजै झुक्याउँथे। अहिले भने यो समस्या कम भएको छ।

श्रमिकलाई सीप सिकाएर पठाऔँ : नेपाली श्रमिक कतारमा मात्रै हैन, विश्वका हरेक मुलुकमा मन पराइन्छन्। तर, नेपाली श्रमिकको हातमा सीप नहुँदा अवसरबाट वञ्चित हुने गरेका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलको तथ्यांकले नै आधाभन्दा बढी नेपाली श्रमिक अदक्ष वा सीपविना नै गन्तव्य मुलुक पुगेको देखाएको छ। यस्ता श्रमिकको प्रयोग भनेको कृषि, निर्माण र सरसफाइ क्षेत्रमा हुन्छ।

जुनै पनि मुलुकमा श्रमिकको दक्षताका आधारमा काम र भुक्तानी तय गरिएको हुन्छ। दक्ष र हातमा सीप भएका श्रमिकले सीपअनुसारको रोजगारी पाउँछन्। उनीहरूलाई रोजगारदाता कम्पनीले दिने सेवा सुविधा पनि राम्रै हुन्छ। त्यसैले अब नेपाल सरकारले पनि दक्ष श्रमिक पठाउनु जरुरी छ।

कुनै पनि श्रमिक वैदेशिक रोजगारीमा जाने भनेपछि सरकारले उसलाई आवश्यक सीप सिकाउनुपर्छ। निर्माण, कृषि र सरसफाइ क्षेत्रमा पनि सीप भएकालाई छुट्टै प्राथमिकता हुन्छ। उसले आफ्नो मागअनुसार पारिश्रमिक पाउँछ। किनभने, सीप भएको श्रमिकलाई काम सिकाउनुपर्दैन। उसले ड्युटी गएको दिनदेखि नै काम गर्न सक्छ। जसका कारण रोजगारदातालाई फाइदा हुन्छ। तर, सीप नभएका श्रमिकलाई भने कम्पनीले काम सिकाउनुपर्छ। काम सिकाउँदा समय, शक्ति र आर्थिक भार थपिन्छ। त्यसैले यस्ता श्रमिकलाई रोजगारदाताले आफ्नो नीतिअनुसारको भुक्तानी गर्छन्। त्यस्तै, सरकारले रोजगारीमा जानुपूर्व पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई अनिवार्य गर्नैपर्छ। धेरै श्रमिक तालिम नलिईकन आउनुहुन्छ। जसलाई सम्बन्धित नीति नियमदेखि लिएर काम गर्ने तौरतारिका पनि थाहा हुँदैन। केही थाहा नभएपछि गल्ती हुन्छ। अन्जानमा नै सजायको भागीदार बन्नुपर्छ। त्यसैले सरकारले अभिमुखीकरण तालिमलाई कडाइका साथ लागू गर्नुपर्छ।



> नेपाल जाने रेमिट्यान्समध्ये मध्यपूर्वको हिस्सा बढी छ। त्यसमा पनि कतारको मात्रै करिब ३० प्रतिशत छ। तर, रेमिट्यान्स गर्दा लाग्ने शुल्कका कारण अझै पनि केही श्रमिकले हुन्डीको प्रयोग गर्ने गरेका छन्।

रेमिट्यान्स गर्दा लाग्ने शुल्क हटाउनुपर्छ : नेपालले वार्षिक खर्बौं रुपैयाँ रेमिट्यान्स भित्र्याउँदै आएको छ। गत वर्ष मात्रै १२ खर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ। यो भनेको नेपालको कुल गार्हस्थ्य उत्पादनको ३० प्रतिशत हिस्सा हो। नेपाल जाने रेमिट्यान्समध्ये मध्यपूर्वको हिस्सा बढी छ। त्यसमा पनि कतारको मात्रै करिब ३० प्रतिशत छ। तर, रेमिट्यान्स गर्दा लाग्ने शुल्कका कारण अझै पनि केही श्रमिकले हुन्डीको प्रयोग गर्ने गरेका छन्। कतारबाट नेपालमा सुन तस्कर गर्नेले हुन्डी गर्ने गरेको सुनिएको छ। तर, हामीसँग यसको प्रमाण भने छैन।

गैरआवासीय नेपाली संघ कतारले भने बारम्बार श्रमिकलाई हुन्डीको प्रयोग नगर्न सचेत गराउँदै आएको छ। यो अभियानमा संघले मात्रै काम गरेर हुँदैन। सरकारले पनि उत्तिकै चासो दिनुपर्छ। वार्षिक रूपमा रेमिट्यान्स हिसाब मात्रै राखेर हुँदैन। रेमिट्यान्सको दायरा विस्तार गरी हुन्डीलाई निरुत्साहित गर्न सरकारले पनि विभिन्न योजना ल्याउनुपर्छ।

यसका लागि सरकारले रेमिट्यान्स सेवा प्रदान गर्न बसेका बैकिङ च्यानल श्रमिकको पहुँचमा हुनुपर्छ। गाउँ क्षेत्रमा बस्ने नेपाली श्रमिक रेमिट्यान्स गर्न दोहासम्म आइपुग्न समय लाग्छ। तर, हुन्डी गरिदिने मानिस भने उनीहरू भएकै ठाउँमा पुगिदिन्छन्। त्यसैले उनीहरूले हुन्डी नै गर्छन्। साथै, हुन्डी गर्दा श्रमिकले थप कमिसन पाउँछ। तर, रेमिट्यान्स गर्दा भने शुल्क भुक्तानी गर्नुपर्छ। यसले पनि श्रमिकलाई हुन्डीतर्फ प्रेरित गरेको हो। हुन्डी रोक्ने प्रयाससहित हामीले रेमिट्यान्स सेवालाई निःशुल्क बनाउन ग्लोबल आइएमई बैंकसँग पनि छलफल गरेका छौँ। हामीले श्रमिकसँग लिएको रेमिट्यान्स सेवाशुल्क नेपालको कार्यालयबाट फिर्ता गर्नुपर्ने प्रस्ताव गरेका छौँ। छलफल सफल भयो भने श्रमिकले रेमिट्यान्स गर्दा लाग्ने शुल्क नेपालबाट फिर्ता पाउनेछन्।

हामीले सामाजिक सुरक्षा कोषलाई पनि लक्षित श्रमिकसम्म पुऱ्याउने अभियान सुरु गरेका छौँ। धेरै श्रमिकमा यसबारे भ्रम छ। कतारमा काम गर्दासम्म रकम जम्मा गऱ्यो, तर नेपाल फिर्ता भएपछि त्यो रकम झिक्न मिल्दैन भन्ने खालको बुझाइ छ। तसर्थ, हामीले कम्पनीको क्याम्प-क्याम्पमा पुगेर यस विषयमा जनचेतनामूलक कार्यक्रम गर्दै छौँ। यसमा सरकारको पनि उत्तिकै सहयोगको आवश्यकता छ।

(भट्ट गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतारका अध्यक्ष हुन्)

नगदरहित अर्थतन्त्र र आर्थिक सशक्तीकरण

इन्टरनेटको बढ्दो प्रयोग, अनलाइन बैंकिङ र इ-कमर्सको विस्तारले नगदरहित अर्थतन्त्रलाई दिन-प्रतिदिन सरल र सम्भव बनाउँदै लगेको छ



• दीपक थापा

मध्यअमेरिकी देश एल साल्भाडोरले सेप्टेम्बर २०२१ मा भुक्तानी उद्देश्यका लागि बिटक्वाइन डिजिटल मुद्रालाई आधिकारिक रूपमा अनुमति दियो। यसले भौतिक नगदको अन्त्य गरी डिजिटल भुक्तानी प्रणालीमार्फत देशलाई शतप्रतिशत नगदरहित अर्थतन्त्रमा रूपान्तरण गर्ने पहललाई प्रतिनिधित्व गर्छ। त्यस्तै, सन् २०२४ भित्र पूर्ण रूपमा नगदरहित अर्थतन्त्र कायम राख्ने दिशामा अघि बढिरहेको स्विडेनले ९८ प्रतिशत नगदरहित कारोबार सफलतापूर्वक व्यवस्थित गरेको छ। दुबईमा ९० प्रतिशत मानिससँग डेबिट, क्रेडिट कार्ड, शतप्रतिशत बैंक खाता र डिजिटल भुक्तानी छ। नर्वेमा सबैको बैंक खाता छ। चीन आगामी दुई-तीन वर्षभित्र पूर्ण रूपमा नगदरहित अर्थतन्त्रको बाटोमा छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१६ मा ५०० र १००० का नोट विमुद्रीकरण गरे। यी घटनालाई हेर्दा विश्व अहिले नगदविहीन अर्थतन्त्रको अभ्यासमा रहेको देखिन्छ।

भौतिक नगदको विकल्पबारे बहस सुरु भइसकेको छ। यसको प्रत्यक्ष असरबाट नेपाल पनि अछुतो छैन। नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदनले कारोबारका लागि डिजिटल माध्यम प्रयोग गर्ने व्यक्तिको संख्या अघिल्लो वर्षको तुलनामा अत्यधिक बढेको देखाएको छ। यसले मानिसलाई नगदभन्दा पनि डिजिटल भुक्तानी प्रणालीलाई प्राथमिकता दिएको संकेत गर्छ।

नगदरहित अर्थतन्त्रको परिचय : भौतिक नगदविनै डिजिटल माध्यमबाट भुक्तानी, लगानी र निक्षेप पूर्णतया गरिने अर्थतन्त्रलाई नगदरहित अर्थतन्त्र भनिन्छ। डेबिट-क्रेडिट कार्ड, मोबाइल वालेट र डिजिटल भुक्तानी प्लेटफर्मसहित वित्तीय लेनदेनका लागि सबै प्रकारका इलेक्ट्रोनिक विधि नगदरहित अर्थव्यवस्थाअन्तर्गत सूचीबद्ध उपकरण छन्। डिजिटल भुक्तानी प्रयोगकर्ता वृद्धिका भएपछि नगदरहित अर्थतन्त्रको अवधारणा अगाडि बढिरहेको देखिन्छ।

क्रेडिट कार्डको परिचय नगदरहित अर्थतन्त्रको दिशामा महत्त्वपूर्ण कदम थियो। इलेक्ट्रोनिक भुक्तानी प्रणालीको विकास र सन् १९६० को दशकमा एटिएम आएपछि नगदविहीन अर्थतन्त्रको दृष्टिलाई अगाडि बढायो। इन्टरनेटको बढ्दो प्रयोग, अनलाइन बैंकिङ र इ-कमर्सको विस्तारले नगदरहित अर्थतन्त्रलाई दिन-प्रतिदिन सरल र सम्भव बनाउँदै लगेको छ।

डिजिटल भुक्तानी प्रविधिको विकाससँगै धेरै देशले नगदरहित अर्थतन्त्रतर्फ महत्त्वपूर्ण कदम चालेका छन्। नेपालमा पनि यो असम्भव देखिँदैन। कारण, विद्युतीय भुक्तानी प्रणाली, स्मार्टफोनको बढ्दो प्रयोग र इन्टरनेटको सहज पहुँचले डिजिटल प्रणालीको विकासमा योगदान पुऱ्याएको छ। सरकारले डिजिटल भुक्तानी प्लेटफर्म र प्रविधिलाई पनि प्रोत्साहन र प्रवर्द्धन गरेको छ। तर, त्यस्ता प्रयास अपर्याप्त र योजनाविहीन छन्। सुविधा र भुक्तानीको सरलता, विश्वसनीयता विश्वसनीय कारक हुन सक्छ।

यस्तो अर्थतन्त्रलाई पूर्ण रूपमा रूपान्तरण गर्न हामीसँग अर्को चुनौती भनेको डिजिटल चेतना र आवश्यक पूर्वाधारको अभाव हो। यदि यसको समाधानको उपाय खोज्न सक्ने हो भने नेपाललाई शतप्रतिशत नगदरहित बनाउन सक्छौँ। यसको पछाडि धेरै फाइदा पनि छन्। डिजिटल भुक्तानी इ-कमर्स र अन्तर्राष्ट्रिय व्यापारमा शक्तिशाली माध्यम बनेको छ।



> नगदरहित अर्थतन्त्र प्रयोग गरी नेपालले आर्थिक विकासमा धेरै फाइदा लिन सक्छ। नोट छपाइ, नगद प्रशोधन, मुद्रण, ढुवानी र सुरक्षाको ठूलो लागतसमेत घटाउन सक्छ।

आर्थिक सशक्तीकरणका लागि नगदरहित अर्थतन्त्र आवश्यक : नगदरहित अर्थतन्त्र प्रयोग गरी नेपालले आर्थिक विकासमा धेरै फाइदा लिन सक्छ। नोट छपाइ, नगद प्रशोधन मुद्रण, ढुवानी र सुरक्षाको ठूलो लागत घटाउन सक्छ। नगदरहित प्रणालीले बैंकिङ र वित्तीय सेवामा पहुँच नभएका र बाहिर रहेका व्यक्तिलाई समावेश गरी बचत, लगानी र बजार चक्रलाई उल्लेखनीय रूपमा सुधार गर्न सक्छ। त्यसैगरी, अर्थतन्त्रलाई डिजिटलाइज गरेर पारदर्शिता र जवाफदेहितामा उल्लेख्य वृद्धि पनि गर्न सकिन्छ। भ्रष्टाचार र घुसखोरीले समग्र शासन प्रणालीलाई भ्रष्ट बनाएका बेला नगदरहित अर्थतन्त्रको अभ्यासले पारदर्शिता र जवाफदेहिता बढाउन सक्छ। किनभने यसले सबै वित्तीय लेनदेनको रेकर्ड राख्छ। कर राजस्व संकलन निक्षेपमा नगद कारोबार नहुँदा चुहावट कम हुन्छ र बढी कर राजस्व संकलन गर्न सकिन्छ। डिजिटल अर्थतन्त्रले पैसाको अवैध व्यापारलाई रोक्न र नेपालजस्ता अनौपचारिक अर्थतन्त्रका गतिविधिलाई सरकारको नियन्त्रणमा समेत ल्याउन सक्छ। नगद लेनदेनमा आवश्यक कोषको अभाव वा सानो मात्रामा खरिद गर्न नगद र लामो कारोबार समयका कारणले समय लाग्न सक्छ। अर्कोतर्फ, संस्थागत लेनदेनमा, नगद व्यवस्थापन र गणनाले समस्याहरू सिर्जना गर्दछ र भुक्तानी प्रणालीलाई जटिल बनाउँछ। यसको विपरीत, कागजविहीन आर्थिक प्रणाली छिटो र अधिक कुशल हुनेछ, उद्यमशीलताको लागि क्षमता बढ्नेछ।

यस्तो अर्थतन्त्रमा आर्थिक नीति अझ प्रभावकारी रूपमा कार्यान्वयन र अनुगमन गर्न सकिन्छ। यसले तुरुन्तै अनुदान वितरण गर्न, मुद्रास्फीति व्यवस्थापन गर्न र कर उठाउन सक्छ। सरकारको भुक्तानी प्रणालीमा रहेका ७० प्रतिशत समस्या नगदरहित कारोबारबाट सजिलै समाधान हुन सक्छन्।

नगदरहित अर्थतन्त्रमा उपयुक्त, लचिलो र यथार्थपरक मौद्रिक नीति सजिलै सेट गर्न सकिन्छ। राष्ट्र बैंकले पूर्ण डिजिटल कारोबारबाट प्राप्त आर्थिक परिसूचकको सही तथ्यांकका आधारमा मौद्रिक नीति तय गरेमा नीति कार्यान्वयन गर्न कुनै समस्या हुने देखिँदैन। कागजविहीन कारोबारले राष्ट्र बैंकलाई नोट व्यवस्थापन गर्न सजिलो बनाउँछ र औपचारिक बैंकिङ प्रणालीमा नपरेका बाँकी जनतालाई सजिलैसँग प्रणालीमा जोडिन मद्दत पनि गर्छ। यस्तो अभ्यासले अनुसन्धान, नवीनता र रचनात्मकता बढाएर नयाँ वित्तीय सेवा, उत्पादन, व्यापार मोडेल र उद्यमशीलता उपाय सिर्जना गर्न सक्षम बनाउँछ। साथै, अन्तर्राष्ट्रिय व्यापार र वित्तमा जटिल भुक्तानी प्रणालीलाई सरल बनाउन र व्यापार प्रवर्द्धन पनि गर्न सक्छ।

नगदविहीन प्रणालीले काम जारी राख्न सक्छ। तर, कागजी नोटहरू प्राकृतिक प्रकोप, दुर्घटनाका कारण हराउन वा नष्ट हुन सक्छ र लेनदेन गर्न सकिँदैन। महामारी, युद्ध र प्राकृतिक प्रकोपको समयमा पनि नगदरहित आर्थिक प्रणालीलाई प्रवर्द्धन गर्न सकिन्छ।

नगदरहित अर्थतन्त्रको विश्लेषण

शक्ति : अनौपचारिक अर्थतन्त्रमा न्यूनीकरण : अनौपचारिक क्षेत्रमा नगदको माध्यमबाट हुने अदृश्य कारोबारलाई रोकेर कर राजस्वमा वृद्धि गरी स्थिर अर्थतन्त्र सिर्जना गरी वित्तीय प्रणालीलाई डिजिटलाइज गरी औपचारिक बनाउन सकिन्छ।

बृहत्तर पारदर्शिता : यस प्रणालीले प्रत्येक लेनदेनलाई रेकर्ड गर्ने भएकाले यसले भ्रष्टाचार र आपराधिक गतिविधिलाई कम गर्छ र पारदर्शिता र जवाफदेहितालाई बढावा दिन्छ।

व्यापार दक्षतामा वृद्धि : डिजिटल भुक्तानीहरू प्रायः परम्परागत नगद लेनदेनहरूभन्दा छिटो, सरल र अधिक सुविधाजनक हुन्छन् र यसले आर्थिक वृद्धि र उत्पादकता बढाउन सक्छ।

लागत घटाउन सकिन्छ : भौतिक मुद्राको मुद्रण, ढुवानी, स्थापना र सुरक्षाजस्ता ठूला खर्चलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ र लागत घटाउन सकिन्छ।

कमजोरी : डिजिटल प्रविधि सिक्न र प्रणाली सेटअप गर्न समय खपत र गाह्रो पर्न सक्छ।

धोखाधडी र साइबर आक्रमणको जोखिम : प्रविधिको उपलब्धता र ज्ञानविना प्रयोग गर्न सकिँदैन।

अवसर : वित्तीय पहुँच : नगदरहित प्रणालीले बैंक तथा वित्तीय संस्था आदिमा सबैको पहुँच बढाउँछ।

- कर राजस्वमा उल्लेख्य वृद्धि गर्न सकिन्छ।
- आर्थिक र व्यावसायिक प्रवर्द्धनमा सहजता।
- कम्प्युटरीकृत भुक्तानी प्रणाली र यसमा एकरूपता।

चुनौती

- डिजिटल पूर्वाधारको विकास नभएका ठाउँका जनता यस प्रणालीबाट वञ्चित हुनेछन्।
- गोपनीयता र डेटा सुरक्षा चिन्ताको कारणले डिजिटल भुक्तानी गर्न अनिच्छुक हुन सक्छ।
- नगदरहित अर्थतन्त्रको डिजिटल भुक्तानी चुनौतीपूर्ण छ, जहाँ धार्मिक सांस्कृतिक सामाजिक जमघटमा भौतिक नगद अपरिहार्य छ।

अन्तमा, नगदविहीन अर्थतन्त्रतर्फ नेपाल अघि बढ्दा धेरै फाइदा भए पनि यसमा धेरै चुनौती पनि छन्। योजना, प्रविधिमा वित्तीय लगानी, साइबर सुरक्षा उपाय र अन्य कमजोरी र चुनौतीजस्ता समस्यालाई सम्बोधन नगरी नगदरहित अर्थतन्त्रको परिकल्पना साकार हुन सक्दैन। तसर्थ, डिजिटल वित्तीय उपकरण प्रयोग गर्ने मानिसको क्षमता सुनिश्चित गर्न शिक्षा र तालिम दिनुपर्ने आवश्यक देखिन्छ।

(थापा अर्थशास्त्रका प्राध्यापक हुन्)

अर्थ ज्ञान

यसरी अघि बढेको थियो रेलमार्गको आयोजना



नेपालको संघीय राजधानी काठमाडौंलाई भारतीय रेल सञ्जालमा जोड्न काठमाडौं-रक्सौल रेलमार्ग बनाउने गरी ०७४ मै दुई देशबीच प्रारम्भिक सहमति भएको थियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको २४ चैत ०७४ मा भएको भारत भ्रमणमा यस्तो सहमति भएको थियो। त्यसपछि ०७५ भदौमा काठमाडौं सम्पन्न बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) सम्मेलनमा प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच यसबारे थप समझदारी भएको थियो। त्यसपछि भारतले असोज ०७६ मै आयोजनाको प्रारम्भिक प्रतिवेदन नेपाललाई बुझाएको थियो।

त्यसपछि रेलमार्गको विस्तृत अध्ययन गरी डिपिआर बनाउन रेल विभाग र भारतको कोंकण रेलवे कर्पोरेसनबीच असोज ०७८ मा सम्झौता भएको थियो। सम्झौताअनुसार भारतले आफ्नै आर्थिक तथा प्राविधिक सहयोगमा यही चैत मसान्तभित्र नै आयोजनाको अध्ययन तथा डिपिआर बनाउनुपर्ने थियो। तर, त्योभन्दा ढिला गरेर भारतले रेलमार्गको डिपिआर पठाएको हो।


आयोजनाको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक (पिइटी) सर्भेले रेलमार्ग बनाउन चार रुट पेस गरेको थियो। त्यसमा रक्सौल-जितपुर-निजगढ-शिखरपुर-सतिखेत-काठमाडौं रुटमा रेलवे बनाउने गरी डिपिआर बनाइएको छ।

सेयर बजार

१ फागुन ०८०

नेप्से २,०७०.५९ ▼ -३०.५६ -१.४५%

कारोबार रकम	जम्मा सेयर
४,६६,७१,७९,३०४.१४	१,२१,६५,२०२



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौँ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २ फागुन ०८०

नेवानिको न्यारोबडी सात महिनामा पाँच महिना ग्राउन्डेड



- इन्जिन फेर्न भनेर इजरायल पठाएको ३२ दिनसम्म पनि फर्किएन एकेएक्स
- ६५ दिनसम्ममा मर्मत गर्ने भनेर दिइएको इन्जिन आइएआईले १४९ दिनसम्म पनि बनाइदिएन
- चालू आवमै ३१ असारदेखि ११ असोजसम्म ७५ दिन र पछिल्लोपटक १३ मंसिरमा ग्राउन्डेड भएको पनि ७६ दिन पुग्यो

नवीन अर्याल/नयाँ पत्रिका

नेपाल वायुसेवा निगम (नेवानि)को भद्रगोल व्यवस्थापनका कारण एउटा न्यारोबडी जहाज सात महिनाको अवधिमा पाँच महिनाभन्दा बढी ग्राउन्डेड भएको छ। निगमको ९एन-एकेएक्स कलसाइन नम्बरको एयरबस-३२० जहाज एकपछि अर्को इन्जिनमा समस्या आउँदा ३१ असारदेखि १ फागुनसम्म दुई सय १२ दिनमा पटक-पटक गरी एक सय ५२ दिन ग्राउन्डेड भएको हो। एकेएक्स पछिल्लो पटक १३ मंसिरमा ग्राउन्डेड भएको पनि ७७ दिन पुगिसकेको छ। यसअघि यही जहाज दायाँ पखेटाको इन्जिनमा समस्या देखिएर ३१ असारदेखि ११ असोजसम्म ७५ दिनसम्म ग्राउन्डेड गरिएको थियो।

अहिले बायाँ पखेटाको इन्जिनमा समस्या देखिएर बैंककबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेलगत्तै जहाज ग्राउन्डेड अवस्थामा छ। सो जहाज कहिलेबाट नियमित उडानमा फर्किन्छ भन्नेमा निगम नेतृत्व नै अनभिज्ञ छ। इन्जिन फेर्न भन्दै २६ पुसमा इजरायल पठाएको जहाज ३३ दिनदेखि उतै थन्किएको छ। यही जहाज अघिल्लोपटक बिग्रँदा ३१ भदौमा दायाँ पखेटाको इन्जिन मर्मत गर्नलाई इजराइलमै छाडिएको थियो। सोही समयमा इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)ले उपलब्ध गराएको भाडाको इन्जिन जडान गरेर जहाज नियमित उडानमा फर्किएको थियो।

पछिल्लोपटक बायाँ इन्जिनमा पनि समस्या आएपछि एकेएक्सका दुवै पखेटामा रहेका इन्जिनको मर्मत भइरहेका छन्। सीमित जहाज भएको नेवानिले व्यस्त सिजनमा यात्रु बोक्नुपर्ने जहाजलाई एक सय ५१ दिनसम्म पार्किङ गरेर राख्दा करिब दुई अर्ब रुपैयाँ आम्दानी गुमाएको छ। एउटा न्यारोबडी जहाज ग्राउन्डेड हुँदा दैनिक करिब एक करोड १५ लाख रुपैयाँ आम्दानी गुम्ने निगमको वित्तीय विवरणले देखाउँछ।

निगम व्यवस्थापनले १२ जुन २०२३ मा सार्वजनिक टेन्डर आह्वान गरेर लिजसहित इन्जिन मर्मत गर्न भन्दै चार वर्षसम्मका लागि आइएआईलाई मेन्टेनेन्स, रिपेयर, ओभरहल (एमआरओ) नियुक्त गरेको छ। ३१ भदौमा छाडेको इन्जिन पाँच महिना बित्दा पनि सो कम्पनीले अझै मर्मत गरिदिएको छैन।

■ ३२ दिनदेखि इजरायलमा अलपत्र

निगमले जहाज ग्राउन्डेड भएको जानकारी गराएको सात दिनभित्र एमआरओ कम्पनी 'आइएआई'ले भाडामा इन्जिन उपलब्ध गराउने र ६५ दिनसम्म इन्जिन मर्मत गरेर हस्तान्तरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ। तर, जहाज ग्राउन्डेड भएको ७७ दिनसम्म पनि आइएआईले



वायुसेवा निगमका प्रवक्ता रमेश पौडेल भन्छन्-

इजरायली कम्पनीले इन्जिन मर्मत गर्दै छौं भन्छ, तर कहिलेसम्म मर्मत सकिन्छ, जानकारी गराएको छैन। इन्जिन फेरेर फर्किहाल्ने भनेर जहाज इजरायल पठाइएको हो, तर अहिलेसम्म पनि मर्मत भएको छैन, न भाडामै इन्जिन पाइएको छ।

न भाडामा इन्जिन दिएको छ, न इन्जिन मर्मत गरिदिएको छ। ३१ भदौमा मर्मत गर्न दिएको इन्जिन पाँच महिनासम्म पनि मर्मत भएको छैन। इजरायली कम्पनीले इन्जिन मर्मतमा विभिन्न समस्या देखाएर आलटाल गर्दै आइरहेको निगम स्रोतले बतायो।

नेपालमा ग्राउन्डेड हुँदा चौतर्फी दबाब र आलोचना भएपछि इजरायलमा बनाउन दिएको इन्जिन मर्मत नहुँदै निगम व्यवस्थापनले आलोचनाबाट जोगिन इन्जिन फेर्न भन्दै जहाज इजरायल पठाएको छ। २६ पुसमा इजरायल पठाएको जहाज कहिले फर्किन्छ ? निगम व्यवस्थापनलाई नै जानकारी छैन। आइएआईले न निगमको इन्जिन मर्मत गरिदिएको छ, न भाडाको इन्जिन नै उपलब्ध गराएको छ। इजरायली कम्पनीले भाडामा इन्जिन नपाउँदा उपलब्ध गराउन नसकेको भन्दै पन्छिँदै आइरहेको छ।

'कम्पनीले इन्जिन मर्मत गर्दै छौं भन्छ, तर कहिलेसम्म मर्मत सकिन्छ, जानकारी गराएको छैन,' निगमका प्रवक्ता रमेश पौडेलले भने, 'इन्जिन फेरेर फर्किहाल्ने भनेर जहाज इजरायल पठाइएको हो, तर अहिलेसम्म पनि मर्मत भएको छैन, न भाडामै इन्जिन पाइएको छ।'

अहिले निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुईवटा वाइडबडी र दुईवटा न्यारोबडी छन्। वाइडबडी जहाज जापान, कोरिया, अस्ट्रेलिया, युरोपजस्ता लामो दूरी गन्तव्यमा उडान गर्ने भनेर खरिद गरिएको हो। दुईवटा न्यारोबडीमध्ये एउटा जहाज महिनौंदेखि ग्राउन्डेड हुँदा निगमले न्यारोबडी उडाउने गन्तव्यमा पनि वाइडबडी जहाज उडाउनुपर्ने बाध्यता छ।

निगम स्रोतका अनुसार आइएआईले जहाजको इन्जिन मार्च नलागेसम्म नबन्ने जानकारी पहिल्यै गराइसकेको थियो। तर, जहाज विमानस्थलको ह्यांगरमा पार्किङ गरेर राख्दा नेतृत्वको तीव्र आलोचना भएपछि इन्जिन फेर्न भन्दै हतार-हतार जहाज इजरायल पठाएको स्रोतको दाबी छ।

■ यसअघि सात महिना झुलाइयो

२८ डिसेम्बर २०२१ मा कतारको दोहामा ग्राउन्डेड भएको जहाजको बायाँ इन्जिन मर्मत गर्न आइएआईले करिब सात महिना लगाएको थियो। सम्झौता कार्यान्वयन नगर्ने कम्पनीलाई निगम नेतृत्वले 'ब्ल्याक लिस्टेड' गर्नुपर्ने थियो। तर, यसै वर्ष उल्टै इन्जिन लिजसहित मर्मतका लागि चार वर्षसम्म एमआरओ नियुक्त गरेर पुरस्कृत गरेको छ। जहाजको इन्जिन मर्मत गर्न र भाडामा लिनका लागि एउटै कम्पनीलाई एमआरओ नियुक्त गर्न नहुने सार्वजनिक खरिद ऐनमा व्यवस्था रहेको स्रोतको भनाइ छ।

चार राष्ट्रिय गौरवका आयोजनाको खर्च १ प्रतिशत पनि भएन

चालू आवको ६ महिनामा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाको औसत खर्च भने २३.६१ प्रतिशत

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ मा चार राष्ट्रिय गौरवका चार आयोजनाको खर्च लज्जास्पद देखिएको छ। ६ महिनामा ती आयोजनाको खर्च १ प्रतिशतभन्दा पनि कम छ। निर्माणाधीन २१ गौरवका आयोजनाको औसत खर्च भने २३.६१ प्रतिशत छ।

समीक्षा अवधिमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनाले एक रुपैयाँ पनि खर्च गर्न सकेका छैनन्। यस वर्ष निजगढमा ३५ करोड र बुढीगण्डकीमा एक अर्ब बजेट विनियोजन भएको छ, तर वित्तीय खर्च शून्य नै छ।

त्यसबाहेक मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपाल र सासेक विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाको खर्च पनि लजास्पद छ। १० अर्ब ८४ करोड १७ लाख बजेट विनियोजन भएको एमसिए नेपालले पाँच करोड नौ लाख मात्रै खर्च गरेको छ, जुन ०.४७ प्रतिशत मात्रै हुन आउँछ। यसैगरी, तीन अर्ब ५० करोड बजेट विनियोजन भएको सासेक आयोजनाले २४ लाख मात्रै खर्च गरेको छ, जुन लक्ष्यको ०.०७ प्रतिशत मात्रै हो। अर्थ मन्त्रालयले गरेको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनले यस्तो देखाएको हो।

■ किन भएन खर्च ?

राष्ट्रिय गौरवका आयोजना भए पनि सरकारबाट बजेट निकासा नहुँदा खर्च गर्न नसकेको बुढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगतकुमार श्रेष्ठको भनाइ छ। यसमा हाल जग्गाको मुआब्जा वितरणसम्बन्धी काम भइरहेको प्रतिवेदनमा उल्लेख छ।

गत भदौबाट कार्यान्वयनमा प्रवेश गरेको एमिसी परियोजनामा पनि पुँजीगत काम हुन सकेको छैन। एमसिए नेपालले अहिले प्रसारणलाइन निर्माणका लागि पुनः टेन्डर गर्ने तयारी छ। सबस्टेसन निर्माणको टेन्डर भने प्राविधिक मूल्यांकनको चरणमा रहेको छ। यस्तै कारण एमसिए नेपालको खर्च न्यून देखिएको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्। अन्य दुई आयोजनामा पनि सोचेअनुरूप काम नहुँदा खर्च नभएको उनीहरूको भनाइ छ। निजगढ विमानस्थलको निर्माण मोडालिटी तय हुन बाँकी हुँदा खर्च हुन नसकेको अर्थ मन्त्रालयको भनाइ छ।

■ गौरवका आयोजनाको समग्र खर्च २३.६१ प्रतिशत

समीक्षा अवधिमा निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाको खर्च औसतमा २३.६१ प्रतिशत देखिएको छ। चालू आवमा निर्माणाधीन २१ राष्ट्रिय गौरवका आयोजना र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको नाममा ६५ अर्ब ६४ करोड १४ लाख बजेट विनियोजन भएको छ। त्यसमा पुस मसान्तसम्म १५ अर्ब ५० करोड आठ लाख रुपैयाँ मात्रै खर्च भएको छ, जुन लक्ष्यको २३.६१ प्रतिशत मात्रै हो। ६ महिनामा ४५-५० प्रतिशतसम्म खर्च हुनुलाई राम्रो मानिन्छ। तर, राष्ट्रिय गौरवकै आयोजनाको खर्च भने न्यून देखिएको छ। पूर्वसचिव देवेन्द्र कार्कीले यो दरको खर्चलाई सन्तोषजनक मान्न नसकिने बताए।


सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले काम भए पनि बजेट अभावका कारण खर्च गर्न नसकेको बताए। कतिपय ठाउँमा बजेट नहुँदा पनि, काम नहुँदा यस्तो समस्या आएको उनको भनाइ छ।

'अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्न नसक्दा यस्तो समस्या आएको हो। निर्माण कम्पनीलाई गत आवकै दायित्व भुक्तानी गर्न बाँकी छ। बजेट नभएको ठाउँमा काम भएको छ। बजेट भएको ठाउँमा काम भएको छैन। त्यस्तो शीर्षकमा भएको बजेट रकमान्तर गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरेका छौं। तर, अर्थ मन्त्रालयले त्यसमा ढिलाइ गरेको छ,' उनले भने, 'त्यसले गर्दा उत्तर-दक्षिण करिडोरलगायतका आयोजनामा धेरै खर्च देखिएको छैन। अर्थ मन्त्रालयले तत्काल ६ अर्ब रुपैयाँ निकासा गर्न लागेको जानकारी आएको छ, त्यो पैसा आएपछि हामीलाई दायित्व भुक्तानीमा सहज हुनेछ। साथै, खर्च पनि बढ्नेछ।'

चालू आवको ६ महिनामा आयोजनाको खर्च

आयोजना	विनियोजन बजेट (रु लाखमा)	खर्च (प्रतिशत)
मध्य पहाडी राजमार्ग	३९५७५	३७.११
हुलाकी राजमार्ग	३४८९०	४४.३५
उत्तर-दक्षिण लोकमार्ग	३६०६९	३३.८
मेट्रो रेल तथा मनोरेल विकास	१०३०३	३४.९८
काठमाडौं-तराई द्रुत मार्ग	२२५०३८	१९.३७
निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	३५००	०
पशुपति क्षेत्र विकास कोष	२१००	८०.०५
लुम्बिनी विकास कोष	४५००	५०
बुढीगण्डकी जलविद्युत्	१००००	०
बबई सिँचाइ	६३०१	७२.८३
महाकाली सिँचाइ	११७१०	६१.७२
सिक्टा सिँचाइ	७९५६	२४.८९
राजी जमरा-कुलरिया सिँचाइ	२६३४४	३४.३५
भरी-बबई सिँचाइ	१७४०५	२३.५२
सुनकोशी-मरिन डाइभर्सन सिँचाइ	४१७१४	७३.६२
राष्ट्रपति चुरे संरक्षण	१०५०९	१५.९६
मेलम्ची खानेपानी	५०८३	३२.७२
एमसिए नेपाल	१०८४१७	०.४७
सासेक विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना	३५०००	०.०७

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक



सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल भन्छन्-

अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्न नसक्दा यस्तो समस्या आएको हो। निर्माण कम्पनीलाई गत आवकै दायित्व भुक्तानी गर्न बाँकी छ। बजेट नभएको ठाउँमा काम भएको छ। बजेट भएको ठाउँमा काम भएको छैन। त्यस्तो शीर्षकमा भएको बजेट रकमान्तर गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरेका छौं। तर, अर्थ मन्त्रालयले त्यसमा ढिलाइ गरेको छ। अर्थ मन्त्रालयले तत्काल ६ अर्ब रुपैयाँ निकासा गर्न लागेको जानकारी आएको छ, त्यो पैसा आएपछि हामीलाई दायित्व भुक्तानीमा सहज हुनेछ। साथै, खर्च पनि बढ्नेछ।

सामग्रीको नियमित आपूर्ति र उपलब्धता नहुने, विदेशी भूमिबाट निर्माण उपकरण ल्याउनुपर्नेजस्ता कारण पनि समस्या भएको मन्त्रालयको भनाइ छ। आयोजना क्षेत्रमा पर्ने रूख कटानको स्वीकृत र वातावरणीय प्रभाव मूल्यांकन स्वीकृतमा ढिलाइ हुने, वन क्षेत्र राष्ट्रिय निकुञ्ज तथा आरक्षण क्षेत्रभित्र पर्ने आयोजनामा निर्माण कार्य सञ्चालनमा पर्याप्त समन्वय नहुँदा समस्या भएको बताइएको छ। वैदेशिक स्रोतबाट प्राप्त हुने बजेट समयमै प्राप्त नभई आर्थिक वर्षको अन्त्यमा मात्र प्राप्त हुँदा पनि आयोजनाको निर्माण प्रभावित भएको मन्त्रालयको भनाइ छ।

यस्तै, आयोजना कार्यान्वयनको सुरुमै सम्बद्ध सरोकारवाला निकायसँग पर्याप्त समन्वय नहुने, भन्सार जाँचपास, विदेशी मुद्रा सटही तथा विदेश कामदारको श्रम स्वीकृतिलगायतका समस्याले निर्माणमा अवरोध आएको बताइएको छ। यी यस्ता कारण आयोजना समयमा सम्पन्न गर्न, आयोजनाको सफल कार्यान्वयन गर्न पनि चुनौती भएको अर्थ मन्त्रालयको भनाइ छ।

■ के हो समाधान ?

समीक्षामार्फत अर्थ मन्त्रालयले यसको समाधानका लागि प्रभावकारी कार्यान्वयन गर्न विकास नीतिसहित परिणाममुखी आयोजना निर्माणका लागि स्पष्ट आधारसहितको कार्यविधि बनाउनुपर्ने बताएको छ। जग्गाको मुआब्जा, क्षतिपूर्ति, बस्ती स्थानान्तरण र पुनर्वाससम्बन्धी विषयलाई व्यवस्थित गर्न एकीकृत रूपमा नीतिगत र कानुनी व्यवस्था गर्नुपर्ने बताएको छ।

यसैगरी, निर्माण सञ्चालन विधि, स्पष्ट रेखांकन, स्रोतको प्रबन्ध, भौगर्भिक अध्ययन तथा क्षेत्रीय सन्तुलनजस्ता विषयमा स्पष्ट विश्लेषण गरेर राष्ट्रिय गौरवको आयोजना घोषणा गर्नुपर्ने बताइएको छ। पूर्वतयारी सकिएपछि मात्रै ठेक्का प्रक्रिया अघि बढाउने, आयोजनासँग सम्बन्धित खरिद, वन र वातावरण ऐन-नियमका प्रावधानबीच सामञ्जस्यता ल्याउन आवश्यक संशोधन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

यस्तै, बजेटको सुनिश्चितता र विनियोजनमा कुशलता अपनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। राष्ट्रिय गौरवका आयोजनाका लागि कार्ययोजनाबमोजिम लाग्ने रकम मन्त्रालयहरूले आफ्नो बजेट सीमाबाट छुट्याएर मात्र अन्य आयोजनामा बजेट छुट्याउनुपर्ने बताइएको छ। साथै, विनियोजन भएको रकम कुशलतापूर्वक परिचालन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। यसैगरी, आयोजना प्रमुख र आयोजनामा खटिने कर्मचारी व्यवस्थापनका लागि कार्यसम्पादनमा आधारित सुविधा र मनोबल अभिवृद्धिमा जोड दिनुपर्ने बताइएको छ। यस्तै, मुआब्जा तथा क्षतिपूर्तिलाई वैज्ञानिक बनाउनुपर्ने, आयोजनामा सुशासन कायम गर्नुपर्ने, सरोकारवाला निकायमा समन्वय र सहकार्य बढाउने तथा नतिजामूलक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

गण्डकीमा अफ्रिकन स्वाइन फिभरको असर

१८ महिनामा १६ हजार ६ सय ६६ बंगुर-सुँगुर मरे, करिब दुई अर्बको क्षति

कास्कीमा **रोहितराज पराजुली**

बंगुर-सुँगुर प्रजातिमा लाग्ने अफ्रिकन स्वाइन फिभरका कारण गण्डकी प्रदेशका किसान मर्कामा परेका छन्। रोगका कारण हालसम्म १६ हजार ६ सय ६६ बंगुर मरेको र किसानको दुई अर्बभन्दा बढीको क्षति भएको पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयले जनाएको छ। २ जेठ ०७९ मा देखा परेको यो रोग गण्डकीमा भने २९ साउन ०७९ मा पहिलोपटक देखापरेको थियो। गण्डकीका ११ जिल्लामध्ये पोखरा महानगरपालिका वडा नम्बर १४ मा पहिलोपटक यो रोग पुष्टि भएको थियो। १८ महिनाको अवधिमा गण्डकीमा एक सय २७ फार्मका बंगुर-सुँगुर मरेको निर्देशनालयका वरिष्ठ पशु विकास अधिकृत डा. बालकुमार श्रेष्ठले जानकारी दिए।

अघिल्लो आर्थिक वर्ष ०७९/८० मा गण्डकीमा १६ हजार पाँच सय ५४ र चालू आर्थिक वर्षमा हालसम्म एक सय १२ बाट बंगुर-सुँगुर मरेको श्रेष्ठले बताए। रोगका कारण प्रदेशका ११ जिल्लामध्ये सबैभन्दा धेरै क्षति कास्कीमा भएको छ। अघिल्लो आर्थिक वर्षमा कास्कीमा मात्र १५ हजार तीन सय ८८, तनहुँमा २०, म्याग्दीमा सात सय २ ९, नवलपुरमा २१, स्याङ्जामा दुई सय एक र लमजुङमा एक सय ४९ वटा बंगुर-सुँगुर मरेको उनले बताए। चालू आर्थिक वर्षमा यो रोग देखिएपछि कास्कीमा ५५, तनहुँमा ३०, लम्जुङमा १४, गोरखामा १३ वटा बंगुर-सुँगुर मरेका छन्। प्रदेशमा एक हजार व्यावसायिक फार्म दर्ता भएकामा हाल एकतिहाइ किसानले मात्र बंगुर-सुँगुर पाल्दै आएको श्रेष्ठले जानकारी दिए।

■ करिब दुई अर्बको क्षति

रोगका कारण गएको डेढ वर्षमा प्रदेशमा मरेका बंगुर-सुँगुरबाट ५० करोड र अन्य नोक्सानीको हिसाब गर्दा करिब दुई अर्बको क्षति भएको निर्देशनालयका महानिर्देशक डा. प्रेरणा सेढाईं भट्टराईले जानकारी दिइन्। हाल बंगुर-सुँगुरको बच्चाको मूल्य सातदेखि नौ हजारसम्म पर्ने र मासुका लागि तयार भएकाको मूल्य ६० हजारसम्म पर्ने उनको भनाइ छ। सरदर एउटाको २५ देखि ३० हजारका दरले हिसाब गर्दा मरेका बंगुर-सुँगुरबाट मात्र ५० करोडभन्दा बढीको क्षति भएको उनले बताइन्। बंगुर-सुँगुरपालन कुखुरापालनभन्दा बढी खर्चिलो रहेको महानिर्देशक भट्टराईको भनाइ छ।



■ माग बढ्यो बजारमा

रोगका कारण बजारमा बंगुरको आपूर्ति घटेपछि मूल्य बढेर प्रतिकिलो पाँच सय ५० रुपैयाँ पुगेको छ। बजारमा माग बढी र आपूर्ति कम भएपछि यसअघिको तुलनामा हाल प्रतिकिलो एक सय ५० सम्म मूल्य बढेको श्रेष्ठले जानकारी दिए। अघिल्लो वर्षको तुलनामा यस वर्ष १५ प्रतिशत हाराहारीमा मात्र बंगुरको संख्या छ। यसअघि कास्कीमा ५० हजारमा रहेको संख्या घटाएर हाल पाँच हजारमा झारिएकाले अघिल्लो वर्षको तुलनामा यस वर्ष क्षतिसमेत निकै कम रहेको उनको भनाइ छ।

■ संक्रमण दोहोरिएपछि क्षतिपूर्ति दिन समस्या

रोगका कारण बंगुर-सुँगुरपालक किसानलाई सरकारले क्षतिपूर्ति दिने तयारी गरे पनि पुनः संक्रमण देखा परेपछि रकम दिन समस्या परेको महानिर्देशक भट्टराईले जानकारी दिइन्। अघिल्लो वर्ष रोगका कारण बंगुर-सुँगुर मरेर क्षति पुगेका किसानलाई पुनर्स्थापनाका लागि प्रतिगोटा चार हजारका दरले ५० वटा क्षतिपूर्ति दिने तयारी गरे पनि संक्रमण पुनः देखिएपछि समस्या आएको उनले बताइन्। किसानलाई नगद नभई पाठापाठी नै किनेर दिनुपर्ने भएकाले संक्रमण पुनः आएकाले त्योसमेत दिने अवस्था हाल नरहेको भनाइ उनको छ।

सात महिनामा संशोधित अनुमानको ४४.८८ प्रतिशत बजेट खर्च

काठमाडौं/ चालू आव ०८०/८१ मा सात महिना बित्दा सरकारले ६ खर्ब ८६ अर्ब ७५ करोड ३७ लाख रुपैयाँ खर्च गरेको छ। सरकारी खर्च धान्ने राजस्व भने पाँच खर्ब ६७ अर्ब रुपैयाँ मात्रै उठाएको महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकले देखाएको छ। यो कुल खर्चको ८२.६५ प्रतिशत हो। सरकारी खर्च धान्न अपुग हुने भएकाले सरकारले बाँकी रकम आन्तरिक ऋण र वैदेशिक सहायताबाट परिपूर्ति गर्दै आइरहेको छ।

चालू आर्थिक वर्षमा सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड २१ हजारको बजेट ल्याएको थियो। तर, अर्थ मन्त्रालयले मध्यावधि समीक्षामार्फत १५ खर्ब ३० अर्ब मात्रै खर्च हुने संशोधित अनुमान पेस गरिसकेको छ।

सरकारले सात महिनामा गरेको खर्च विनियोजनको ३९.२१ प्रतिशत हो। संशोधित अनुमानको तुलनामा हेर्ने हो भने अहिलेको खर्च ४४.८८ प्रतिशत हो।

> पाँच खर्ब ६७ अर्ब राजस्व उठ्दा ६ खर्ब ८६ अर्ब खर्च, संशोधित लक्ष्यको ४७.१७ प्रतिशत राजस्व उठ्यो

पुँजीगत खर्चतर्फ ६३ अर्ब ५७ करोड ८९ लाख रुपैयाँ भएको छ भने चालूतर्फ पाँच खर्ब नौ अर्ब खर्च भएको छ। सुरुवाती विनियोजनको तुलनामा पुँजीगत खर्च २१.०५ प्रतिशत खर्च भएको छ भने संशोधित अनुमानको दाँजोमा २५.०२ प्रतिशत खर्च भएको छ। त्यस्तै, चालू खर्च पनि सुरुवाती विनियोजनको तुलनामा ४४.५८ प्रतिशत र संशोधित अनुमानको तुलनामा ५०.५४ प्रतिशत खर्च भएको छ।

संशोधित लक्ष्यको ४७.१७ प्रतिशत राजस्व उठ्यो

सात महिनामा सरकारले वार्षिक लक्ष्यभन्दा ३९.८९ प्रतिशत राजस्व संकलन गरेको छ। १४ खर्ब २२ अर्ब ५४ करोड १७ लाख रुपैयाँ राजस्व संकलन गर्ने सरकारको सुरुवाती लक्ष्य थियो। तर, आर्थिक वर्षको सात महिना बित्दा पाँच खर्ब ६७ अर्ब ४० करोड ३० लाख रुपैयाँ मात्रै राजस्व उठाएको छ।

राजस्व संकलन सन्तोषजनक नभएपछि सरकारले १२ खर्ब दुई अर्ब रुपैयाँ राजस्व उठाउने संशोधित लक्ष्य सार्वजनिक गरेको छ। जससअनुसार सात महिनामा ४७.१७ प्रतिशत राजस्व संकलन गरेको छ। जसमा करबापत मात्रै पाँच खर्ब १० अर्ब राजस्व उठेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/११/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोल ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, बारामा मिति २०६५/०५/२४ प्रा.फ.र.नं. ९१४/०६५/६६ कायम भई दर्ता रहेको बारा जिल्ला, कलैया ना.पा.वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **अभिषेक किराना पसल** **प्रोप्राईटर - सुजान्ती कुमारी**	१. **सुजान्ती कुमारी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बारा जिल्ला बरेवा गा.वि.स./न.पा वडा नं. ५क स्थित कित्ता नं. ५७१ को क्षे.फ. ०-०-५ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लगापातहरु समेत। २. ऋणी **अभिषेक किराना पसल** सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।
व्यक्तिगत जमानीकर्ताको विवरण:	
१. **राजु प्रसाद साह तेलि** ना.प्र.नं.- ३३३०५५/३९८ जारी मिति - २०६३/११/१०, जि.प्र.का. बारा बाबु - सूरेश प्रसाद साह तेलि बाजे - फरौकी लाल साह स्थायी ठेगाना- बारा जिल्ला, कलैया उ.प.म.न.पा. वडा नं. ६ हालको ठेगाना- ऐ.ऐ	२. **सुजान्ती कुमारी** ना.प्र.नं.- ५/७४८७ जारी मिति - २०५२/१२/१८, जि.प्र.का. बारा बाबु - नागेन्द्र साह तेलि बाजे - भिखारी साह स्थायी ठेगाना- बारा जिल्ला, कलैया उ.प.म.न.पा. वडा नं. ६ हालको ठेगाना- ऐ.ऐ

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय कलैया, बारा फोन नं.०५३-५५११९५

चौधरी ग्रुपले भित्र्यायो एवोन ब्रान्डको इभी

नयाँ पत्रिका

नेपाली बजारमा एवोन ब्रान्डको विद्युतीय कार भित्रिएको छ। चौधरी ग्रुपअन्तर्गतको सिजी मोटर्सले मंगलबार चिनियाँ कम्पनी ग्वन्फाओ अटोमोबाइल ग्रुप कर्पोरेसन (जिएसी)को इलेक्ट्रिक ब्रान्ड एवोन-वाई मोडल नेपालमा सार्वजनिक गरेको हो।

चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले काठमाडौंको थापाथलीमा एवोन-वाईसहित पहिलो सोरुम उद्घाटन गरे। आकर्षक डिजाइन, विलासी इन्टेरियर, उच्च ग्राउन्ड क्लियरेन्स, अब्बल सुरक्षालगायत कारण धेरैले एवोन-वाई मन पराउने उनको विश्वास छ।



योसहित सिजीसँग विभिन्न चारवटा ब्रान्डका इलेक्ट्रिक गाडी भएका छन्। एसयुभी डिजाइनको एवोन-वाईमा ६१.५ किलोवाट आवरको लिथियम आयोन फस्फेट ब्याट्री प्रयोग गरिएको छ। गाडीमा सय किलोवाटको मोटर पावर दिइएको छ भने अधिकतम पावर २२५ एनएम टर्क रहेको छ। यो गाडी सिंगल चार्जमा पाँच सय किलोमिटरसम्म कुदाउन सकिने कम्पनीको दाबी छ।एवोन वाइको लम्बाइ ४,५३५ एमएम, चौडाइ १,८७० एमएम र उचाइ १,६५० एमएम रहेको छ। यो गाडीको ह्विलबेस २,७५० एमएम छ। पाँच सिट क्षमताको यस गाडीको अधिकतम स्पिड प्रतिघण्टा एक सय ५० किलोमिटर रहेको छ। ग्राउन्ड क्लियरेन्स एक सय ८० एमएम रहेको बताइएको छ। गाडीमा कि-लेस इन्ट्री, १०.२५ इन्चको इन्स्ट्रुमेन्ट क्लस्टर, १४.६ इन्चको टचस्क्रिन, ६ स्पिकर, इलेक्ट्रिक पावर स्टेरिङ, फ्रन्ट र रियल डिस्क ब्रेकलगायत फिचर रहेका छन्। यस्तै, गाडीमा अल्ट्रा लार्ज प्यानारोमिक सनरुफ, स्काइलाइन एलइडी टेल लाइट, एंगल विङ्स एलइडी हेडलाइट प्रयोग गरिएको छ। यस गाडीमा ६.६ किलोवाटको चार्जर उपलब्ध छ।

गाडीमा यात्रुको सुरक्षालाई निकै ध्यान दिइएको कम्पनीको दाबी छ। गाडीमा समावेश डेढ दर्जन सुरक्षा फिचरहरूमा टायर प्रेसर मोनिटर, ६ वटा एयर ब्याग, अटो होल्ड, क्रुज कन्ट्रोल, रियल पार्किङ सेन्सर, ३६० डिग्री क्यामरा, एबिएस, ब्रेकिङ इमर्जेन्सी रिकभर सिस्टमलगायत रहेका छन्। यो कारको मूल्य नेपाली बजारमा ५४ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

शाखा बन्द नगर्ने एनआइसी एसिया बैंकको स्पष्टोक्ति

काठमाडौं/ एनआइसी एसिया बैंकले बजारमा आफ्ना ५० शाखा बन्द गर्न खोजेको हल्ला अफवाह मात्र भएको जनाएको छ। बैंकले शाखा बन्दका लागि राष्ट्र बैंकमा निवेदन दिएको भन्ने आधारविनाको हल्ला भएको जनाएको हो।

बैंकले विज्ञप्ति जारी गर्दै भनेको छ, 'आफ्ना कुनै पनि शाखा कार्यालय बन्द गर्ने बैंकको रणनीति तथा योजना नरहेको र ५० वटा शाखा बन्द गर्न राष्ट्र बैंकसमक्ष निवेदन दिएको विषय कपोलकल्पित तथा भ्रामक रहेको तथ्य यसै प्रेस विज्ञप्तिमार्फत स्पष्ट पार्न चाहन्छौं।'

वाणिज्य बैंकहरूमध्ये सबैभन्दा धेरै शाखा सञ्जाल भएको दाबी गर्दै बैंकले देशभर रहेका तीन सय ६० शाखा, ६ सय ७० एटिएम, एक सय १५ विस्तारित काउन्टर एवं ५१ वटा शाखारहित बैंकिङ सेवा प्रदान गरिएको जनाएको छ।

कर्जाभार सीमाभित्रै रहेको भनाइ

बैंकले घरकर्जाको वासलबमोजिमको जोखिमभारको दरलाई तोडमोड गरेको र रियल इस्टेट क्षेत्रमा बैंकले नियमनकारी व्यवस्थाले तोकेको सीमाभन्दा बढी कर्जा लगानी गर्ने काम नगरेको स्पष्टोक्ति दिएको छ। राष्ट्र बैंकबाट प्राप्त मार्गदर्शनका आधारमा क्लेम्स सेक्युर्ड बाई रेसिडेन्सियल प्रोपर्टिज सम्बन्धमा बैंकको बुझाइलाई अद्यावधिक गरी सोहीबमोजिम राष्ट्र बैंकलाई प्रतिवेदन दिइसकेको बैंकको भनाइ छ। घरजग्गामा कुल कर्जाको २५ प्रतिशतसम्म लगानी गर्न पाउनेमा हाल १० दशमलव १४ प्रतिशत मात्र लगानी गरेको बैंकले दाबी गरेको छ।

टिभिएसको एक लाख सेलेब्रेसन एनओजी राइड



काठमाडौं/ टिभिएस मोटर कम्पनीका लागि नेपालको आधिकारिक वितरक जगदम्बा मोटर्सले एक लाख एन्टर्क स्कुटर बिक्री गर्न सफल भएको अवसर पारेर एनओजी राइड आयोजना गरेको छ। एनओजी राइड टिभिएसको नक्सोल सोरुमबाट सुरु भई शिवपुरीको द ग्रिनभ्याली रिसोर्टमा पुगेर समापन भएको हो। करिब एक सय राइडर सहभागी रहेको कार्यक्रममा सबै सहभागी राइडरलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिएको कम्पनीले जनाएको छ। उक्त राइडमा स्कुटरहरू राखेर एक लाखको आकृति पनि बनाइएको उल्लेख छ। उक्त राइडमा हेड मार्सल गौरव पाठकले सडक सुरक्षाबारे विभिन्न जानकारी तथा राइडरले अपनाउनुपर्ने नियम र सुरक्षा जानकारी प्रदान गरेको कम्पनीको भनाइ छ। राइडको समापन एक लाख सेलेब्रेसनको केक काटेर गरिएको कम्पनीले जनाएको छ। स्मार्ट टेक्नोलोजी, दमदार पफर्मेन्स र स्पोर्टी डिजाइनले गर्दा टिभिएस एनटर्क ग्राहकको पहिलो रोजाइमा पर्न सफल भएको कम्पनीको दाबी छ।

महालक्ष्मी विकास बैंकका नयाँ कर्जा योजना

काठमाडौं/ महालक्ष्मी विकास बैंकले नयाँ वर्ष ०८१ लाई लक्षित गरी नयाँ कर्जा योजना ल्याएको छ। बैंकले महालक्ष्मी घरकर्जा, महालक्ष्मी व्यावसायिक कर्जा तथा महालक्ष्मी सवारी कर्जा (व्यक्तिगत)मा आकर्षक ब्याजदर रहने गरी नयाँ योजना ल्याएको हो।

योजनाअन्तर्गत महालक्ष्मी घरकर्जा र महालक्ष्मी व्यावसायिक कर्जा १० दशमलव ९९ प्रतिशत तथा महालक्ष्मी सवारी कर्जा (व्यक्तिगत)मा ११ दशमलव ४९ प्रतिशत वार्षिक ब्याजदरमा प्रदान गरिने जनाइएको छ। तीनै प्रकारका कर्जामा पहिलो एक वर्षका लागि स्थिर ब्याजदर कायम रहने र महिलाको हकमा सेवा शुल्कमा २५ प्रतिशतसम्म छुट प्रदान गर्न सकिने बैंकको भनाइ छ। आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको तीन कार्य दिनभित्र नै कर्जा प्रवाह गरिने बैंकले प्रतिबद्धता व्यक्त गरेको छ।

योजनाअनुसार आवासीय-व्यापारिक घर-जग्गा खरिद गर्न, घर निर्माण गर्न, अपार्टमेन्ट खरिद गर्न, घर थप पुनर्निर्माण-मर्मतसम्भार गर्न महालक्ष्मी घरकर्जाअन्तर्गत न्यूनतम दुई वर्षदेखि अधिकतम ३० वर्ष अवधि रहने गरी बढीमा पाँच करोड रुपैयाँसम्म प्रदान गर्ने जनाइएको छ। साना तथा मझौला व्यवसायी कर्जा एक वर्षदेखि १५ वर्ष अवधिसम्मका लागि १० दशमलव ९९ प्रतिशतमा व्यावसायिक कर्जा प्रदान गर्ने जनाइएको छ।

त्यस्तै, ११ दशमलव ४९ प्रतिशत वार्षिक ब्याजदरमा न्यूनतम अवधि दुई वर्ष र अधिकतम अवधि पाँच वर्षसम्म रहने गरी व्यक्तिगत विद्युतीय सवारी खरिदमा भ्याट बिल वा कोटेसन मूल्यको ८० प्रतिशतमध्ये कम देखिएको रकम र नयाँ सवारीसाधनमा ५० प्रतिशतसम्म कर्जा प्रदान गर्ने बैंकले जनाएको छ।

नगरकोट रिसोर्टलाई ज्योति क्यापिटलको संस्थागत परामर्श

काठमाडौं/ ज्योति क्यापिटल लिमिटेडको संस्थागत परामर्श सेवा 'व्यवसायको आरम्भदेखि सम्पन्नतासम्म' अन्तर्गत नगरकोट रिसोर्टलाई परामर्श सेवा दिने भएको छ। क्यापिटलले दिँदै आएको कम्पनीको स्थापनादेखि सर्वसाधारणलाई सेयर जारी गर्ने चरणसम्म पुऱ्याउन आवश्यक सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउने भएको हो।



उक्त सेवाअन्तर्गत संस्थागत परामर्श सेवासहित पुँजी संरचना परिवर्तन, प्राइभेट इक्विटीको व्यवस्थालगायतका कार्य गर्न आवश्यक परामर्श दिई भविष्यमा कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भएबमोजिमका कार्य गर्न सक्ने बनाउन क्यापिटल र रिसोर्टबीच संस्थागत परामर्श सेवासम्बन्धी सम्झौता भएको जनाइएको छ। सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विकास ढकाल र रिसोर्टका अध्यक्ष सुरेन्द्र राउत क्षेत्रीले हस्ताक्षर गरेको उल्लेख छ। ज्योति विकास बैंकको सहायक कम्पनीका रूपमा रहेको ज्योति क्यापिटलले ग्राहकको सम्पन्नताको सहयात्री बन्ने अभिलाषासहित लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श, धितोपत्रको प्रत्याभूति सेवासमेत प्रदान गरिरहेको जनाएको छ।

कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/११/०२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ। उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर उ.म.न.पा/न.पा वडा नं. ४ स्थित कित्ता नं. ७९ को क्षेत्रफल ०-०-७-१ (वि.क.धु.क) को घर/जग्गा र ऐ.ऐ. वडा नं. ५ स्थित कित्ता नं. १४६ को क्षेत्रफल ०-०-१-३.७५ (वि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० फागुन ०८ गते** सम्म कुमारी बैंक लि.को शाखा कार्यलय जनकपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम यस बैंकको शाखा कार्यालय जनकपुरमा स्थित कर्जा विभागबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ। सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ। सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिइने छैन।
४. उक्त घर/जग्गा व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिनेछ। व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्ने छ।
५. यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० फागुन ०९ गते ०३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको शाखा कार्यलय जनकपुरमा बोलपत्र खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले ७ दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बाकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयाने रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले व्यहोर्नु पर्नेछ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अर्न्तगत कर्जा असुली विभाग बागबजार, काठमाण्डौंमा सम्पर्क गर्न सकिने छ।

बोलपत्र खोलिने मिति २०८० फागुन ०९ गते बुधबार अपरान्ह ०३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय जनकपुर फोन नं. ०४१-५९००९२/९३

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय

गण्डकी प्रदेश, पोखरा

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०२

प्रस्तुत विषयमा, यस आयोजना कार्यालय अन्तर्गत चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको हुप्सेकोट गाउँपालिका केन्द्रको भौतिक पूर्वाधार विकास सम्बन्धी एकीकृत गुरुयोजना अनुसारको पूर्वाधार निर्माण कार्यको लागि सूचना नं. LIDPO/PKR/IFB/WORKS/06/080-81 अन्तर्गत बोलपत्र आव्हान गरिएको र सो सम्बन्धी सूचना https://bolpatra.gov.np/egp/ मा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना २ गते बुधबार)

यस विकास बैंक लि.को शाखा कार्यालय बालिङ्गबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षकमा लिएको कर्जाको सावाँ, ब्याज र अन्य दै-दस्तुर समेत तिनें बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

१. कर्जा शिर्षक : व्यवसायीक अधिविकर्ष

ऋणीको विवरण
नाम : **शुक्ला ज्यागदी फेन्सी स्टोर्स** प्रोप्राइटरको नाम : छमकला कुवर प्रा.फ.र.नं. : ६११/०७६/०७७ दर्ता मिति : २०७६/०९/०१ स्थायी लेखा नं. : ६१२६५७४२९ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, स्याङ्जा रजिष्टर्ड ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८

व्यक्तिगत धनजमानीहरुको विवरण	
१. नाम : **छमकला कुवर** बाबुको नाम : पदम बहादुर कुवर पतिको नाम : इन्द्र बहादुर हमाल ससुराको : जोग बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८ ना.प्र.नं. : २५ जारी मिति र जिल्ला : २०५४/०३/०७, स्याङ्ज	२. नाम : **इन्द्र बहादुर हमाल** बाबुको नाम : जोग बहादुर हमाल बाजेको नाम : दल बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला चिन्नेवास गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८ ना.प्र.नं. : १७१५४ जारी मिति र जिल्ला : २०५०/१२/१९, स्याङ्जा

२. कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीको विवरण
नाम : **छमकला कुवर** बाबुको नाम : पदम बहादुर कुवर पतिको नाम : इन्द्र बहादुर हमाल ससुराको : जोग बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८ ना.प्र.नं. : २५ जारी मिति र जिल्ला : २०५४/०३/०७, स्याङ्जा	नाम : **इन्द्र बहादुर हमाल** बाबुको नाम : जोग बहादुर हमाल बाजेको नाम : दल बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला चिन्नेवास गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिड न.पा. वडा नं. ८ ना.प्र.नं. : १७१५४ जारी मिति र जिल्ला : २०५०/१२/१९, स्याङ्जा

३. कर्जा शिर्षक : हायर पर्चेज कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीहरुको विवरण
नाम : **शुक्ला ज्यागदी कन्स्ट्रक्सन प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : छमकला कुवर दर्ता नं. : १७३६१६/०७४/०७५ दर्ता मिति : २०७४/०५/०६ स्थायी लेखा नं. : ६०६८९२४८० दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं रजिष्टर्ड ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८	१. नाम : **छमकला कुवर** बाबुको नाम : पदम बहादुर कुवर पतिको नाम : इन्द्र बहादुर हमाल ससुराको : जोग बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८ ना.प्र.नं. : २५ जारी मिति र जिल्ला : २०५४/०३/०७, स्याङ्जा

व्यक्तिगत धनजमानीहरुको विवरण	
२. नाम : **इन्द्र बहादुर हमाल** बाबुको नाम : जोग बहादुर हमाल बाजेको नाम : दल बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला चिन्नेवास गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिड न.पा. वडा नं. ८ ना.प्र.नं. : १७१५४ जारी मिति र जिल्ला : २०५०/१२/१९, स्याङ्जा	३. नाम : **टिका बहादुर थापा** बाबुको नाम : लाल बहादुर थापा बाजेको नाम : भद्रविर थापा स्थायी ठेगाना : स्याङ्जा जिल्ला क्यामी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८ ना.प्र.नं. : ८२३ जारी मिति र जिल्ला : २०४६/०२/१७, स्याङ्जा

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
मिति २०७९/१२/२३ को कारोवार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण :

(क) धितो सुरक्षण सम्बन्धी विवरण : उल्लेखित ऋणीहरु शुक्ला ज्यागदी फेन्सी स्टोर्स, छमकला कुवर तथा शुक्ला ज्यागदी कन्स्ट्रक्सन प्रा.लि.को कर्जा सुरक्षणमा दुष्टी बन्धक रहेको निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (व.मि.)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
छमकला कुवर	स्याङजा जिल्ला वालिड न.पा. वडा नं. ३	१३४६	६३.५९	पक्की रोड	कि.नं १४४७	कि.नं ४५४७ र १४४७	कि.नं १३३१ र १४१६

(ख) यस बैंक र ऋणी शुक्ला ज्यागदी कन्स्ट्रक्सन प्रा.लि. कायम रहेको तपसिल बमोजिमको सवारी साधन:

सवारी दर्ता नं.	इन्जिन नं.	च्यासिस नं.	सवारी मोडेल	कम्पनीको नाम	बनेको साल	रङ्ग	सवारी किसिम
लु १ क २२०३	८०४५.४५*७४०-२०२९२४	NKTOB80BEHKH00057	B80B	CNH Industrial	२०१७	पहेलो	निजि व्याक्हो लोडर
लु १ क २२०२	८०४५.४५*७४०-२००५२५	NKTOB80BTHKH00020	B80B				

३. कर्जा शिर्षक : व्यवसाय जीवन रक्षा कर्जा

ऋणीको विवरण
नाम : **फुलबारी पशु तथा भैसींपालन फर्म** प्रोप्राइटरको नाम : इन्द्र बहादुर हमाल प्रा.फ.नं. : ६६/०७७/०७८ दर्ता मिति : २०७७/०६/११ स्थायी लेखा नं. : ६१३७८९१६३ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश, स्याङ्जा रजिष्टर्ड ठेगाना : स्याङ्जा जिल्ला विरुवा गा.पा. वडा नं. ६

व्यक्तिगत धनजमानीहरुको विवरण	
१. नाम : **छमकला कुवर** बाबुको नाम : पदम बहादुर कुवर पतिको नाम : इन्द्र बहादुर हमाल ससुराको : जोग बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिड न.पा. वडा नं. ८ ना.प्र.नं. : २५ जारी मिति र जिल्ला : २०५४/०३/०७, स्याङ्जा	२. नाम : **इन्द्र बहादुर हमाल** बाबुको नाम : जोग बहादुर हमाल बाजेको नाम : दल बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला चिन्नेवास गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिड न.पा. वडा नं. ८ ना.प्र.नं. : १७१५४ जारी मिति र जिल्ला : २०५०/१२/१९, स्याङ्जा

४. कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीको विवरण
नाम : इन्द्र बहादुर हमाल बाबुको नाम : जोग बहादुर हमाल बाजेको नाम : दल बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला चिन्नेवास गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिड न.पा. वडा नं. ८ ना.प्र.नं. : १७१५४ जारी मिति र जिल्ला : २०५०/१२/१९, स्याङ्जा	१. नाम : छमकला कुवर बाबुको नाम : पदम बहादुर कुवर पतिको नाम : इन्द्र बहादुर हमाल ससुराको : जोग बहादुर हमाल स्थायी ठेगाना : स्याङ्जा जिल्ला जगत भञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ८ ना.प्र.नं. : २५ जारी मिति र जिल्ला : २०५४/०३/०७, स्याङ्जा

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
मिति २०७९/१२/२३ को कारोवार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : उल्लेखित ऋणीहरु फुलबारी पशु तथा भैसींपालन फर्म तथा इन्द्र बहादुर हमालको कर्जा सुरक्षणमा दुष्टी बन्धक रहेको निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (व.मि.)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
इन्द्र बहादुर हमाल	स्याङजा जिल्ला चिन्नेवास गा.वि.स. वडा नं. ६	९८६	५७०.३५	कि.नं. ९८७	कि.नं. १२२३	मिर्दि दुलेगौडा ग्रा.स.	कि.नं. १२२४
		१२२३	२९६.१०	कि.नं. १२२४ र ९८६	कि.नं. १२२२	मिर्दि दुलेगौडा ग्रा.स.	कि.नं. ९९०
		१२२४	९०२.२२	कि.नं. १२२५	कि.नं. ९९०	कि.नं. ९८६	ज्यागदी खोला
		९९०	१६२९.५६	कि.नं. १२२४	कि.नं. ५३७	कि.नं. १२२२ र १२२३	ज्यागदी खोला

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/११/२२ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय बालिङ्ग आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/११/२३ गते बुधबार अर्थात २२ औ दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय बालिङ्गमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

अस्पताल बन्द...

पृष्ठ १ बाट क्रमशः

चौधरी र हेमराज काफ्ले सञ्चालक समितिमा छन्। अस्पताललाई जग्गा दिँदा रौनियार गाविस उपाध्यक्ष थिए।

च्यारिटी अस्पताल दर्ता हुनुअघि नै सरकारी सम्पत्ति अस्पतालका नाममा लगिएको थियो। जिल्ला प्रशासन कार्यालय सुनसरीको विवरणअनुसार लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी हस्पिटल १५ माघ ०५१ मा दर्ता भएको देखिन्छ। तर, ०५० मै जग्गा र निर्माणाधीन भवन अस्पतालको नाममा लगिएको थियो।

सुनसरीको निर्वाचन क्षेत्र नं. २ मा एउटै अस्पताल थिएन। स्वास्थ्य सेवाको अभावमा नागरिकको ज्यान गएको भन्दै इटहरी-विराटनगर राजमार्गछेउमा सरकारी अस्पताल निर्माण प्रक्रिया अघि बढेको थियो। भवन निर्माण भइरहेको थियो। तर, अस्पताल चलाउँदा सरकारलाई आर्थिक दायित्व बढ्ने तर्कका आधारमा सो जग्गा र निर्माणाधीन भवन व्यवसायीलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइयो। तत्कालीन गाविसको बैठकले पहिलोपटक २७ चैत ०४८ मै निर्माणाधीन भवन र जग्गा दिने निर्णय गरेको थियो।

ट्रस्टका अध्यक्ष चौधरीको स्वार्थअनुसार निर्माणाधीन अस्पताल हस्तान्तरण गरिएको देखिन्छ। उनले १४ वैशाख ०४९ मा अस्पतालको परियोजना पेस गरेका थिए। सोही वर्ष ४ चैतमा तत्कालीन दुहबी आदर्श गाविसका अध्यक्ष धर्मनारायण विश्वाससहित उपाध्यक्ष गौरीशंकर रौनियार र नौवटा वडाका वडासदस्यले स्थानीय ७० जनाको रोहवरमा अस्पतालको नाममा जग्गा नामसारी गर्ने निर्णय गरेका थिए। त्यसपछि २४ चैत ०५० मा जग्गा र भवन



मालपोत कार्यालयबाट लुनकरण दास-गंगादेवी चौधरी च्यारिटी अस्पतालको नाममा पूर्ण रूपमा हस्तान्तरण गरिएको थियो। मालपोत कार्यालयको विवरणअनुसार खरिद-बिक्रीकै रूपमा एक लाख रुपैयाँ थैली कायम गरी जग्गा हस्तान्तरण भएको देखिन्छ।

सुनसरीको क्षेत्र नम्बर २ मा एउटा पनि अस्पताल नभएको र व्यवसायी वसन्त चौधरीले निजी स्रोतबाट च्यारिटी अस्पताल चलाउने भनेर प्रस्ताव गरेपछि हस्तान्तरण गरिएको गाविसको निर्णयमा उल्लेख छ। त्यसअघिसम्म गाविसले नै सो जग्गा भोगचलन गर्दै आएको थियो। निर्माणाधीन भवन पूर्ण रूपमा बनाएर अस्पताल चलाइएको थियो। केही समय अस्पताल सञ्चालन भए पनि उद्देश्यअनुसार सेवा प्रवाह हुन नसकेको स्थानीय बताउँछन्।

अस्पताल ६ वर्षदेखि बन्द गरिएको छ। तर, चौधरी समूहले आफ्नो वेबसाइटमा भने सुनसरीका एक लाखभन्दा धेरै जनसंख्यालाई अस्पतालले स्वास्थ्य सेवा दिइरहेको दाबी गरेको छ। महँगो उपचारको बोझ घटाएर स्थानीयलाई अस्पतालले राहत दिएको वेबसाइटमा उल्लेख छ।

अस्पताल अलपत्र पारेपछि दुहबी नगरपालिकाले भवन र जग्गा फिर्ता गर्न चौधरीलाई बारम्बार आग्रह गर्दा पनि अटेर गरेको छन्। मेयर वेदनारायण गच्छदारले अस्पताल बन्द हुँदा सरकारी सम्पत्ति पनि दुरुपयोग भएको बताए। 'च्यारिटी अस्पताल सञ्चालन गर्ने गरी सरकारी सम्पत्ति हस्तान्तरण गरिएको हो, तर ६ वर्षदेखि अस्पताल नै बन्द छ। अस्पताल बन्द हुँदा सरकारी सम्पत्तिको पनि दुरुपयोग भएको छ,' उनले भने, 'त्यहाँ अस्पताल सञ्चालन गर्नुपर्छ, नत्र सरकारी जग्गा फिर्ता गर्नुपर्छ।'

गिरिजाबाट शिलान्यास, दीपेन्द्रबाट उद्घाटन

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले शिलान्यास गरेको सो अस्पताल तत्कालीन युवराज दीपेन्द्र शाहबाट ५ पुस ०५२ मा उद्घाटन भएको थियो। १५ शय्या क्षमताको अस्पतालबाट स्थानीय तहमै स्वास्थ्य सेवा पाउने भएपछि सर्वसाधारण खुसी भए। तर, उद्देश्यअनुसार अस्पताल सञ्चालन हुन सकेन। पछि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सम्झौता गरेर केही समय सञ्चालन गरिएको थियो। तैपनि विविध कारणले अस्पताल चल्न नसकेको ट्रस्टका तत्कालीन सदस्य स्थानीय सुवास अग्रवालले बताए।

'उद्देश्य राम्रो थियो, सुरुवाती अवस्थामा राम्रै सञ्चालनमा पनि आएको थियो,' उनले भने, 'पछि विभिन्न कारणले निरन्तर सञ्चालन हुन सकेन।' बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग दुईपटक मिलेर सञ्चालन गर्दा आन्तरिक किचलोका कारण अस्पताल दिगो रूपमा सञ्चालनमा आउन सकेन। गाविसले बनाउँदै गरेको अस्पताल भवन तथा जग्गा चौधरीले आफ्नो स्वामित्वमा लिनु नै प्रमुख स्वार्थ देखिएको स्थानीयको आरोप छ।

न जग्गा फिर्ता, न त अस्पताल सञ्चालन

दुहबी नगरपालिकाले अस्पताल सञ्चालनका लागि पटक-पटक पहल गरे पनि सफल हुन सकेको छैन। ट्रस्टले आफैँ चलाउन पनि पहल गरेको छैन भने अरूलाई सञ्चालनका लागि पनि दिएको छैन। नगर प्रमुख वेदनारायण गच्छदारले ०७४ देखि नै आफूले अस्पताल सञ्चालनका लागि पहल गर्दै आए पनि सफल नभएको बताए। फोन र भेटमा पटक-पटक सञ्चालनका लागि अनुरोध गरेको बताए। 'पहिलोपटक निर्वाचित भएपछि मैले अस्पताल सञ्चालन हुँदै बन्द हुँदै गरेको थाहा पाएँ,' मेयर गच्छदारले भने, 'अस्पताल हेर्दा बन्द अवस्थामै थियो, सामग्री थिएनन्। कि अस्पताल चलाउनू, नत्र जग्गा र भवन फिर्ता गर्नू भनेर हामीले भनेका छौं।' तर, वसन्त चौधरीले त्यसबारे केही जवाफ नदिएको उनले बताए।

०७६ मा कुरा गर्दा अस्पताल सञ्चालनका लागि ट्रस्टका अध्यक्ष चौधरीले नगरपालिकाबाट पनि सहयोगको अपेक्षा राखेको मेयर गच्छदारले बताए। 'त्यसपछि हामीले तत्कालै अस्पतालको स्तरोन्नति र विकासका लागि २५ लाख विनियोजन पनि गरेका थियौं। छलफलले निरन्तरता पाएको थियो। एउटा छलफलका क्रममा अस्पताल नगरपालिकासँगको समन्वयमा निरन्तर सञ्चालन हुनुपर्ने र त्यसपछि पनि बन्द भयो भने चलअचल सम्पत्ति नगरपालिकाकै हुने सर्त राख्यौं। तर, उहाँहरूले यो सर्त मान्नुभएन,' उनले भने, 'त्यसो भए आफैँ सञ्चालन गर्नू वा कसैलाई सञ्चालन गर्न दिनू वा सरकारी जग्गा सरकारलाई नै फिर्ता गर्नू भन्यौं। नगरलाई जग्गा फिर्ता आयो भने लुनकरण दास-गंगादेवी च्यारिटी हस्पिटलको सट्टा लुनकरण दास-गंगादेवी दुहबी नगर अस्पताल राख्ने र प्रांगणमा लुनकरण र गंगादेवीको प्रतिमा पनि बनाउने प्रस्ताव गरेका थियौं। यो प्रस्ताव पनि मान्नुभएन।'

तत्कालीन गाविस अध्यक्षसहित १२ विरुद्ध अख्तियारमा उजुरी

सरकारी सम्पत्ति दुरुपयोगको विषयमा स्थानीयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत निकायमा उजुरी गरेका छन्। आयोगले निर्णय प्रक्रियामा संलग्न तत्कालीन जिल्ला विकास समिति तथा गाविसका केही पदाधिकारीलाई बयानमा समेत बोलाएको स्रोत बताउँछ। गत १७ साउनमै तत्कालीन गाविस अध्यक्ष धर्मनारायण विश्वास, उपाध्यक्ष गौरीशंकर रौनियार, नौजना वडासदस्य र एक क्षेत्रीय सदस्यविरुद्ध सरकारी जग्गा हिनामिना गरी भ्रष्टाचार गरेको भन्दै उजुरी परेको हो। मालपोत कार्यालयबाट भने यससम्बन्धी फाइल नै हराएकाले जग्गा हस्तान्तरणमा संलग्न कर्मचारीको विवरण खुल्न सकेको छैन।

काठमाडौंको बाँसबारीस्थित सरकारी कम्पनीको जग्गा पनि किर्ते गरी हत्याएको आरोपमा हाल प्रहरीले चौधरी ग्रुपअन्तर्गतको चाँदवाग रेसिडेन्सीमाथि छानबिन गरिरहेको छ। सो कम्पनीका सञ्चालक अरुण चौधरी र सञ्जय ठाकुर तथा तत्कालीन बाँसबारी छाला तथा जुत्ता कारखानाका कार्यकारी अध्यक्ष अजितनारायणसिंह थापालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान अघि बढाएको थियो। पछि अदालतको आदेशअनुसार उनीहरूलाई जमानीमा छाडेर प्रहरीले अनुसन्धान गरिरहेको छ। बाँसबारी छाला तथा जुत्ता कारखानासँग साझेदारी गर्ने भन्दै उनीहरूले १० रोपनी जग्गा ०४३ मा लिएका थिए। सो जग्गामा हाल चाँदवाग स्कुल सञ्चालित छ। जग्गा सरकारको नाममा ल्याउन भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारले प्रक्रिया अघि बढाइसकेको छ। बाँसबारीकै शैलीमा सुनसरीमा पनि सो घरानाले जग्गा लिएर दुरुपयोग गरेको भेटिएको हो।

बहस सकियो...

पृष्ठ १ बाट क्रमशः

खडा गरी-गराई अनधिकृत व्यक्ति तथा संस्थाको नाममा सट्टाभर्ना दिने, सरकारी जग्गाको लगत कट्टा गरी उनाउ गुठीको नाममा कायम गरी अनधिकृत व्यक्तिहरूलाई मोही कायम गराउने, विशिष्ट व्यक्तिहरूको निवासपरिसर फोडी, सार्वजनिक जग्गा मासी, सरकारी सम्पत्तिको दुरुपयोग गरी व्यक्ति विशेषको प्लटिङमा बाटोको पहुँच पुऱ्याउने गलत मनसायले सरकारी लगतमा सरकारी जग्गा मसौट हुने गरी निर्णय गर्नका लागि दूषित प्रस्ताव तयार गर्ने र त्यस्तो प्रस्तावलाई स्वीकृति प्रदान गर्नेसमेतका अनधिकृत कार्यहरू गरे-गराएको देखियो,' अख्तियारको निष्कर्ष छ।

यस क्रममा डिल्लीबजार मालपोत कार्यालय, भूमिसुधार तथा व्यवस्थापन विभाग र गुठी संस्थान तथा मातहतका कार्यालयबाट पटक-पटक निर्णय भई सरकारी जग्गा व्यक्तिका नाममा कायम भएको देखिएको थियो। यसमा संलग्न तत्कालीन मन्त्रीदेखि विभागसमेतका उच्च अधिकारीहरू, अन्य कार्यालयका कर्मचारीहरू, जग्गाधनी, मोहीलगायतलाई समेत गरी एक सय ७५ जनालाई प्रतिवादी बनाइएको छ। यस प्रकरणमा ६० जना कर्मचारी तथा विभिन्न निर्णयमा प्रत्यक्ष संलग्न व्यक्तिहरूलाई र ३२ जना जग्गाधनी तथा मोही भनिएका व्यक्तिहरूलाई प्रतिवादी कायम गरिएको छ। सरकारी जग्गा कमिसनका रूपमा बकस गरिलिने १८ जनालाई पनि विपक्षी कायम गर्दै अख्तियारले मुद्दा चलाएको छ। हाल ललितानिवासको जग्गा आफ्नो नाममा राख्नेहरू ६५ जनालाई जफत प्रयोजनका लागि प्रतिवादी कायम गरिएको अख्तियारद्वारा जारी विज्ञप्तिमा छ।

ललितानिवास हिनामिनासम्बन्धी प्रहरीले दायर गरेको कीर्ते मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ।

नेपाल प्रहरीको असइ भन्दै ठगी गरेको आरोपमा युवती पक्राउ



काठमाडौं/ आफूलाई नेपाल प्रहरीको असइ भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बैतडी पुर्चौडी नगरपालिका- ६ की २४ वर्षीया अमिलाकुमारी साउद छिन्।

प्रहरीका अनुसार उनले दैलेखको नारायण नगरपालिका-११ की २६ वर्षीय अमृता विष्टलाई राष्ट्रिय अनुसन्धान विभागको सिपाही पदमा जागिर मिलाइदिने भन्दै एक लाख ५० हजार रुपैयाँ असुल गरेकी थिइन्।

काठमाडौंको चन्द्रागिरि नगरपालिका- १४ नैकाप बस्दै आएकी साउदले विष्टलाई विश्वास दिलाउन नेपाल प्रहरीको पोसाक देखाएकी थिइन्। सोही क्रममा उनले असइको फुली लगाएको फोटो पनि विष्टलाई देखाएकी थिइन्। उनले आफू सइमा बढुवा सिफारिस भएको भन्दै विष्टलाई विश्वास दिलाएकी थिइन्। रकम लिएपछि भने उनी फरार भएकी थिइन्।

प्रहरीले उनको डेराबाट नेपाल प्रहरीको 'वर्किङ ड्रेस', असइको फुली, अमिलाकुमारी साउद लेखिएको नेम प्लेट, छालाको बुट, छालाको बेल्ट बरामद गरेको छ।

रामग्राम स्तूप क्षेत्र निजी कम्पनीलाई दिने सम्झौता रद्द



काठमाडौं/ लुम्बिनी विकास कोषले कपिलवस्तुको रामग्राम स्तूप क्षेत्र निजी कम्पनीलाई ठेक्कामा दिने यसअघिको सम्झौता रद्द गरेको छ। कोषका अध्यक्ष एवं पर्यटनमन्त्री सुदन किराँतीको अध्यक्षतामा मंगलबार बसेको कार्यकारिणी बैठकले रामग्राम स्तूप क्षेत्रका सम्बन्धमा लुम्बिनी विकास कोष र द प्रमिस्ड ल्यान्डबीच भएका सबै सम्झौता कार्यान्वयन नगर्ने निर्णय गरेको हो।

कोषले शान्तिका अग्रदूत गौतम बुद्धको अस्थिधातु समाधिस्थल नवलपरासीको रामग्राम क्षेत्र उत्खनन एवं बौद्ध स्तूप, गुम्बालगायत संरचनाहरू निर्माण तथा व्यवस्थापनका लागि भन्दै विनाप्रतिस्पर्धा निजी कम्पनी द प्रमिस्ड ल्यान्डलाई ९९ वर्षका लागि दिने सम्झौता गरेको थियो। कोषका उपाध्यक्ष ल्यारक्याल लामाको सक्रियतामा ऐतिहासिक रामग्राम स्तूप क्षेत्र एउटा निजी कम्पनीलाई विनाप्रतिस्पर्धा ठेक्कामा दिने सम्झौता गरेपछि संघीय संसद् प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले चासो देखाएको थियो। २८ माघमा बसेको लेखा समितिको बैठकले रामग्राम स्तूप क्षेत्रमा निजी कम्पनीसँग गरेका सबै सम्झौता र सहमति रोक्न निर्देशन दिएको थियो।

निर्माण व्यवसायी शारदाप्रसाद अधिकारीका छोरा निकेश अधिकारीको कम्पनी द प्रमिस्ड ल्यान्डलाई कोषसँग रहेको जग्गा र थप ११६ बिघा जमिन अधिग्रहण गरी जिम्मा लगाउने सहमति भएको थियो। त्यहाँ विभिन्न देशका स्तूप र गुम्बादेखि पर्यटकीय पूर्वाधारहरू निर्माण गरी सञ्चालन गर्ने योजना थियो। कोषले आफूखुसी द प्रमिस्ड ल्यान्डलाई प्रतिस्पर्धा नै नगराई ९९ वर्षका लागि रामग्राम क्षेत्र सुम्पिन लागेको भन्दै चौतर्फी विरोध भएको थियो।

उकालोमा...

पृष्ठ १ बाट क्रमशः

७० वर्षीय चन्द्र रणपाल र उनकी श्रीमती ६० वर्षीया चुना रणपाल, देवदह नगरपालिका- ५ की २९ वर्षीया दिलमाया जिसीको मृत्यु भएको छ।

डिएसपी श्रेष्ठका अनुसार १३ सिट क्षमताको मुस्ताङ जिपमा २६ यात्रु रहेकाले 'ओभरलोड' भएर दुर्घटनामा परेको आकलन गरिएको छ। 'प्रारम्भिक हिसाबले हेर्दा सिट क्षमताभन्दा बढी यात्रु देखिन्छ। छतमा चामलका बोरा र तेलका पेटी पनि थिए,' उनले भने, 'उद्धारको काम सकिएपछि चालकसँग सोधपुछलगायत अनुसन्धान गर्छौं।'

जिप सडकबाट झन्डै सय मिटर तल छाँगोमा खसेको थियो। मृतक र घाइतेलाई एक्स्काभेटरको सहायताले निकालिएको पाल्पा प्रहरी प्रमुख हेरम्ब शर्मा कट्टेलले बताए।

स्थानीय जीवन घिमिरे पनि तानसेन-तिनाउँ खण्डमा सार्वजनिक सवारीसाधनले सिट संख्याभन्दा धेरै यात्रु बोक्ने गरेको बताउँछन्। 'कोचाकोच यात्रु राख्छन्। कच्ची सडक छ, त्यसमा पनि उकालो बाटोमा जिप नियन्त्रणबाहिर भएर दुर्घटना हुने गरेका छन्,' उनले भने। उकालो कच्ची बाटोको स्तरोन्नतिको काम भइरहेको छ।

रुबिनाले...

पृष्ठ १ बाट क्रमशः

लागि भएको एक सय ६६ रनको साझेदारीले पनि एक रेकर्ड बनाएको छ।

रुबिनाले नेपालका लागि अन्तर्राष्ट्रिय टी-२० खेलको एकै खेलमा सर्वाधिक चौका र छक्का प्रहार गर्ने रेकर्ड आफ्नो नाममा राखेकी छिन्। उनले माल्दिभ्सविरुद्ध शतक बनाउन १० चौका र ५ छक्का प्रहार गरिन्। यसअघि सीता रानामगरले कतारविरुद्ध २०२१ मा सात चौका र तान्जानियाविरुद्ध २०२३ मा ४ छक्का प्रहार गरेकी थिइन्।

पूर्वकप्तान रुबिनाले सन् २००८ देखि नेपाली राष्ट्रिय टोलीबाट निरन्तर रूपमा क्रिकेट खेलिरहेकी छिन्। करिअरमा उतारचढाव सामना गरेकी उनले पहिलो अन्तर्राष्ट्रिय शतकीय इनिङ्स खेल्न १५ वर्ष प्रतीक्षा गरेकी छिन्।

मंगलबार मलेसियामा माल्दिभ्सविरुद्धको शतकीय प्रदर्शन उनको जीवनकै सर्वोत्कृष्ट इनिङ्स हो। उनले सन् २००९ मा नेपालको सिनियर टोलीबाट अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेकी थिइन्।

अन्तर्राष्ट्रिय खेल खेल्न सुरु गरेको तीन वर्षभित्र उनले राष्ट्रिय टोलीको कप्तानी सम्हाल्ने अवसर पाइन्। यसै वर्ष मात्र नेपाल क्रिकेट संघ (क्यान) ले इन्दु बर्मालाई कप्तानी जिम्मेवारी दिएको थियो। रुबिनाले लगभग एक दशक नेपालको क्रिकेट कप्तानी गर्न सफल भइन्। अहिलेको नेपालको टोलीमा रुबिना र सीता रानामगर मात्र सिनियर खेलाडी हुन्। यी दुईबाहेक अन्य सबै खेलाडी युवा हुन्।

सन् २००९ मा आयोजित एसिसी महिला टी-२० क्रिकेटमा रुबिनाले एकै ओभरमा ५ विकेटको दुर्लभ रेकर्ड बनाइन्। नेपालले आइसिसी टी-२० अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेपछि उनले चीनविरुद्ध डेब्युको अवसर प्राप्त गर्न सफल भइन्। उनले ५३ अन्तर्राष्ट्रिय टी-२० मा ३९ विकेट लिएकी छिन्। उनले ४५ इनिङ्समा सात सय ७१ रन बनाएकी छिन्।

यसअघि कतारविरुद्ध सिरिजमा सीता रानामगरले नेपालका लागि सर्वाधिक ८२ रनको व्यक्तिगत योगफल बनाएकी थिइन्। माल्दिभ्सविरुद्धको खेलअघि रुबिनाले आफ्नो करिअरमा सर्वाधिक व्यक्तिगत ५० रन कतारविरुद्ध नै बनाएकी थिइन्।

टी-२० मा नेपालको सबैभन्दा ठूलो योगफल

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले मंगलबार एसिसी प्रिमियर कपअन्तर्गत समूह चरणमा माल्दिभ्समाथि कीर्तिमानी नै कीर्तिमान राखेको छ। नेपालको महिला टोलीले अन्तर्राष्ट्रिय टी-२० फर्म्याट बनाएको यो सर्वाधिक ठूलो योगफल हो।

सन् २०२१ मा नेपालले कतारविरुद्ध एक सय ६४ रन बनाएको थियो। सोही खेलमा नेपालले कतारविरुद्ध एक सय १९ रनको जित अन्तर निकालेको थियो। रुबिना र पूजाले इन्दु बर्मा र सीता रानामगरको नाममा ८८ रनको साझेदारी तोड्न सफल भएका छन्। यी दुई खेलाडीबीचको साझेदारी अन्तर्राष्ट्रिय टी-२० फर्म्याटमा विश्व महिला क्रिकेटकै सर्वाधिक पनि हो।

यसअघि अस्ट्रेलियाका ग्रेसी हारिस र आस्लिघ गार्डनरले भारतविरुद्ध सन् २०२२ मा पाँचौं विकेटका लागि एक सय २९ रनको साझेदारी गरेका थिए। सन् २०१९ मा १३औं दक्षिण एसियाली खेलकुदमा माल्दिभ्सलाई ८ रनमा समेटिएको थियो।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/११/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८०/११/१६ गते/स्थान : शाखा कार्यालय पर्सा, चितवन — २०८०/११/१८ गते, शुक्रबार दिनको १ बजे

क्र.स.	ऋणीको नाम, ठेगाना	ऋणीको तथा जमानतकर्ता
१.	**नाम : श्री लक्ष्मी पोल्ट्री फर्म** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवन प्रा.फ.र.नं. २५०/०७१/०७२, दर्ता मिति : २०७१/०६/३० पान नं. ६०५२०१०४४, दर्ता मिति : २०७३/०७/०१ ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ४ **प्रोप्राइटर : सागर रावल**	**नाम : सागर रावल** ना.प्र.नं. ८१५७/०६२, जि.प्र.का. चितवन जारी मिति : २०६२/०४/१८ बाबुको नाम : तेज बहादुर रावल बाजेको नाम : दिल बहादुर रावल ठेगाना : चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ३
	जमानतकर्ता **नाम : पुजा अधिकारी रावल** ना.प्र.नं. ३५-०१-७२-०४८०९, जि.प्र.का. चितवन, जारी मिति : २०७२/०४/२८ पतिको नाम : सागर रावल, ससुराको नाम : तेज बहादुर रावल ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २	
	धितोको विवरण सागर रावलको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, साविक चैनपुर वडा नं. ३ हाल खैरहनी न.पा. वडा नं. ४ स्थित किता नं. ९२० को क्षेत्रफल ०-४-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : पर्सा, चितवन, फोन नं. ०५६-५८३३७४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

Gandaki Provincial Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate

Infrastructure Development Office
Nawalaparasi (Bardaghat Susta East)

Invitation for Bids

Date of publication : 2080-11-02

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding Single Stage Two Envelope procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

S. N.	Name of Project	Contract ID	Cost of Bid Document (NRs)	Bid Security (NRs)
1	Upgrading of Pachaha to Chautari Road, Devchuli 17	IDO-NAW(BSE)-W-NCB-UG-03-2080/81	5000	730,000
2	Upgrading of Durgebaireni Mohdanda Hupsekot to Palpa, Nawalpur	IDO-NAW(BSE)-W-NCB-UG-04-2080/81	5000	1,210,000
3	Upgradaing of Kawasoti-4 Hasaura Chilahako Shivalaya Mandir chowk to Hasaura Khola Pakki Pul Hupsekot-01 Jukepani connecting road, Kawasoti-04, Hupsekot-01	IDO-NAW(BSE)-W-NCB-UG-05-2080/81	5000	1,210,000
4	Upgrading of Chatisha to Satikot Connecting Road, Bulingtar-01	IDO-NAW(BSE)-W-NCB-UG-06-2080/81	5000	730,000
5	Upgrading of Bharatipur Udayapur Dhansi Road, Bulingtar-06	IDO-NAW(BSE)-W-NCB-UG-07-2080/81	5000	1,210,000
6	Upgrading of Chapabhanjyang to Madhukot Vyagan Road, Baudhikali Ga.Pa	IDO-NAW(BSE)-W-NCB-UG-08-2080/81	5000	730,000
7	Upgrading of Binayi Triveni Dhurkot Deurali Okhari Gauda Palpa Road, Binayi Triveni-05	IDO-NAW(BSE)-W-NCB-UG-09-2080/81	5000	1,210,000

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Rastriya Banijya Bank Ltd.
Name of Office : Infrastructure Development Office, Kawasoti, Nawalparasi (Bardaghat Susta East)
Office Code no. : 3370146014
Office Account no(Rajaswa). : 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229
Last Date of Bid Submission : 2080-12-02(15th March, 2024)

बुधबार २ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एसिसी महिला प्रिमियर कप २०२४

माल्दिभ्सविरुद्ध २१४ रनको जितसँगै नेपाल क्वार्टरफाइनलमा

नयाँ पत्रिका

मलेसियामा चलिरहेको एसिसी महिला प्रिमियर कप २०२४ मा नेपालले मंगलबार माल्दिभ्सविरुद्ध दुई सय १४ रनको फराकिलोअन्तरले जित निकालेको छ। जितसँगै नेपाल समूह 'डी'को विजेता हुँदै क्वार्टरफाइनलमा पुगेको छ। नेपालको महिला क्रिकेटमा अहिलेसम्म विपक्षीलाई विशाल अन्तरले हराएको यो नै पहिलोपटक हो। पहिलो ब्याटिङ गरेको नेपालले पूर्वकप्तान रुबिना क्षेत्रीको शतकीय इनिङ्सको सहयोगमा २० ओभरमा चार विकेटको क्षतिमा दुई सय २७ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा माल्दिभ्सले नेपालको बलिङ सामना गर्न नसक्दा केवल १३.५ ओभरमै १३ रनमै समेटियो। नेपालले सन् २०१९ मा १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगितामा मादिल्भ्सलाई आठ रनमा रोकेको थियो।


रुबिनाले नेपालका महिला क्रिकेट इतिहासमा पहिलो शतक बनाउने क्रममा एक सय १८ रनको योगफल बनाइन्। खेलमा उनी नै म्यान अफ दी म्याच भइन्। नेपालले यसअघि भुटान र हङकङलाई समान आठ विकेटले हराएको थियो। नेपाल समूह 'डी' बाट तीन खेलमा ६ अंकका साथ शीर्ष स्थानमा रह्यो। नेपालले समूह 'ए'को उपविजेता कुवेतसँग खेल्नेछ। हङकङ तीन खेलमा चार अंकका साथ दोस्रो स्थानमा रहँदै अन्तिम आठमा पुगेको छ। फाइनलमा पुग्ने दुई टोलीले यस वर्ष हुने महिला टी-२० एसिया कप खेल्ने छन्। समूह 'ए' मा थाइल्यान्ड दुई खेलमा चार अंकका साथ शीर्षस्थानमा छ। कुवेत तीन खेलमा चार अंकका साथ दोस्रो स्थानमा छ।

रुबिना र पूजाबीच उत्कृष्ट साझेदारी

कप्तान इन्दु बर्माको नेतृत्वमा रहेको नेपालले पहिलो ब्याटिङ गर्दा गतिलो सुरुवात भएन। यद्यपि, २.२ ओभरमै नेपालले स्कोर बोर्डमा ३३ रनको योगफल बनाइसकेको थियो। नेपालले एक बलको अन्तरमा दुई विकेट गुमाएको थियो। इनिङ्सको २.२ ओभरमा ओपनर कविता कुँवर र २.३ ओभरमा कप्तान इन्दुको विकेट नेपालले गुमायो। ४.६ ओभरमा अनुभवी खेलाडी सीता रानामगरको विकेट जाँदा नेपाल ४८-३ को अवस्थामा रह्यो। नेपालले चौथो विकेट ६.२ रनमा गुमाएको थियो। त्यसपछि रुबिना र पूजा महातोबीच उत्कृष्ट साझेदारी भयो।



छिटो विकेट गुमायौँ



इन्दु बर्मा, कप्तान, नेपाल

रुबिना र पूजाले १० ओभरसम्म सम्हालिएर खेलेका थिए। त्यसपछि उनीहरूले सर्ट खेल्न थाले। हामीले केही छिटो विकेट गुमायौँ। हामी १० ओभरसम्म टिकेर खेल्नुपर्ने थियो। आज रुबिना र पूजाले निकै राम्रो खेले।

विकेट निकै राम्रो थियो



रुबिना क्षेत्री, नेपाल

यहाँको विकेट निकै राम्रो थियो। यस किसिमको विकेटमा टिकेर खेल्दा कीर्तिमान बनेको हो। यो मेरो अवार्ड म मेरो देश, नेपाली महिला क्रिकेटलाई माया गर्ने समर्थक र मेरो परिवारलाई समर्पण गर्न चाहन्छु।

यी दुवै ब्याट्सम्यानले माल्दिभ्सका कुनै पनि बलर आफूमाथि हाबी हुन दिएनन्। रुबिना र पूजाले बिस्तारै इनिङ्स अगाडि बढाउँदै नेपालको स्कोरलाई उकासे। दुवैले पाँचौँ विकेटका लागि एक सय ६६ रनको कीर्तिमानी साझेदारी गर्न सफल भइन्। अन्तिम सम्म नटआउट रहेकी रुबिनाले दुई सय स्ट्राइक र पूजाले एक सय ६३ को स्ट्राइकमा ब्याटिङ गरेकी थिइन्। पूजाले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गरेकी थिइन्। यसअघि ओपनर कविताले १० बलमा १३ रन बनाउन दुई चौका प्रहार गरेकी थिइन्। सीता रानामगरले ११ बलमा दुई चौकाकै सहयोगमा १५ रन जोडिन्। नेपाले १६ अतिरिक्त रन पाएको थियो।

माल्दिभ्सको ब्याटिङमा सामना अलीले चार ओभरमा ४४ रन खर्चेर सर्वाधिक तीन विकेट हात पारिन्। यसैगरी, नबा नसिमले चार ओभरमा ४५ रन दिँदै एक विकेट लिइन्। माल्दिभ्सको बलिङमा हालिमाथ लैसाले तीन ओभरमा ३१ रन खर्चेकी थिइन्। नेपालको ब्याटिङमा पहिलो विकेटका लागि १५ बलमा ३३ रन र तेस्रो विकेटका लाग १५ बलमा १५ रनको साझेदारी भएका थिए। रुबिना र पूजाले पाँचौँ विकेटका लागि ८२ बलमा एक सय ६६ रनको साझेदारी गरे। यसक्रममा पूजाले ५९ रन तथा रुबिनाले ४६ बलमा सय रनको योगदान दिएका थिए।

माल्दिभ्स १३ रनमै समेटियो

दुई सय २८ रनको विशाल लक्ष्य पछ्याएको माल्दिभ्सले इनिङ्सको कुनै पनि समयमा नेपाललाई चुनौती दिन सकेन। माल्दिभ्सले निरन्तर रूपमा विकेट गुमाउँदा नेपालले कीर्तिमान जित निकाल्यो। इनिङ्सको १.६ ओभरमा ओपनर मारियन लिनले विकेट गुमाइन्। त्यसपछि ३.२ ओभरमा फाथिमाथ मालहा आउट भइन्। सो इनिङ्समा पाँचौँ विकेटका लागि सर्वाधिक ६ रनको साझेदारी भएको थियो। नेपालको कसिलो बलिङमा कविता कुँवरले तीन ओभरमा दुई रन मात्र दिएकी थिइन्।

अस्मिना कर्माचार्यले नेपालको फराकिलो जितमा विशेष योगदान दिइन्। उनले चार ओभरमा सात रन खर्चेर सर्वाधिक चार विकेट लिइन्। पूर्वकप्तान रुबिनाले ३.५ ओभरमा दुई रन खर्चेर तीन विकेट आफ्नो नाममा लिइन्। माल्दिभ्सको कमजोर ब्याटिङमा कप्तान सुमाया अहमेदले सर्वाधिक पाँच रन बनाइन्।

खेल संक्षेप

फाइनलमा एन्जल्स हार्ट

काठमाडौं/ किङडम हिमालयन र एन्जल्स हार्ट प्रथम सेब अन्तरविद्यालय जुनियर पुरुष बास्केटबल प्रतियोगितामा मंगलबार फाइनलमा प्रवेश गरेका छन्। पहिलो प्रतिस्पर्धात्मक सेमिफाइनलमा किङडमले ग्रिनफिल्डलाई ४७-४४ ले पराजित गऱ्यो। किङडमका जिग्मे लामाले १४ स्कोरको योगदान गरे। सामाखुशीस्थित आयोजक सेबको कोर्टमा भएको अर्को सेमिफाइनलमा एन्जल्स हार्टले स्किब्सलाई ३८-२१ ले हरायो। एन्जल्स हार्टका रुपेश पौडेलले १४ स्कोर गरे। फाइनल बुधबार हुनेछ।

एपिएफ क्वार्टरफाइनलमा

नवलपरासी/ गैँडा संरक्षणका लागि सचेतना फैलाउने उद्देश्यले नवलपुरको कोलहुवामा आयोजना गरिएको छैटौँ संस्करण राइनो संरक्षण गोल्डकपमा मंगलबार एपिएफ क्लब काठमाडौँ विजयी भएको छ। एपिएफले बागमतीलाई १-० ले हराउँदै अन्तिम आठमा पुगेको हो। प्रतियोगिताको क्वार्टरफाइनल खेल बुधबारदेखि सुरु हुनेछ। पहिलो क्वार्टरफाइनलमा त्रिभुवन आर्मी क्लबले सेन्टर कलेज फोरको सामना गर्नेछ। प्रतियोगितामा १२ टोली सहभागी छन्। विजेताले आठ लाख र उपविजेताले चार लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको फाइनल ९ फागुनमा हुनेछ।

दुवै खेल बराबरीमा सकियो

काठमाडौं/ मध्यपुरथिमि नगरपालिका वडा लिग फुटबल प्रतियोगितामो मंगलवार भएका दुईवटै खेल बराबरीमा सकिएका छन्। सानोथिमिस्थित मैदानमा भएको पहिलो खेलमा वडा १ र वडा ३ ले गोलरहित बराबरीमा खेले। दोस्रो खेलमा वडा २ र वडा ८ ले १-१ को बराबरी नतिजा निकाले। प्रतिस्पर्धात्मक बनेको पहिलो खेलमा वडा १ का केही अवसरमा वडा ३ का गोलरक्षकले उत्कृष्ट बचाउन गरेका थिए। दोस्रो खेलमा वडा २ ले खेलको अन्तिम मिनेटमा गोल गर्दै खेल बराबरीमा पुऱ्याएको हो। खेलमा सातौँ मिनेटमा वडा ८ ले अग्रता लिएको थियो। खेलको ९० औँ मिनेटमा वडा २ का उत्सव प्रधानले बराबरी गोल गरे। उत्सवले उत्कृष्ट फ्रिकिकमा गोल गरेका हुन्।

किङडम बास्केटबल आजदेखि

काठमाडौं/ किङडम हिमालयन बोर्डिङ स्कुलको आयोजनामा प्रथम किङडम हिमालयन अन्तरविद्यालय बास्केटबल प्रतियोगिता बुधबार (आज)देखि हुने भएको छ। प्रतियोगितामा तीन विधामा ३२ टिमको सहभागिता रहने मंगलबार आयोजित पत्रकार सम्मेलनमा किङडम हिमालयनका प्रिन्सिपल छेवाङ लामा शेर्पाले जानकारी गराए। सिनियर पुरुषमा र महिलामा समान आठ टोलीको सहभागिता रहने शेर्पाले बताए। जुनियर पुरुषमा १६ टोली सहभागी हुनेछन्। सिनियर पुरुष र महिलामा दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ। समूह विजेता र उपविजेता सेमिफाइनलमा प्रवेश गर्नेछन्। जुनियर पुरुषमा ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गराइनेछ। प्रत्येक समूहको शीर्ष दुई टोली क्वाटरफाइनलमा पुग्नेछन्।

सोलुखुम्बुका अर्जुन च्याम्पियन

रुकुम पश्चिम/ जनयुद्ध दिवसको अवसरमा मंगलबार आयोजना भएको छैटौँ राष्ट्रिय मौराखारा अल्ट्रा गुरिल्ला म्याराथनमा पुरुषतर्फ सोलुखुम्बुका अर्जुन राई कुलुङ र महिलामा जुम्लाकी राज्यलक्ष्मी रावतले उपाधि जितेकी छिन्। अर्जुनले उपाधि हात पार्न चार घन्टा ४० मिनेटमा निर्धारित दूरी ४८ किलोमिटर दूरी पार गरेका थिए। महिलातर्फ तीन घन्टा १२ मिनेटका साथ राज्यलक्ष्मीले ३४ किलोमिटर दौड पूरा गरेकी थिइन्। पुरुषका विजेताले एक लाख, उपविजेताले ७५ हजार र तेस्रो स्थानमा रहेका खेलाडीले ४५ हजार रुपैयाँ प्राप्त गरेका छन्। पुरुषतर्फ चार घन्टा ५९ मिनेटका साथ रुकुम पूर्वका शक्तिराम रोका दोस्रो भए। पाँच घन्टा एक मिनेट समयमा दूरी पूरा गरेका रुकुम पश्चिमका भुवन ओली तेस्रो भएका छन्। यसैगरी, महिलातर्फ तीन घन्टा १७ मिनेटमा निर्धारित दूरी पार गरेकी रुकुम पश्चिमकी सुशीला पुन दोस्रो भइन्।

१२औँ बाक्सिला गोल्डकप आजदेखि

खोटाङमा **केदार लाफा**

१२औँ बाक्सिला गोल्डकप फुटबल प्रतियोगिता आजदेखि हुने भएको छ। प्रतियोगिताको पहिलो खेलमा नेर्पा स्पोर्टस् क्लब नेर्पा र बाहुनीडाँडा फुटबल क्लबबीच खेल हुनेछ। मोफसलमा फुटबलको व्यावसायिक विकासका लागि १९ वर्षअघि सुरु गरिएको बाक्सिला गोल्डकपको १२औँ संस्करण पृथ्वी माबि बाक्सिलाको खेलमैदानमा सञ्चालन गरिने आयोजकले जनाएको छ।

विजेताले दुई लाख ५५ हजार र उपविजेताले एक लाख २८ हजार रुपैयाँ प्राप्त गर्ने क्लबका अध्यक्ष शिवकुमार राईले जानकारी दिए। सेमिफाइनलिस्टले जनही ६० हजार प्राप्त गर्नेछन्। यसैगरी, प्रतियोगितामा प्लेयर अफ द टुर्नामेन्ट र हाई स्कोररले समान सात हजार रुपैयाँ हात पार्नेछन्। उत्कृष्ट डिफेन्डर र मिडफिल्डरले जनही पाँच हजार पाउनेछन्। उत्कृष्ट स्ट्राइकर र उत्कृष्ट गोलरक्षकले जनही पाँच हजार रुपैयाँ जित्नेछन्।

प्रतियोगिता नकआउट आधारमा हुनेछ। प्रतियोगिताको पहिलो खेलमा पराजित हुने टोलीले सेवासुविधाबापत ३० हजार र दोस्रो खेलबाट बाहिरिनेले ६० हजार पाउने क्लबका सचिव पवन श्रेष्ठले जानकारी दिए। आयोजकले जिल्लामा व्यावसायिक रूपमा फुटबल खेलिरहेका खेलाडीलाई प्राथमिकतामा राखेर आसन्न गोल्डकपको तयारी गरेको छ। यसपटक जिल्लाबाहिरका खेलाडी राख्न चाहने टोलीले बढीमा चारजना खेलाडी भित्र्याउन पाउनेछन्। ०६१ मा स्थापना गरिएको बाक्सिला फुटबल क्लबले जिल्लामा फुटबल खेलको व्यावसायिक विकास तथा फुटबल खेलाडीको प्रोत्साहन र प्रवर्द्धनका लागि स्थापनाकै वर्षदेखि नै गोल्डकप सञ्चालन गर्दै आएको छ।

मधेश र सुदूरपश्चिमको जित

कास्की/ मधेश र सुदूरपश्चिमले पोखरामा चलिरहेको मनमोहन मेमोरियल यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगितामा मंगलबार जित निकालेका छन्। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा मधेशले लुम्बिनीलाई १२ रनले हरायो। टस जितेर ब्याटिङ रोजेको मधेशले २५ ओभरमा सबै विकेट गुमाएर एक सय २८ रनको योगफल बनायो। प्रत्युत्तरमा लुम्बिनी २३.३ ओभरमा एक सय १६ रनमा समेटियो। मधेशका लागि परिमर्जन यादवले ४० बलमा तीन चौकाको सहयोगमा २८ रन बनाए।

असिम अली मनसुरीले २३ रन, जेनिस मुखियाले १६ रन र चन्दन रामले १२ रन बटुले। लुम्बिनीका लागि ऋषभ बेलबासेले २१ बलमा एक चौका र दुई छक्काको सहयोगमा २४ रन बटुले। दिनको दोस्रो खेलमा सुदूरपश्चिमले आयोजक मनमोहन मेमोरियललाई सात विकेटले पराजित गऱ्यो। टस जितेर ब्याटिङ गरेको मनमोहनले २२.४ ओभरमा सबै विकेटको क्षतिमा ६९ रनको योगफल खडा गऱ्यो। झिनो लक्ष्य पछ्याएको सुदूरपश्चिमले ९.१ ओभरमा तीन विकेट गुमाएर ७२ रन जोड्यो। मनमोहनका लागि धीरज देउजाले १७ बलमा तीन चौकासहित सर्वाधिक १७ रन जोडेका थिए।

बागमती गोल्डकप

मच्छिन्द्रको फराकिलो जित



मकवानपुरमा **पोष्टराज अधिकारी**

सहिद स्माकर 'ए' डिभिजन टोली मच्छिन्द्र क्लबले बागमती गोल्डकप फुटबल प्रतियोगितामा मंगलबार उद्घाटन खेलमा सर्लाहीको बागमती युथ क्लबमाथि ५-२ को फराकिलो जित निकालेको छ। मच्छिन्द्रका लागि हिसुब थपलिया, अभिषेक गुरुङ, क्रिस्टोफर चिजोवा, सौरभ लिम्बू र विमल घर्तीमगरले गोल गरेका थिए। बागमतीका लागि सुजन चौधरी र सुजन गौतमले गोल फर्काए। हिसुबले पहिलो मिनेटमै मच्छिन्द्रलाई १-० अग्रता दिलाए। उनले विमलको पासमा गोल गरे। खेलको ४३औँ मिनेटमा अभिषेकले मच्छिन्द्रलाई २-० को अग्रता दिलाए।

पहिलो हाफमा मच्छिन्द्रले दुई गोलको अग्रता लिएको थियो। मध्यान्तरपछि खेल प्रतिस्पर्धात्मक बन्यो। दोस्रो हाफमा समग्रमा पाँच गोल भएका थिए। मच्छिन्द्रका क्रिस्टोफरले ५६औँ मिनेटमा ३-० का लागि गोल गरे। खेलको ७९औँ मिनेटमा सौरभ लिम्बूले मच्छिन्द्रलाई ४-० को स्थितिमा राखे।

बागमतीले दुई मिनेटको अन्तरमा दुई गोल गर्दै खेलमा फर्कने प्रयास गरेको थियो। बागमतीका सुजन चौधरीले ८१औँ मिनेटमा गोल गरी टोलीलाई ४-१ को गोलअन्तरमा झारे। ८३औँ मिनेटमा सुजन गौतमले खेललाई ४-२ को अवस्थामा ल्याए। यसअघि बागमती प्रदेश सभाका सदस्य प्रेम बहादुर पुलामीले प्रतियोगिताको उद्घाटन गरेका थिए।

बुधबार आयोजक बागमती खेलकुद विकास समिति र हिमालयन शेर्पाबीच बुधबार प्रतिस्पर्धा हुनेछ। हिमालयन शेर्पा तेस्रो संस्करणको उपविजेतासमेत हो। प्रतियोगितामा १० टोलीको सहभागिता छ। विजेता टोलीले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक लाख र विधागत उत्कृष्ट खेलाडीले समान २५ हजार प्राप्त गर्नेछन्।



Invitation for Sealed Quotation

Sukraraj Tropical and Infectious Disease Hospital, Teku

Teku, Kathmandu

Invitation for Sealed Quotation for the procurement of Radiology goods
Sealed Quotation No: STIDH/SQ/G/02-2080/081

Date of second Publication : 14-02-2024

1. The Sukraraj Tropical and Infectious Disease Hospital, Teku invites sealed quotations from registered Suppliers for the Radiology goods .
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Teku, Kathmandu , 0t-4253395, , basaulayuba@gmail.com.
   OR
   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Sukraraj Tropical and Infectious Disease Hospital, Teku Kathmandu and the office Sukraraj Tropical and Infectious Disease Hospital, Teku, Kathmandu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.0 till 29-02-2024 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account

   i. **Name of the Bank** : Rastriya Banijya Bank Ltd.
   ii. **Name of Office** : Sukraraj Tropical and Infectious Disease Hospital,Teku
   iii. **Office Code no** : 370013506
   iv. **Office Account No** :1000100200010000
   v. **Rajaswa (revenue) Shirshak No** :14229

5. Sealed bids must be submitted to the office Sukraraj Tropical and Infectious Disease Hospital, Teku Kathmandu by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 29-02-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29-02-2024 14:00 at the office of Sukraraj Tropical and Infectious Disease Hospital, Teku, Kathmandu Bagmati Province Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 50000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[1000100200010000] at [Rastriya Banijya Bank Ltd. , Tripureshwor, Kathmandu, Bagmati Province, Kathmandu] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com